२७४

# भक्तपुर मासिक

Bhaktapur Monthly
असोज २०७६

ISSN 2705-4454
9 772705 445004



## छ देशका मेयरसहितको टोली भक्तपुरको अवलोकनमा

- संरा अमेरिकी साम्राज्यवाद ऱ्हासोन्मुख पूँजीवादी देश
- इन्डो-प्यासिफिक रणनीतिको विरोधमा नेमकिपा
- समाजमा आमुल परिवर्तन गर्न नेमकिपा सङ्घर्षरत
- भक्तपुर नपाका गतिविधिहरू

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशनको समुद्घाटन समारोहको मञ्च र (इन्सेट) समुद्घाटन गर्नुहुँदै नेमकिपा अध्यक्ष का. रोहित

(२०७६ असोज ३ गते)



# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

भक्तपुर BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३६ ☆ अङ्क १२ ☆ ने.सं. ११३९ ☆ वि.सं. २०७६ असोज ☆ A.D.2019

कार्यालय:भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## एउटा तस्बिर

xg/lPDa[h cf]8lkmN8n]; g\! *%# df agfPsf] eQmk'/ nfos'sf]kml ; b]uM ;lxtsf]rq



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

# ‘आत्महत्या कायरता हो ।’– स्टालिन

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) विदेशमुखी अर्थतन्त्रकै कारण देशको सबै क्षेत्र दुर्दान्त अवस्थामा | – | ३ |
| २) संरा अमेरिकी साम्राज्यवाद ऱ्हासोन्मुख पूँजीवादी देश | – | ५ |
| ३) इन्डो–प्यासिफिक रणनीतिको विरोधमा नेमकिपा | – | १० |
| ४) समाजमा आमूल परिवर्तन गर्न नेमकिपा सङ्घर्षरत | – | १२ |
| ५) नेमकिपाको अध्यक्षमा का.रोहित सर्वसम्मतिले निर्वाचित | – | १४ |
| ६) समाजवाद र साम्यवादी व्यवस्थाका विशेषताबारे प्राज्ञिक छलफल गर्नुपर्ने | – | १७ |
| ७) पूँजीवादी व्यवस्थामा नेमकिपा प्रखर प्रतिपक्ष हुने | – | २१ |
| ८) केन्द्रीय पदाधिकारीहरूलाई बधाई | – | २१ |
| ९) नेमकिपा देश र जनतामा समर्पित सिद्धान्त निष्ठ पार्टी | – | २२ |
| १०) जनताको सम्पत्तिमाथिको अतिक्रमणलाई नपाले नियमन गर्छ | – | २३ |
| ११) भक्तपुर नगरपालिकामा धनकुटा नगरपालिकाका उपप्रमुख | – | २४ |
| १२) भ्रष्टाचारीहरू जनताका शत्रु | – | २५ |
| १३) भनपा द्वारा १०८ रोपनी जग्गाको नियमसंगत संरक्षण | – | २६ |
| १४) विश्व पर्यटन दिवसको अवसरमा भक्तपुरमा पर्यटकहरूलाई स्वागत | – | २७ |
| १५) भक्तपुरलाई उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्य | – | २८ |
| १६) नेपाल क्रान्तिकारी डकर्मी संघको तेस्रो भक्तपुर जिल्ला सम्मेलनको उद्घाटन | – | २९ |
| १७) भक्तपुर नपा स्थानीय सरकार सञ्चालनमा सबै खालको समस्या समाधान ... | – | ३० |
| १८) जनतालाई दुःख दिने सरकार कम्युनिष्ट सरकार हुनैसक्दैन | – | ३० |
| १९) छ देशका नगर प्रमुखसहितको टोली भक्तपुरमा | – | ३१ |
| २०) होटेल एसोसियसन भक्तपुरको पहिलो वार्षिक साधारणसभा सम्पन्न | – | ३३ |
| २१) जेंलास्थित जेंला पोखरीको पुनःनिर्माण सम्पन्न | – | ३५ |
| २२) ‘सक्कली कम्युनिस्टलाई बदनाम गर्न नेकपाजस्ता नक्कली कम्युनिस्टहरू सक्रिय’ | – | ३६ |
| २३) चिनियाँ विदेशमन्त्री वाङ यीबाट भक्तपुर दरबार क्षेत्रको अवलोकन | – | ३८ |
| २४) प्रधानमन्त्री कार्यालयमा डेंगु रोगसम्बन्धी बैठक | – | ३९ |
| २५) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ४६ |
| २६) चङ्गाको इतिहास | ओम धौभडेल | ५८ |
| २७) शास्त्रीय एवं सांस्कृतिक पर्व दशैं | डा.विरेन्द्रप्रसाद कायस्थ | ६० |
| २८) इतिहासको गर्भभित्र लुकेर रहेको एउटा राज्यः सिम्रौनगढ | डा. बलराम कायस्थ | ६२ |
| २९) पुनर्निर्मित सिद्धिलक्ष्मी | गौरीबहादुर कार्की | ६९ |
| ३०) ख्वप इन्जिनियरिङः एक अब्बल अभ्यास, छुँदैन बन्द हड्तालले | – | ७१ |
| ३१) जनस्वास्थ्य केन्द्रप्रति जनताको अपनत्वका कारण सेवाग्राही बढेको छ | डा.रत्नसुन्दर लासिवा | ७५ |
| ३२) राजधानीका सम्पदा हेर्दा विदेशी मेयर भए मोहित, भने–यहाँ आउन पाउँदा ... | – | ७७ |
| ३३) SKETCHES FROM NIPAL (41) | Henry Ambrose Oldfield | ७९ |
| ३४) भक्तपुर नपाले गर्न नहुने काम के गऱ्यो ? (सम्पादकको पृष्ठ) | – | ८४ |


## साथमा


अभिभावक भेला तथा शुभकामना कार्यक्रम–१८/वडा नं. ७ मा कौसी खेती तालिमको प्रमाणपत्र वितरण –१९/तःमुँज्या स्थल नःपुखु परिसर सरसफाइ सम्पन्न–२०/चण्डेश्वरी धिमे पुचःको कदरपत्र वितरण–२४/सहकारी संस्थाले सम्पदा संरक्षणमा योगदान दिनुपर्ने–२५/बाल दिवसमा जनप्रतिनिधिसँग बालबालिका अन्तर्क्रिया–३१/नगरका सबै वडाहरूमा शिशु स्याहार सञ्चालन गर्ने तयारी–३२/ख्वप बहुप्राविधिक संस्थानमा अभिमुखीकरण कार्यक्रम सम्पन्न–३३/कौसी खेती तालिमको उद्घाटन–३९/भक्तपुर नपा वडा नं. २ का फल्चा उद्घाटन–४०/रंगीन पृष्ठ–४१ देखि ४४/ लेखापढी, घरजग्गा कारोबार व्यवसायहरूमा अनुगमन–४५/अधिकाशं राँगोको मासु पसल सुधार गर्नुपर्ने–४५/बसिबियाँलो–६१/काठमाडौंका मेयर शाक्यसहितको टोली विदेशी पाहुना लिएर भक्तपुरमा–७८/ नेपालको संविधान २०७२, भाग–३४/परिभाषा र व्याख्या (४८)–८१/यस्ता छन् जौका फाइदा –८२/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ भाद्र महिनाको प्रतिवेदन–८२/भाद्र महिनाको पर्यटक तथ्याङ्क– ८३ ।

# नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशन सफलताकासाथ सम्पन्न

## ljb]zdVL cy{Gqs}sf/0f b]zsf]; a}lf] bbf{t cj:yfdf

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशन असोज ३–६ गते आयोजना भई नयाँ केन्द्रीय समितिको निर्वाचन, विधान संशोधन, प्रतिवेदन र प्रस्तावहरू पारित गरी सफलताकासाथ सम्पन्न भएको छ ।

### समुद्घाटन

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशन असोज ३ गते शुक्रबार भक्तपुरको सल्लाघारी खुलास्थानमा आयोजित भव्य समारोहबीच पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले उद्घाटन गर्नुभयो । काठमाडौँको कोटेश्वर र भक्तपुरको च्याह्मासिंहबाट आएको विशाल जुलुस महाधिवेशनको उद्घाटन स्थल सल्लाघारीको खुलास्थानमा पुगेर समारोहमा परिणत भएको थियो ।

विभिन्न सांस्कृतिक बाजागाजासहित मौलिक भेषभूषामा सहभागी दसौँ हजार जनता महाधिवेशनमा सहभागी बनेका थिए । सहभागीहरूले फहराएका राता झन्डाले अरनिको राजमार्ग रातै देखिएको थियो ।

महाधिवेशनको उद्घाटन समारोहमा बोल्दै पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले विदेशमुखी अर्थतन्त्रकै कारण देशको सबै क्षेत्रले दुर्दान्त परिस्थिति सामना गरिरहेको बताउनुभयो । उहाँले शिक्षामा देखिएको स्तरहीनता र असमानता, स्वास्थ्य सेवामा देखिएको अराजकता, अकर्मण्यता र जिम्मेवारीहीनता, डाक्टरी पढ्न लाखौँ लगानी आदि सबै विश्व व्यापार सङ्गठन (डब्लूटीओ) को सदस्य भएपछि हुने परिणामबारे नसोच्दा देखिएको स्थिति भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'विदेशीले फैलाएको चाणक्य नीतिमा नेपाल फस्दै छ र यसमा नेपाली कांग्रेस, एमाले र एमाओवादीका प्रधानमन्त्रीहरू तथा मधेसवादी, राप्रपा र अन्य जाति र धर्मका राजनैतिक दलका नेता र मन्त्रीहरू सबै जिम्मेवार छन् ।' *(उद्घाटन मन्तव्यको पूर्णपाठ पृष्ठ ५ मा दिइएको छ ।)*

नेमकिपाका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले उद्घाटन कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै नेपालको नागरिकता समस्या समाधान गर्न नेपाल–भारत खुला सिमाना बन्द गर्नुपर्ने बताउनुभयो ।

उहाँले नेपाललाई बलीको बोको बनाउन खोजिएको हुनाले नेमकिपाले इन्डो–प्यासिफिक सैन्य गठबन्धनको विरोध गरेको धारणा राख्नुभयो । *(स्वागत मन्तव्यको पूर्णपाठ १० पृष्ठ मा दिइएको छ ।)*

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समारोहमा धन्यवाद ज्ञापन गर्नुहुँदै सरकारले आगामी ५ वर्षपछि देशको सबै क्षेत्रमा





sf-/flxt g]lskfsf];ftf}+dxflwj]zgsf];dbW6g ug{b}

निजी क्षेत्रको लगानी ५५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोप्रति विरोध गर्दै निजीकरणलाई जोड दिनेहरू कम्युनिस्ट हुनै नसक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सङ्घीयता कार्यान्वयनपछि केन्द्र र प्रदेश सरकारहरू स्थानीय तहलाई अधिकार दिन चाहिरहेका छैनन् । स्थानीय तह केन्द्रको मातहतमा बस्नुपर्छ भन्ने पुरानो सोच केन्द्र सरकारमा बस्नेहरूसँग अद्यापि छँदै छ । स्थानीय तह प्रजातन्त्रको जग हो । स्थानीय तह विकास नभएसम्म देशको विकासले पूर्णता पाएको हुँदैन ।' *(मन्तव्यको पूर्णपाठ पृष्ठ १२ मा दिइएको छ ।)*

समारोहमा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले कर्णालीका जनताका समस्याबारे बोल्दै कर्णालीका जङ्गलमा पाइने जडिबुटी र च्याउको खेती प्रविधिको अनुसन्धान गरेर जनताको खेतबारीमा उत्पादन गर्ने प्रविधि मागिरहेको तर सरकार चुप लागेर बसेकोमा खेद व्यक्त गर्नुभयो । उहाँले कर्णालीमा अवसरवादीहरूले नेमकिपालाई सिध्याउन खेल खेलिरहेको तर कर्णालीमा नेमकिपाले पञ्चायत र प्रतिगमनविरूद्ध रातो झन्डा फहराएजस्तै समाजवादी गणतन्त्रको झन्डा पनि फहराउने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले दुईतिहाइ बहुमतको नाममा सरकारले आफ्ना कार्यकर्तामार्फत देशमा निरङ्कुशता लागू गर्न खोजेको भन्दै 'अति भए पछि पति जान्छ' भन्ने उखानजस्तै राणा, पञ्चायत, नेकाको सरकार र हालको सरकारको घमण्ड पनि बिलाएर जाने बताउनुभयो । उहाँले कर्णाली अञ्चलमा स्थानीय तहमार्फत भइरहेका भ्रष्टाचार र बेथितिले शासक दलबाट जनता आजित भएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा दैलेख जिल्ला समितिका अध्यक्ष जगबहादुर शाहीले नेकपाभित्र मौलाइरहेको भ्रष्टाचारबाट सत्ताधारी पार्टीभित्रका इमानदार कार्यकर्ता नै आजित भएको बताउनुभयो । बहुमत प्राप्त सरकारले जनताका समस्याबारे औँल्याउने मानिसलाई लोकतन्त्रविरोधीको आरोप लगाएर दमन गर्ने गरेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बजिरसिंह विकले शासक दलहरूको सिद्धान्त र व्यवहारमा तालमेल नभएको बताउनुभयो । उहाँले समाज रूपान्तरणमा सिद्धान्त र व्यवहारको तालमेल अत्यावश्यक भएको चर्चा गर्दै समाजवादी राज्य व्यवस्थाले मात्र समाजका सबै प्रकारका सामाजिक विभेद र कुसंस्कार अन्त्य गर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले छाउपडी, बोक्साबोक्सीलगायत अन्धविश्वास हटाउन विद्यालय पाठ्यक्रम र पाठ्यपुस्तकमै समावेश गर्नुपर्ने र प्रभावित क्षेत्रमा सरकारले मनोचिकित्सक, डाक्टर, नर्सलगायत विषयविज्ञ खटाई विशेष कार्यक्रम चलाउनुपर्ने बताउनुभयो ।

पूँजीवादी व्यवस्थाका विकृति पक्षको विरूद्ध अझ सशक्त भएर सङ्घर्षरत रहन आवश्यक भएको र वर्गीय सङ्घर्षले नै सबै दुःख कष्टबाट मुक्ति दिलाउने उहाँले बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवं प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले विदेशी शक्तिसामु झुक्ने परम्परालाई तोड्दै, विदेशी दासता स्वीकार्न अस्वीकार गर्दै आत्मसमर्पणवादी प्रवृत्तिविरूद्ध नेमकिपाले राजनीतिक क्षेत्रमा स्वाभिमान र आत्मगौरवको झन्डालाई उँचो पारेको बताउनुभयो ।

प्रदेश सभामा नेमकिपाको भूमिकाबारे प्रकाश पार्दै उहाँले भन्नुभयो, 'शासक वर्गको पक्षपाती प्रवृत्ति, भागवन्डाको घृणित कार्यशैली, सङ्कीर्ण सोच, मिचाहा मनोवृत्ति र बडाराष्ट्र अहङ्कारवादी चिन्तन प्रदेशसभामा पनि छताछुल्ल हुँदैछ । तसर्थ प्रदेश सरकारको अप्रजातान्त्रिक तथा पञ्चायती कार्यशैली तथा व्यवहारको विरूद्ध प्रदेश सभामा नेमकिपा सङ्घर्षरत छ । प्रदेश सभामा नेमकिपा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै छ । प्रदेश सभालाई 'दाइ जिविस' बनाउने, प्रदेश सरकारलाई केन्द्रको लाचार छायामा बदल्ने र मुख्यमन्त्रीलाई पञ्चायती अञ्चलाधीश बनाई सङ्घीयतामाथि प्रहार गरिरहेको शासक दलका नेता तथा मन्त्रीको गलत नीति तथा शैलीको विरोध नेमकिपा गर्दै छ ।'

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवम् प्रदेश सभा सदस्य सृजना सैंजूले संरा अमेरिका भारतीय विस्तारवाद र एकाधिकार पूँजीको बुई चढेर नेपाल हुँदै चीनसँग निहुँ

**मन्तव्य**

# संरा अमेरिकी साम्राज्यवाद ऱ्हासोन्मुख पूँजीवादी देश

## अन्तर्राष्ट्रिय परिस्थिति

२१ औँ शताब्दीको पहिलो एक चौथाइ अवधिमा संसारको एकल महाशक्ति सम्झिने संयुक्त राज्य अमेरिकी साम्राज्यवाद एक ऱ्हासोन्मुख पूँजीवादी देश साबित हुँदैछ । अत्याधुनिक नरसंहारकारी हात-हतियारको उत्पादनमा अति अधिक लगानी, अफगानिस्तान, इराक, लिबिया र सिरियामा भइरहेको आक्रामक युद्ध र संसारभरि आफ्नो युद्ध उन्मादी सैन्य अखडाहरूको स्थापनाले अमेरिकी पूँजीको अपव्यय र अनुत्पादक खर्चका कारण अमेरिकी साम्राज्यवादको अर्थतन्त्र ऱ्हासोन्मुख अवस्थामा छ । त्यसैकारण संरा अमेरिका एकल महाशक्ति संयुक्त राष्ट्र सङ्घको युनेस्कोबाट पछि हट्नु, विश्व वातावरणको पेरिस सम्झौताबाट हात झिक्नु, इरानी आणविक सम्झौताबाट हट्नु र 'साम्यवादको आतङ्कबाट साम्राज्यवादी शिविरलाई जोगाउन' संरा अमेरिकाले संसारभरको सैन्य अखडाको खर्च व्यहोरेको कारण संसारको सबभन्दा 'विशाल प्रजातन्त्र' आज गरिबीको मारबाट पीडित भएको खुलासा खुद राष्ट्रपति ट्रम्पले गरेको सर्वविदित छ ।

यसकारण ट्रम्पले नाटो सङ्गठनका देशहरू र उसको सैन्य अखडा भएका मित्र देशहरूसँग आ-आफ्नो राष्ट्रको रक्षा बजेटको दुई प्रतिशत रकम दिन धम्काउँदैछन् । ट्रम्पको त्यस धम्कीबाट विचलित नभई जर्मनीका चान्सलर एन्जेला मार्केलले



sf: gf/fo0fdfg lahS5]+/flxt_

आफ्नो देशको स्वतन्त्रता र सार्वभौमिकता आफैले रक्षा गर्न सक्षम भएको बताइन् । फ्रान्सेली राष्ट्रपति माक्रोंले 'ट्रम्पजस्तो मित्र पाएपछि शत्रु खोज्नु नपर्ने' बताएका थिए । धर्मको नाममा आतङ्कवाद फैलाउन पाउँदैन भन्ने धम्की दिएकै कारण साउदी अरबले चार खर्ब डलरको र कतारले दुई खर्ब डलरको अमेरिकी अत्याधुनिक हतियार किन्न बाध्य भएका थिए । यस वर्ष फ्रान्समा बसेको सबभन्दा विकसित औद्योगिक देशहरू – संरा अमेरिका, क्यानाडा, बेलायत, जर्मनी, इटाली, फ्रान्स र जापान गरी ठूला-७ (जी-सात) को बैठक मतभेदका कारण

---

➲➲ खोजिरहेको र बिम्स्टेक तथा हिन्द-प्रशान्त रणनीति त्यसैको परिणति भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'चीनविरूद्ध भारतीय शासक वर्गलाई उक्साइरहेको अमेरिकी साम्राज्यवादले नेपाली भूमिलाई युद्ध मैदान नबनाउला भनेर विश्वास गर्ने आधार के ? व्यापार युद्ध झट्ट हेर्दा आर्थिक युद्धमात्र देखिए पनि यो साम्राज्यवाद र समाजवादबीच चलिरहेको एकप्रकारको युद्ध हो । व्यापार युद्धका दुष्परिणामबारे नेमकिपा जनतालाई सचेत पार्दै छ ।'

वैकल्पिक केन्द्रीय सदस्य सरोजकुमार साहले तराईको समाजमा रहेका सामाजिक समस्या समाधान गर्न सरकारले ध्यान नदिएको बताउनुभयो । उहाँले तराईमा अन्धविश्वास, बोक्सा-बोक्सी, दहेज प्रथा, छुवाछुतलगायतको नाममा गरिब जनता शोषित पीडित हुनुका साथै अनाहकमा धेरैले ज्यान गुमाएको बताउनुभयो । उहाँले भारतले नेपालको ठाउँ-ठाउँमा सिमाना अतिक्रमण गर्नुका साथै तराईका विभिन्न स्थान डुबान हुने गरी तटबन्ध निर्माण गरेको तर मधेसवादी दल र शासक वर्गले विरोधमा नबोलेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका गुप्तबहादुर शाही, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय सदस्य सविन ख्याजुलगायतका वक्ताहरूले शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा काभ्रेको वालाम्हेन्दो सांस्कृतिक समूहको तामाङ गीत, कालीकोटको हुड्के नाच, नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घको गीत प्रस्तुत गरिएको थियो । सम्मेलनमा सहभागीहरूले आफूलाई आवश्यक खाजाको आफैँ व्यवस्था गरेका थिए । सम्मेलनस्थलमा स्वयम्सेवकहरूले सरसफाइ पनि गरेका थिए । चर्को घामको पर्वाह नगरी नाराबाजी र बाजागाजाका साथ सहभागीहरू महाधिवेशनको जुलुसमा सहभागी बनेका थिए । जुलुसको बीच-बीचमा स्थानीय बासिन्दाले पिउने पानीको व्यवस्था गरेका थिए ।

महाधिवेशनको बन्द बैठक असोज ४, ५ र ६ गते बसेको थियो ।

महाधिवेशनमा १०० जना सदस्यमा १ जना छानिएर आएका प्रतिनिधि सहभागी रहेको जानकारी एक पत्रकार सम्मेलनमा दिइएको थियो ।

बिनानिष्कर्ष टुङ्ग्यो । ठूला-७ को यस्तो सङ्कट पहिलोचोटि देखिँदैछ ।

यसको अर्थ हो – अति विकसित ७ ठूला पूँजीवादी देशहरूमा गम्भीर मतभेद देखापर्दैछ । ट्रम्पले आफ्ना मित्र देशहरूका आयातमा थप कर लगाउने घोषणा गरे र युरोपमा निर्यात हुने सामानमा पनि थप अन्त:शुल्क लिने ट्रम्पको घोषणाले पूँजीवादी देशको अर्थतन्त्रमा भित्री अन्तरविरोध देखापर्दैछ । अर्कोतिर आज संसारको ३८ प्रतिशत औद्योगिक उत्पादन चीन एक्लैले गर्दैछ । ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिकाको ब्रिक्स सङ्गठनका देशहरूले उत्पादन र आर्थिक विकासमा फड्को मार्दैछन् ।

पाँच वर्ष पहिले नै अमेरिकी अर्थतन्त्रको विश्लेषण केन्द्र 'वालस्ट्रीट'ले सन् २०२१-२२ सम्ममा चीनले संरा अमेरिकी अर्थतन्त्रलाई उछिन्नेछ भनी भविष्यवाणी गरेको थियो । त्यसबेला अमेरिकी रिपब्लिकन र डेमोक्रेटिक शासक दलहरूका प्रतिनिधिहरूले 'असम्भव' र 'कहिले हुनै नसक्ने' भनी आक्रोशपूर्ण अभिव्यक्ति दिएका थिए । यसकारण ट्रम्पले 'अमेरिका पहिलो' को नारा दिए । संरा अमेरिका त एकल विश्वशक्ति र आर्थिकरूपले एक नम्बरमै थियो । ट्रम्पको 'अमेरिका पहिलो' को नाराले अमेरिका अहिले पहिलो होइन र हुनेछैन भन्ने सङ्केत स्वीकारेको विश्लेषण गर्न सकिन्छ ।

आजको जल्दो-बल्दो विषय अमेरिका-चीन व्यापार युद्ध हो । त्यसको परिणाम के होला भन्ने विषयमा सबै चिन्तित हुनु स्वाभाविक हो । चीनले सान्है व्यावहारिकढङ्गले भन्दैछ – व्यापार युद्धले कसैको हित गर्दैन बरु वार्ताद्वारा समस्याको समाधान सम्भव छ । तर, अमेरिकाले सान्है अहङ्कारी ढङ्गले एकपछि अर्को चीनको आयातमा भन्सार दर बढाउँदै गयो र चीन निर्यात हुने अमेरिकी सामानमा पनि अन्त:शुल्क बढाउँदै गयो । त्यतिमात्रै होइन चीनको विरोधमा एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा समेत माथिल्ला स्तरका कूटनैतिक व्यक्तिहरू पठाएर चीनसँग व्यापार नगर्न, चीन एक आक्रामक र उपनिवेशवादी देश हो भनी चीनको बद्ख्वाइँ गरी दबाब दिँदै गयो । संरा अमेरिकाले सारा संसारमा चिनियाँ ऋण पासोको हल्ला पनि गऱ्यो ।

ट्रम्प प्रशासनको चीनप्रतिको त्यस्ता विष वमनबारे एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशका सरकारका जिम्मेवार व्यक्तिहरूले चीन आफ्नो राम्रो व्यापार साझेदार हो, चीनसँगको आफ्नो व्यापार अमेरिकासँग भन्दा बढी भएको र चीनको सहयोग 'ऋण पासो' नभई विकास निर्माणका आधारभूत सहयोग भएको बताए ।

क्युवा र प्रजग कोरियाको विरोधमा अमेरिकी साम्राज्यवादले संयुक्त राष्ट्र सङ्घलाई अगाडि सारेर अमानवीय नाकाबन्दी गर्दैछ भने एक स्वतन्त्र र सार्वभौम देश भेनेजुयलामाथि छिमेकी देशहरूलाई दबाब दिएर नाकाबन्दी गर्दै आक्रमणको तयारी गर्दैछ ।

संसारमा चीनको कहीँ उपनिवेश नभएको एसियाली, अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूले पनि अनुभव गरेको बताउँदा संरा अमेरिकाले चीनलाई दक्षिणतिरबाट घेर्न तयारी गर्दैछ । पाकिस्तानको कारण सार्कलाई प्रयोग गर्न नसकिने हुँदा र सिङ्गापुरसँग विद्युत् र अन्य वस्तुको व्यापारको लोभ देखाई अन्य सार्क देशहरूलाई हिन्द-प्रशान्त शान्ति र विकासको नाममा एक सैन्य गठबन्धन बनाउने षड्यन्त्र बुन्यो । त्यसको केन्द्र नेपाल बनाउने भन्दै अमेरिकी सैनिक प्रतिनिधिमण्डल नेपाल पस्यो र भारतमा एक संयुक्त सैन्य अभ्यासको आयोजना गऱ्यो ।

तर, नेपाली जनताले अमेरिकी योजना एक षड्यन्त्र हो भन्नेबारे विरोध जनाएपछि नेपाल सरकारले त्यस हिन्द-प्रशान्त सैन्य गठबन्धनको संयुक्त सैन्य अभ्यासमा सामेल नहुने घोषणा गऱ्यो । त्यही विषयमा अमेरिकी राजदूतले नेपाललाई तर्साउने हिसाबले नेपालको स्थितिबारे ठाडो प्रश्न गर्ने साहस गरे । भारतको वर्तमान मोदी सरकार एक दक्षिणपन्थी, धार्मिक कट्टरता भएको, ठूलो राष्ट्र अहङ्कारवादी र फासीवादी हो । त्यस सरकारले भारतीय मुसलमान, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, दलित र अन्य धर्मावलम्बीहरूलाई मात्रै होइन अरू राजनैतिक दल र भारतीय जनताको राजनैतिक तथा मौलिक अधिकारहरू हनन् गर्दैछ । एउटा अलग झन्डा, अलग संविधान भएको देशलाई विशेष सम्बन्धको जालमा पारेर काश्मिरमा लाखौँ सेना र सुरक्षाकर्मी पठाएर काश्मिरी जनतालाई बन्दी बनायो । छिमेकी भारतको त्यो चालाले मोदी सरकारप्रति आफू अर्को भुटान र सिक्किम बनाइने षड्यन्त्रप्रति नेपाली जनता सचेत हुनु स्वाभाविक हो ।

हिटलरले जापानसँग साथ लिएजस्तै संरा अमेरिका मोदी सरकारसँग साथ लिएर जापानमार्फत चीनको दक्षिणी सागरको धमिलो पानीमा माछा मार्ने र एसियाली युद्धको नयाँ तानाबाना बुन्ने दाउमा छ । अमेरिका-भारत-जापानको त्यो त्रिकोणात्मक भूमरीमा नेपाल पर्नु कुनै हालतमा मनासिब हुनेछैन ।

## मुसोलिनी, हिटलर र मोदी

मुसोलिनी इटालीका एक कामीका छोरा थिए भने हिटलर जर्मनीका रङ्ग लगाउने कामदार र सिपाही थिए । भारतका मोदी एक 'चायवाला' थिए जसले घर-घरमा चिया पुऱ्याउँथे । तर, कामले मजदुर भए पनि तिनीहरू विचारले आक्रामक पूँजीवादी र तानाशाही थिए ।

मुसोलिनी रोमन राज्यको गौरवको पुन:स्थापना गर्न चाहन्थे भने हिटलर-जर्मनहरू आफूलाई 'शुद्ध आर्य रगत' का बताउँथे र जर्मनहरूले संसारलाई शासन गर्ने नैतिक अधिकार भएको बताउँथे । मोदी हिन्दुस्तानका सबै नागरिक हिन्दू हुने

दावा गर्छन् ।

मुसोलिनी व्यक्तिलाई राज्यको अधिनमा रहनुपर्ने बताउँथे भने हिटलर राज्य र राष्ट्र एउटै हो र व्यक्ति गौण सम्झन्थे । मोदी भारत एउटा राष्ट्र मान्छन् र विदेशमा रहेका हरेक भारतीयहरू एउटा राष्ट्र मान्छन् ।

मुसोलिनी भन्थे, 'नेताले मार्गनिर्देशन गर्छ, जनताले नेतालाई होइन ।' हिटलर भन्थे, 'जनता मूर्ख हुन्छन्, जनतालाई राज्यले अनुशासित गर्नुपर्छ ।' मोदी भन्छन्, 'सबै हिन्दुस्तानी भारतीय राष्ट्रका अधिनमा रहनुपर्छ ।'

मुसोलिनीले ८० हजार अर्धसैनिक युवाहरू तयार गरे भने हिटलरले हजारौँ अर्धसैनिक युवा दस्ता तयार गरे, जसलाई एसएस र एसए भनिन्थ्यो र पछि पाचौँ कलम भनी सशस्त्र गुप्तचर विभाग सङ्गठन गरे । मोदीको जनसङ्घ अर्थात् पछि भाजपाको युवा दस्ता शिवसेना अर्धसैनिक ढङ्गको छ र सरकारमा गएपछि भारतीय गुप्तचर संस्था 'रअ' लाई आक्रामक ढङ्गले सञ्चालन गर्दैछन् ।

मुसोलिनीले मजदुर वर्ग र कम्युनिस्ट आन्दोलनलाई दबाउन पूँजीपति वर्गसँग सम्झौता गरे भने जर्मनीमा हिटलरले साम्यवादी र यहुदीहरूलाई दमन गर्न जर्मनीका पूँजीपति वर्गसँग सहयोग लिए । भारतीय जनता पार्टीलाई सत्तामा ल्याउन कर्पोरेट अथवा पूँजीपति वर्गले सहयोग गऱ्यो र मोदीले मुसलमान दलित र अरू धर्म तथा जातिमाथि दमनको नीति लिँदै छन् । जवाहरलाल नेहरू विश्वविद्यालयमा जातिवादी गतिविधि भाजपा र शिव सेनाले गरेको उपद्रवको मोदी खुदै साक्षी छन् ।

इटालियाली राष्ट्रवादी फासीवादलाई कम्युनिस्ट र मजदुर आन्दोलन दबाउन संरा अमेरिका, बेलायत, फ्रान्सेली पूँजीपति वर्गले पूँजी निर्यात गरेर इटालियाली एकाधिकार पूँजीलाई अगाडि बढ्न दिएको थियो । त्यस्तै काम संरा अमेरिका र फ्रान्सले जर्मनीको पूँजीपति वर्गलाई सहयोग गरी जर्मनियाली एकाधिकार पूँजीलाई बढावा दिए र सोभियत सङ्घमाथि हमला गर्न सहयोग गरे । मोदीले नेपालको नयाँ संविधानको विरोधमा युरोपेली सङ्घ र बेलायतसँग समझदारी बनाए, संरा अमेरिकाले आणविक र जलसेना भारतीय जलक्षेत्रमा राख्न भारतसँग सम्झौता गऱ्यो ।

इटालीले ग्रीसमाथि आक्रमण गर्दा धर्मगुरू पोपले मुसोलिनीको आक्रामक सेनालाई आशीर्वाद दियो र क्याथोलिक धर्म मान्ने देश अबिसियामा हमला गऱ्यो । जर्मनीले जर्मन जाति भएको अष्ट्रिया, चेकोस्लोभाकिया र पोल्यान्डलाई कब्जा गऱ्यो र सोभियत सङ्घमा हमला गऱ्यो । मोदी सरकारले नेपालको तराईमा भारतीय मूलका जनतालाई भड्काई नेपालमाथि आर्थिक नाकाबन्दी गर्न सहयोग गऱ्यो, चीनको पृथकतावादी दलाई लामा धर्म गुरूलाई तथाकथित प्रवास सरकारको गतिविधि गर्न दियो र श्रीलङ्का, बङ्गलादेश, भुटान, नेपाललगायत दक्षिण एसियाली देशहरूमा हस्तक्षेप बढाउँदैछ ।

## देशको परिस्थिति

आज देशको अर्थतन्त्र परनिर्भर हुँदै गएको स्थिति छ । कृषि, उद्योग, पर्यटन, युवाहरूको रोजगारीलगायत सबै परनिर्भर हुँदैछ । शिक्षा र स्वास्थ्यसमेत अपराधीहरू (माफियाहरू) को हातमा पुग्दैछ । सडक, पुल, जलविद्युत, नहरलगायतका ८० प्रतिशत विकास निर्माण कार्यहरू नेपाली अनुहारका विदेशी भ्रष्टाचारीहरूको हातमा पुग्यो । तिनीहरूले जानी-बुझिकन वा विदेशी पूँजीकै इसारामा विकास निर्माणलाई अलपत्र पारेका छन् । त्यसको एउटै उद्देश्य नेपाल द्रुततर गतिमा अगाडि नबढोस् भन्ने मनसाय हो ।

७० लाख युवाहरू विदेश पुऱ्याएपछि खेतीपाती गर्ने श्रम शक्तिको अभावमा कृषि अर्थतन्त्रलाई योजनाबद्ध तरिकाले ध्वस्त गरायो र वर्षको दुई खर्बको कृषि उत्पादन र खाद्यान्न आयात गर्न बाध्य भयो । विदेशीहरू नेपालमा लगानी गर्न आउनुभन्दा पनि देशी पूँजी विदेश गयो । देशमा भएको उद्योगसमेत ध्वस्त भयो र सबैजसो औद्योगिक उत्पादन विदेशबाट आइरहेको छ र देशभित्रै विदेशी उद्योग चालू छ । पर्यटन उद्योगको निम्ति आवश्यक वस्तु विदेशबाट आउँछ र पर्यटकीय स्थल पुग्ने सडकहरू वर्षौंदेखि 'विदेशी ठेकेदार'ले नबनाई अलपत्र पारेको स्थिति छ । आफ्ना युवाहरूलाई स्वदेशमै रोजगारी नदिई बहुराष्ट्रिय कम्पनीहरूको सस्तो ज्यामीहरूमा दासको रूपमा पठाउने नेपाली स-साना लगानीकर्ताहरू नै हुन् । शिक्षा र स्वास्थ्यसमेत विदेशी एजेन्टहरूको हातमा छ । विश्वविद्यालयका मुख्य-मुख्य ठाउँ र नीति निर्माणकर्ताहरू विदेशी पूँजीकै माफियाहरू हुन् । मेडिकल कलेजको हो-हल्लालाई पनि काठमाडौँले होइन दिल्लीले मात्र नियन्त्रण गर्न सक्छ ।

यी सबै दुर्दान्त परिस्थिति विदेशमुखी अर्थतन्त्रका कारण देखिएको हो । शिक्षामा देखिएको स्तरहीनता र असमानता, स्वास्थ्य सेवामा देखिएको अराजकता, अकर्मन्यता र जिम्मेवारीहीनता, डाक्टरी पढ्न लाखौँ लगानी आदि सबै विश्व व्यापार सङ्गठन (डब्लूटीओ) को सदस्य भएपछि हुने परिणामबारे नसोच्दा देखिएको स्थिति हो । विदेशी बैङ्कहरूको छेलोखेलोले नेपालको अर्थतन्त्र विदेशीको हातमा पुग्नु नियोजित पाइला हो । प्रशासन, प्रहरी, गुप्तचर विभाग र सेनामा समेत विदेशी छाया पर्नु एकै दिनमा हुने विषय होइन, भ्रष्टाचार अथवा जिम्मेवार पदाधिकारीहरूको द्रव्यमोहको कारण नै हो । विदेशीले फैलाएको चाणक्य नीतिमा नेपाल फस्दैछ र यसमा नेपाली कांग्रेस, एमाले र एमाओवादीका प्रधानमन्त्रीहरू तथा मधेसवादी, राप्रपा र अन्य जाति र धर्मका राजनैतिक दलका नेता र मन्त्रीहरू सबै जिम्मेवार छन् । आफ्नै देशका जनतालाई दुःख हुने नाकाबन्दीको

समर्थन गर्ने र चर्काउने विभिषणहरू देशभक्त हुन् वा देशद्रोही हुन् ? प्रस्ट छ – यस्तो स्थिति आउनुमा नेपाली जनताको अहितमा र विदेशीको हितमा हस्ताक्षर गर्ने सबै प्रधानमन्त्री तथा मन्त्रीहरू जिम्मेवार छन् ।

प्रधानमन्त्री को हुन् र को भयो भन्ने मूल विषय होइन, तिनीहरूले देशको हितमा काम गरे कि विदेशको हितमा काम गरे भन्नेबारे विश्लेषण महत्त्वपूर्ण विषय हो । ७० लाख युवाहरू विदेश पठाउने नीति ल्याउने, लाखौँ–लाख विदेशी ज्वाइँ र भान्जा–भान्जी परिवारलाई नागरिकता दिन लगाउने नीतिमा हस्ताक्षर गर्ने राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरू, विदेशको हातमाथि हुने गरी टनकपुर, माथिल्लो कर्णाली र अन्य जलविद्युत योजनाहरूमा हस्ताक्षर गर्ने प्रधानमन्त्री र मन्त्रीहरू देशभक्त हुन् वा देशद्रोही हुन् निक्यौंल गर्नु आवश्यक छ । धार्मिक, जातीय, भाषिक वा क्षेत्रीय साम्प्रदायिकतालाई समेत मान्यता दिने नीति र त्यसका समर्थक सरकारहरू आजको अन्योलको परिस्थितिका जिम्मेवार हुन् ।

## राजनैतिक पार्टीहरूबारे

हरेक राजनैतिक दल एक न एक वर्ग आधार र राजनैतिक दर्शन, विचार एवम् सिद्धान्तको आधारमा निर्माण गरी देशमा एक आदर्श समाज स्थापना गर्ने उद्देश्य राख्छन् । तर ती राजनैतिक दलहरूले आफ्नो सिद्धान्त र आदर्शलाई छोडेर देश र जनता लुट्ने तथा समाजका आर्थिक, सामाजिक र सांस्कृतिक अराजकता ल्याउने कुकृत्यहरू गर्दैछन् । अपराधी, भ्रष्टाचारी र कामचोरहरूको पक्ष सरकारमा रहेका दलहरूले लिएको हुँदा र न्यायपालिकालाई समेत भागबण्डाको जुवाको खालमा राख्दा सामान्य जनतालाई विधानपालिका, कार्यपालिका र न्यायपालिकामध्ये कसैमाथि पनि विश्वास गर्ने परिस्थितिबाट निराश पार्ने काम गरे । त्यस्ता कार्यहरू नै ती शासक दलहरूले पालैपालो गरे । ती राजनैतिक दलहरूमाथि छोटो जानकारी दिनु आवश्यक छ ।

साथै आज संविधान दिवस मनाइँदैछ तर हाम्रो देशको कूटनीति मगन्ते कूटनीति हो, एक सार्वभौम देशको कूटनीति होइन । नेपाललाई दिने विदेशी सहयोगसमेत भारतमार्फत आउने सङ्केत छ । अब नेपाल विदेशी सहयोगको नाममा अमेरिका र भारतको जालमा फस्दैछ ।

## नेपाली कांग्रेस

नेपाली कांग्रेस नै देशमा सबभन्दा लामो शासन गर्ने राजनैतिक दल हो । प्रजातन्त्र र समाजवादमा विश्वास गर्ने भनिएको दलभित्र प्रजातन्त्र खोजिँदैछ । नेपाली कांग्रेस सरकारको सार्वजनिक कलकारखाना तथा उद्योग–धन्दाहरू निजीकरण गर्ने नीतिले देशको अर्थतन्त्र ध्वस्त भएको हो, जसका कारण देशमा भ्रष्टाचार र पक्षपात मौलाएको छ ।

नेपाली कांग्रेसकै सिद्धान्तहीनताको कारण नेपाली कांग्रेसका कार्यकर्ता र ठेकेदार सदस्यहरूले गुण्डा र भ्रष्ट प्रतिद्वन्द्वीहरूलाई नै निर्वाचनमा पैसा र सिद्धान्तहीन समर्थन गरी देशमा राजनैतिक अराजकता फैलाएका हुन् ।

संसद्मा भएका विश्वास र अविश्वासको अन्योलको परिस्थितिमा सबभन्दा पहिले पद, पैसा, देश र विदेशमा भगाउने, होटलमा राख्ने र लुकाउनेजस्ता गैरराजनैतिक कार्य थाल्ने काम नेकाले नै सुरु गरेको हो । त्यसको सिको गर्ने प्रेरणा पनि एमालेलाई नेकाले नै दिएको हो ।

नेकाभित्र जात, भाषा र क्षेत्रको आधारलाई दिएको प्राथमिकताले मधेसवाद र थारूवाद, अन्य जाती भाषा र धर्मले प्राथमिकता पाएको हो । अहिले चौध हजार सक्रिय कार्यकर्ताहरूमध्ये नौ हजार कार्यकर्ताले हिन्दू धर्म संविधानमा किटान गर्न खोज्ने विषयले नेपाली कांग्रेसको सैद्धान्तिक जग अत्यन्त कमजोर भएको भयावह स्थिति देखापर्दैछ भन्ने देखाउँछ । सारमा नेपाली कांग्रेस समाजवादी पार्टी भनिए पनि एक सामन्ती र पूँजीवादी दृष्टिकोण भएको विदेशी पूँजीको सशक्त प्रभाव भएको राजनैतिक दल हो ।

## एमाले

नेकपा (एमाले) समाजलाई बिटुल्याउने, समाजका खराब केही व्यक्तिलाई हत्या वा 'वर्गशत्रुको सफाया' गरेपछि समाज राम्रो हुन्छ र केही व्यक्तिको साहस, बहादुरी र वीरताले नै समाजमा ठूलो परिवर्तन हुन्छ भन्ने सन् १९०५ तिर रूसको 'जनताको इच्छा' भन्ने अराजकतावादी चिन्तनका नरोदवादी र (सन् १९६५–७० तिरको) भारतीय नक्सलवादको खोटो विचारबाट स्थापना भएको पार्टी हो । साथै तिनीहरू आतङ्क फैलाएर समाजमा आमूल परिवर्तन गर्ने राम्रो उपाय सम्झन्थे । व्यक्तिगत आतङ्कवाद रूसमा पतन भएजस्तै नेपालमा झापाबाट तिनीहरू पश्चिमतिर विस्थापित भएका थिए ।

खस–आर्य जातिका युवाहरूको ती गतिविधि र प्रभावले नेकालाई उछिन्ने उद्देश्यले तथाकथित राष्ट्रिय विचारबाट प्रेरित भएको 'झापा गुट' 'को–अर्डिनेसन समिति' पछि पुष्पलाल समूह र अन्य समूहसँग मिल्दै विकास गरेको संशोधनवादी 'कम्युनिस्ट' घटक हो ।

पञ्चायतवादीहरूले राजनैतिक रूपले नेकालाई पछि पार्न सकेनन् । नेका र पञ्चायतको अन्तरविरोधबाट एमाले सरकारमा जाँदै सरकारको प्रभावबाट आर्थिक र राजनैतिक चेतना पछि परेको क्षेत्रमा चुनावी राजनीतिमार्फत अगाडि बढ्यो । बर्नस्टिनको संशोधनवादी एमाले एक संसद्वादी र पूँजीवादी पार्टीमा रूपान्तरण भयो ।

एमालेको बहुमत कार्यकर्ता निर्वाचनबाटै समाजवाद स्थापना हुन्छ र शान्तिपूर्ण सङ्घर्ष एवम् समाजमा सुधारबाटै विनाक्रान्ति समाजवाद र आमूल परिवर्तनमा विश्वास गर्छन् ।

साथसाथै 'जनताको बहुदलीय जनवाद' को नारा लगाउँदै एमाले बर्नस्टिनको सिद्धान्त अथवा मार्क्सवादलाई संशोधन गर्ने विश्वासघातको टुङ्गोमा पुग्यो । बर्नस्टिन कार्ल मार्क्सका एक शिष्य थिए र मार्क्सको देहान्तपछि उनले शान्तिपूर्ण ढङ्गले निर्वाचन र संसदीय व्यवस्थाले नै समाजवाद आउँछ भनी क्रान्तिको बाटो परित्याग गरी मार्क्सवादप्रति विश्वासघात गरेका थिए । त्यस्तै बहुदलीय जनवादको प्रस्ट अर्थ – बहुदलीय प्रजातन्त्र हो र संरा अमेरिका, भारत, फ्रान्स आदि सबै पूँजीवादी देशहरूमा बहुदलीय पूँजीवादी प्रजातन्त्र नै छ । यस अर्थमा के एमाले एक पूँजीवादी दल र 'भाइ कांग्रेस' साबित हुन्न ? यसकारण नेमकिपाले एमालेको आत्मश्लाघा र आत्मप्रपञ्चनाजस्ता 'नार्सियाली प्रवृत्ति' को खण्डन गर्दै जानु आवश्यक छ ।

## एमाओवादी पार्टी

पुष्पकमल दाहाल (प्रचण्ड) बाट नेतृत्व गरिएको एमाओवादी आजको नेकपा 'चौथो महाधिवेशन' मोहनविक्रम वा 'मशाल' कै अराजकतावादबाट शिक्षित र दीक्षित समूह हो । आज पनि नेकपा (मशाल) विचारले अराजकतावादी र व्यवहारमा एमाले र माओवादीसँग निर्वाचनमा मेलमिलाप गर्छ तथा म्यानपावर कम्पनीको प्रयोग गर्दै युवाहरूलाई विदेशमा पठाउने व्यापार गर्छ । जनवादी गणतन्त्र चीनलाई पूँजीवादी र साम्राज्यवादी विश्लेषण गर्दा अमेरिकी साम्राज्यवादी नाइके ट्रम्पको 'चीन राष्ट्रिय पूँजीवाद' भन्ने वाक्यांशलाई पैंचो लिएको देखिन्छ, मानौँ ट्रम्प 'मशाल' को एक 'समाजवादी' गुरू हुन् ।

भारतबाट सञ्चालित 'जनयुद्ध' का सञ्चालक एमाओवादीहरूलाई कालान्तरमा भारतीय गुप्तचर विभाग (रअ) को सिफारिसमा नेपालको राजनीतिलाई भारतीय एकाधिकार पूँजीको हातमा सुम्पने 'श्यामकर्ण घोडा' (ट्रोजन हर्स) साबित गऱ्यो ।

'दक्षिण-एसियाको कम्युनिस्टहरूको मोर्चा' (कम्पोसा) भारतीय विस्तारवादको सार्क देशहरूको एउटै सुरक्षा छाताको अर्को नाम हो ।

भारतीय एकाधिकार पूँजीले 'चीन र माओ त्सेतुङ' प्रति मित्रताको भावना राख्ने नेपाल र नेपालीहरूलाई 'माओवादी' नामले नै धुजाधुजा पार्ने रणनीति बोकाएको परिणामले साबित गऱ्यो । आज प्रचण्ड दिल्लीको दूत हुन् वा नेपाली राजनीतिकै एक नेता हुन् चिन्न र बुझ्न साधारण नेपालीलाई गाऱ्हो भएको छ । सारमा एमाओवादी एक अराजकतावादी दल हो जो एमालेजस्तै एक पूँजीवादी भासमा कहिल्यै नउम्कने गरी पतन भइसकेको छ ।

## नेपाल कम्युनिस्ट पार्टी

एमाले र माओवादी पार्टीहरू निर्वाचनमा बहुमत ल्याएर नेकालाई ठेगान लगाउन र आफ्नो अस्तित्व जोगाउन सिद्धान्तहीन राजनीतिमा हामफालेका हुन् । आफूहरूसँग पटक्कै नमिल्ने क्षेत्रवादी र अवसरवादीहरूसँग पनि मिलेर निर्वाचनलाई प्रयोग गरी सरकारमा जाने उद्देश्य राख्नु मार्क्सवाद नभई संशोधनवाद र अवसरवाद हो । वर्गीयरूपले एमाले र एमाओवादी, नेकपा (मशाल) पूर्व पञ्चायती राप्रपा आदि सबै शासक दलहरूका उद्देश्य एवम् खस-आर्यहरूको बडाराष्ट्र अहङ्कारवादीहरूको राजनैतिक सङ्घर्ष सरकारमा पुग्ने लुछाचुँडी मात्र हो ।

२०७६ को नेकपाको दस्तावेजले भन्छ – 'नेमकिपा' जडसूत्रीय, सङ्कीर्ण, आत्मकेन्द्रित चिन्तन, नीति र व्यवहारको आलोचना गर्दै समृद्धि र समाजवादका निम्ति 'कार्यगत एकता र सहकार्यको नीति' लिइनेछ । मार्क्सवादलाई विश्वासघात गर्ने संशोधनवादी र भारतीय फासीवादको अगाडि झुक्ने नीति र विचार बोक्ने पूँजीवादी शासक दलहरूसँग नेमकिपाको सैद्धान्तिक सङ्घर्ष निरन्तर चालू छ ।

कोरा सिद्धान्तवादको अर्थ समय र परिस्थितिबारे उचित मूल्याङ्कन नै नगरी क्रान्तिको फलाको गर्नु जडसूत्रवाद र उत्ताउला कम्युनिस्ट हुन् भने क्रान्तिको परिस्थिति हुँदाहुँदै क्रान्तिको आह्वान नगर्नु संशोधनवाद हो । मुखले समाजवाद र जनतालाई ठूल्ठूला आश्वासन दिने तर व्यवहारमा वचन पूरा नगर्ने पाखण्डी र विश्वासघाती हुन् ।

केही वर्ष पहिले पनि एमाओवादीहरू नेमकिपालाई संसद्वादी दलको रूपमा लिन्थे । तिनीहरूको समझदारी थियो – जसले बन्दुक बोक्छ – ऊ क्रान्तिकारी हो । यस खोटपूर्ण दृष्टिकोणलाई बाबुराम भट्टराईकै कार्यपत्रको आलोचना हुँदा नेमकिपाले आफ्नो दृष्टिकोण प्रस्ट गरेको थियो । बन्दुक बोक्नु नै क्रान्तिकारी, गैर-क्रान्तिकारी र कम्युनिस्टको कसी हुने भए पृथ्वीनारायण शाह, राणा शासकहरू, २००७ सालमा नेपाली कांग्रेसले पनि बन्दुक बोकेको हुँदा के उनीहरू पनि 'कम्युनिस्ट' हुने भए ? आज एमाले, माओवादी र नेकपा (मशाल) पनि संसद्बाट सरकारमा जाने र त्यसैबाट समाजवाद ल्याउने विश्वास गर्छन् भने के तिनीहरू आफै 'संसद्वादी' होइनन् ? नेमकिपाले क्रान्तिकै निम्ति दीर्घकालीन सोच राखेर संसद्लाई कामदार जनता, देशको स्वतन्त्रता र सार्वभौमिकता, सर्वहारा अन्तर्राष्ट्रवाद र समाजवादको समर्थनमा प्रयोग गर्नु भनेको 'क्रान्तिकारी संसद' हो । त्यस्तै अमेरिकी साम्राज्यवादले अफगानिस्तान, इराक, लिबिया र सिरियामा गरेको आक्रमणको संसद्मा विरोध गर्नु तथा प्रजग कोरिया र क्युबामा नाकाबन्दीको विरोध गर्नु र अमेरिकी साम्राज्यवादले भेनेजुयलाको आन्तरिक मामिलामा गरेको हस्तक्षेपको संसद्मा विरोध गर्नु 'क्रान्तिकारी संसद्वाद' हो ।

*(नेमकिपाको सातौँ महाधिवेशनको उद्घाटन समारोहमा नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छेँ (रोहित) द्वारा व्यक्त मन्तव्य)*

मन्तव्य

# इन्डो–प्यासिफिक रणनीतिको विरोधमा नेमकिपा

नेपाल मजदुर किसान पार्टीको सातौँ महाधिवेशको यो उद्घाटन जुलुस र सभामा सम्पूर्ण देशभक्त, मजदुर, किसान, महिला, युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, कर्मचारी, उद्योगी, व्यापारी, बुद्धिजीवी, पत्रकार सबैलाई पार्टीको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

नेपाल मजदुर किसान पार्टीको छैटौँ महाधिवेशन २०७० चैत २१ देखि २४ गतेसम्म भक्तपुर–काठमाडौँ पैदल र्‍यालीसहित खुलामञ्चमा उद्घाटन समारोह सम्पन्न भएको थियो ।

यतिखेर काठमाडौँको खुला मञ्च अस्तव्यस्त छ । बढ्दो जनघनत्व र सवारी जामको कारण पार्टीले सातौँ महाधिवेशन भक्तपुरमा सम्पन्न गर्ने निर्णय गरेको हो ।

पार्टीले देशको सार्वभौमिकता रक्षाको लागि स्थापनाकालदेखि सङ्घर्ष गर्दै छ । नेपालको सुस्तामाथि भारतीय विस्तारवादको हस्तक्षेपको पहिलो विरोध हाम्रा पार्टीका अग्रजहरूले भक्तपुरबाट गर्नुभएको थियो ।

भारतीय विस्तारवादले नेपालको ७१ भन्दा बढी ठाउँमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि अतिक्रमण गर्दै छ । अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले खुला सीमाको दशगजामै पाँच दर्जनभन्दा बढी बाँध र तटबन्ध निर्माण गरेको हुँदा हाम्रो पार्टीले विरोध गर्दै छ ।

जग्गाधनी पुर्जा भएका सिमानाका नेपालीहरूसमेत भारतीय भूभागमा पर्ने गरी सरकारले सीमास्तम्भ पुनःस्थापना गरेको विरोधमा हाम्रो सङ्घर्ष चालू छ ।

सरकारका पार्टीहरू एमाले, माओवादीलगायत सडकमा हुँदा सीमा अतिक्रमणको विषय उठाउँछन् । तरसरकारमा गएपछि चुँइक्क बोल्दैनन् ।

प्रधानमन्त्री केपी ओलीले प्रमुख प्रतिपक्षको नेताको हैसियतले २०७४ भदौ ६ गतेको संसदमा नेपालको भूमि डुबानमा पर्ने गरी भारतले बनाएका बाँध र तटबन्ध भत्काउनुपर्ने र खुला सीमामा भारतीय ज्यादती रोक्नुपर्ने बताएका थिए । एमालेका अध्यक्ष केपी ओली दोस्रोपटक प्रधानमन्त्री भएको एक वर्ष आठ महिना भयो । भारतीय विस्तारवादले बनाएका बाँध र तटबन्धको कारण गएको असारमा नेपालका तराई जलमग्न भयो । रौतहटका केही ठाउँ एक महिना डुबानमा पर्‍यो । तर प्रधानमन्त्री ओली चुइँक्क बोल्दैनन्, किन ? यो प्रश्न अहिले पनि उठिरहेको छ ।

जोताहालाई मोहियानी हक दिलाउने सङ्घर्षमा नेमकिपाको उल्लेखनीय योगदान रहेको छ ।

एमाले र माओवादीको दुईतिहाइको सरकार छ । तर सरकार गठन गर्नुअघि भारतीय प्रधानमन्त्री मोदीका विशेष दूत भारतीय विदेशमन्त्रीलाई नेपाल निम्ता गरी ओली र दाहालले



sf:kl] ;jfn, s]lbo ;lrj g]dlskf

सोल्टी होटेलमा एक–एक घण्टा भेटघाट गरी आशीर्वाद लिएपछि मात्र २०७४ फागुन ३ गते माओवादीको समर्थनमा एमाले नेता ओली प्रधानमन्त्री बन्न सम्भव भए । नेपाली राजनीतिमा भारतीय हस्तक्षेप किन स्वीकार गरे – माओवादी–एमालेले ?

यसले २०७४ को प्रतिनिधिसभा र प्रदेशसभामा एमाले र माओवादीको संयुक्त चुनावी मोर्चा र त्यसपछिको पार्टी एकता भारतीय विस्तारवादको इच्छानुसार नै भएको पुष्टि गर्‍यो । हुन त सशस्त्र द्वन्द्वकै बेलामा माओवादी भारतीय ‘श्यामकर्ण घोडा’ सावित भएको हो ।

२०७० को संविधानसभाको दोस्रो निर्वाचनपछि नेका र एमालेको संयुक्त सरकार बनेको थियो । त्यसबेला दाहालले सडक र संसदमा आन्दोलन गरे । एमाले अध्यक्ष ओलीले भने, एक दुई अर्बको लागि दाहाल आन्दोलनमा लागेका छन् । दाहालको जवाफ थियो, ओलीको मानसिक सन्तुलन गुम्यो, उपचारको लागि राँची पठाउनुपर्छ । ओलीले थपे, कायरहरूमात्र माओवादीसँग मिल्छन् । दाहालले जवाफ दिए, ओली भारतीय राजावादी सूर्यबहादुर थापा हुन् ।

यसले पनि पुष्टि हुन्छ, एमाले–माओवादीको चुनावी मोर्चा र पार्टी एकता कम्युनिस्ट गठबन्धन होइन । एमाले नेता केपी ओलीले २०७४ मंसिर १५ गते एमाले–माओवादीको चुनावी मोर्चा कुनै कम्युनिस्ट गठबन्धन नभएको स्वीकार गरेका थिए ।

दाहाल दोस्रोपटक प्रधानमन्त्री भएर दिल्ली भ्रमणमा जाँदा नेपालको सुरक्षा र परराष्ट्र मामिला भारतलाई दिने गरी २५ बुँदाको संयुक्त वक्तव्यमा हस्ताक्षर गरे । हाम्रो पार्टीले उक्त संयुक्त वक्तव्यको विरोध एवम् निन्दा गर्दै खारेजीको लागि सङ्घर्ष गर्दै छ ।

अहिले दुवै नेता एउटै कम्युनिस्ट नामको पार्टीका दुई अध्यक्ष छन् । यसकारण नेपाली जनताले एमाले र माओवादीको एकतालाई कम्युनिस्ट ठान्नु हुँदैन । यी दुवै पार्टी भाइकांग्रेस नै हुन् ।

प्रम ओलीले २०७४ मंसिर २३ गते अन्तर्राष्ट्रिय भ्रष्टाचारविरोधी दिवसमा भनेका थिए, म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचारीको मुख पनि हेर्दिनँ।

वाइडबडी जहाज खरिदमा ४ अर्ब ३५ करोड, नेपाल टेलिकमको फोरजी सेवा विस्तारमा १२ अर्ब, एनसेल पूँजीगत लाभकर असुलीमा १८ अर्ब भ्रष्टाचार भएको विषय संसदमा जोडका साथ उठिरहेको छ।

अख्तियार स्रोतअनुसार १८४८ वटा ठेक्काको ११८ अर्बको काम अधुरै छन्। २४ अर्ब परिचालन पेश्की लिएका ठेकेदारले काम सुरु गरेका छैनन्। काठमाडौँ–बारा द्रुतमार्गको सुरुको लागत अनुमान रू. ५६ अर्ब थियो। अहिले ११२ अर्ब हुँदै १७५ अर्ब पुर्‍याइयो। डीपीआरविना सुरु गरिएको द्रुतमार्गको एक ठेकेदार माओवादी अध्यक्ष दाहालकै घरभेटी हुन्। उनले नगरकोट सडक ठेक्का लिएर अलपत्र राखेको हुँदा हामीले विरोध प्रदर्शन पनि गर्‍यौँ। द्रुतमार्गलगायत राष्ट्रिय गौरवका आयोजनामा सरकारमा गएका पार्टीहरूबीच भागबन्डासहित अर्बौं भ्रष्टाचार भएको विषय पनि संसदमा उठिरहेको छ। ३८ क्वीन्टल सुन तस्करका अपराधीहरू पनि पक्राउ परेका छैनन्।

सरकारहरूले नेपालको उद्योग ध्वस्त पारे। नेपाल औषधि लिमिटेडमा २०० प्रकारको औषधि उत्पादन हुन्थ्यो। अहिले ५ प्रकारको मात्र उत्पादन हुन्छ। २०७२ मा उद्योगमन्त्री भएकाले विराटनगर जुटमिलको मेसिनको पार्टपुर्जा, गार्ड क्वाटर र पर्खालसमेत भत्काएर इँटा बेचेको समाचार प्रकाशित भयो।

नेपालले खाद्यान्नदेखि इन्धन, गाडी सबथोक गरी खर्बौंको आयात गर्दै छ। गत वर्ष नेपालको व्यापारघाटा कुल बजेटभन्दा बढी अर्थात् १३ अर्ब नाघ्यो। गोरखकाली रबर उद्योग ध्वस्त पारिएको हुँदा गत वर्ष ८ अर्बको टायर ट्युब आयात भयो। नेपालको अर्थतन्त्र ध्वस्त पार्ने अर्थमन्त्री र उद्योगमन्त्रीहरूलाई कारबाही गर्नुपर्दछ।

गोर्खा परिषद्को वर्गविहीन समाज, नेकाको समाजवाद, पञ्चायतको शोषणरहित समाज र एमाले–माओवादीको समृद्ध नेपाल र सुखी नेपालीमा कुनै फरक नभएको जनता अनुभूत गर्दै छन्।

नेमकिपाले नेपालको नागरिकता समस्या समाधान गर्न नेपाल–भारत खुला सीमा बन्द गर्नुपर्ने विषय उठाउँदै छ। आमा र बुबा दुवै वंशजका नेपाली नागरिकका छोराछोरीलाई मात्र वंशजको नेपाली नागरिकता दिनुपर्ने, जन्मको आधारमा नेपाली नागरिकता वितरण छानबिन गर्नुपर्ने, अङ्गीकृत नेपाली नागरिकका छोराछोरीलाई अङ्गीकृत नेपाली नागरिकता दिनुपर्ने वंशजको दिन नहुने, नेपालीसँग विवाह गरेका विदेशीलाई १५ वर्षपछि मात्र अङ्गीकृत नेपाली नागरिकता दिनुपर्ने, एक हातले सिन्दुर र अर्को हातले नेपाली नागरिकता दिने खुकुलो नीति बनाउन नहुने विषय पार्टीले जोडका साथ उठाएको छ।

नेपाल बलिको बोका हुने भएकोले हाम्रो पार्टीले इन्डो–प्यासिफिक सैन्य गठबन्धनको विरोध गर्दै छ।

अमेरिकी साम्राज्यवादले चीनले अघि बढाएको बीआरआईलाई बिथोल्न इन्डो–प्यासिफिक सैन्य गठबन्धनको मुख्यालय नेपालमा राख्ने प्रस्ताव जापानमार्फत गर्दै छ। अमेरिकी साम्राज्यवादले नेपाललाई ५६ अर्ब सहयोग (एमसीसी– मिलेनियम च्यालेञ्ज कर्पोरेसन) अन्तर्गत दिन चीनको तिब्बतबाट भागेर आएका तिब्बतीलाई भारत आश्रयमा रहेका दलाइ लामासम्म पुग्ने बाटो दिनुपर्ने र प्रजग कोरयाविरुद्धको नाकाबन्दीलाई समर्थन गर्नुपर्ने सर्त राखेको थियो। यो नेपाललाई चीन र प्रजग कोरियाविरुद्ध उभ्याउने अमेरिकी नीति भएकोले नेमकिपा विरोध गर्दछ। यससम्बन्धी संसदमा विचाराधीन एमसीसी सम्झौतामा भारतको समेत सहमति लिनुपर्ने प्रावधान छ। यो स्थिति प्रम दाहालको पालामा नेपालको परराष्ट्र मामिला भारतलाई जिम्मा लगाउने संयुक्त वक्तव्यको परिणाम हो।

चीनको बीआरआई २०६०–७० को आर्थिक विकासमा सहकार्य हो, सैन्य गठबन्धन होइन।

संरा सङ्घले अमेरिकी साम्राज्यवादकै दबाबमा नेपालको परराष्ट्र मन्त्रालयलाई पत्र लेखेर प्रजग कोरियाको लगानी नेपालीबाट फिर्ता लैजान दबाब दियो।

संरा सङ्घले प्रजग कोरियाविरुद्ध आणविक हतियार बनाएको आरोप लगाएको झूटा हो। संसारमा सबभन्दा बढी आणविक हतियार उत्पादन गर्ने अमेरिकी साम्राज्यवाद नै हो।

प्रजग कोरियाको साम्राज्यवादविरोधी सङ्घर्षलाई नेपालजस्तो सानो देशले समर्थन गर्नुपर्ने पार्टीको मत हो।

पार्टीले सन् २०१८ भरि मार्क्सको २०० वर्षको जन्मदिवसमा मार्क्स–एँगेल्सको – कम्युनिस्ट घोषणापत्र, साम्यवादका सिद्धान्तहरू, बेलायतमा मजदुर वर्गको अवस्था, फ्रान्सको गृहयुद्धलगायत रचनाहरू कार्यकर्ताहरूबीच अध्ययन र अन्तरक्रियासहित मनायो।

पार्टीको प्रकाशन 'मजदुर–किसान', 'श्रमिक साप्ताहिक' र 'मजदुर' दैनिकलगायत प्रकाशनहरूको अध्ययन र अन्तरक्रिया चालू छ।

हाम्रो पार्टीविरुद्ध प्रतिक्रियावादीहरूको षड्यन्त्रबारे जनतालाई सचेत पार्न बर्सेनि भक्तपुर काण्डको विरोध एवम् निन्दा कार्यक्रम पनि भइरहेको छ।

पार्टीले पार्टीका कार्यकर्तालाई देशको निम्ति लड्ने सिपाहीँ, इमानदारीपूर्वक जनताको सेवा गर्ने योद्धाको रूपमा विकास गर्न पार्टी सिद्धान्तबाट प्रशिक्षित गर्दै आएको छ।

हाम्रो पार्टीले महाधिवेशनलाई समाजवादी प्रचार अभियानमा सहभागी बृहद् कक्षाको रूपमा अगाडि बढाउँदै छ। यो महान अभियानमा सहभागी हुन सम्पूर्ण नेपाली जनतालाई पार्टीको तर्फबाट पुनः स्वागत गर्दछु।

अन्तमा, महाधिवेशन सफल पार्न आर्थिक, नैतिक र भौतिक रूपमा सहयोग गर्ने सम्पूर्णमा धन्यवाद व्यक्त गर्दछु।

*(उद्घाटन समारोहमा व्यक्त मन्तव्य)*

मन्तव्य

# समाजमा आमूल परिवर्तन गर्न नेमकिपा सङ्घर्षरत

नेपाल मजदुर किसान पार्टी कामदार वर्गलाई शासक वर्गको रूपमा उठाउने उद्देश्यले स्थापना भएको पार्टी हो । पार्टी स्थापनाकालदेखि सङ्घर्षका विभिन्न रूपहरूलाई प्रयोग गर्दै समाजमा आमूल परिवर्तन गर्न नेमकिपा सङ्घर्षरत छ । नेपालको राजनैतिक परिवर्तनहरूमा महत्त्वपूर्ण योगदान गर्दै आएको नेपाल मजदुर किसान पार्टीले नेपालको कम्युनिस्ट आन्दोलनमा छुट्टै छवि कायम गर्न सफल भएको छ । नेपाल कम्युनिस्ट आन्दोलनमा देखापरेका वामपन्थी र दक्षिणपन्थी अवसरवादविरुद्ध सम्झौताहीन सङ्घर्ष गर्दै नेपाल मजदुर किसान पार्टी आजको स्थितिमा आइपुगेको छ ।

नेपाल मजदुर किसान पार्टीले समाजवादको आजुमा पुग्न सामन्तवादी र पूँजीवादी व्यवस्थामा हुने विभिन्न तहको निर्वाचनहरूलाई उपयोग गर्दै आएको छ । जनआन्दोलनपछि निर्मित अन्तरिम संविधान र नेपालको संविधान निर्माणको क्रममा देश र जनताको पक्षमा विभिन्न प्रावधानहरू समावेश गर्न नेमकिपाले महत्त्वपूर्ण भूमिका खेल्यो । जनआन्दोलनको उपलब्धिस्वरूप हाल देशमा समाजवादउन्मुख संविधान कार्यान्वयनमा छ ।

समाजवादको अर्थ उत्पादनका मुख्य–मुख्य साधन र सेवा सामाजिकीकरण, व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क तथा रोजगारीको सुनिश्चितता हो । केन्द्र, प्रदेश र स्थानीय तहमा करिब दुईतिहाइको सङ्ख्यामा नेकपाको प्रतिनिधित्व छ । नेकपाको सरकार संविधानको भावनाअनुसार नचलेको मात्रै होइन पार्टीको नामअनुसारको चरित्र प्रदर्शन गर्न सकेन । नेपाल सरकारले सार्वजनिक गरेको पञ्चवर्षीय योजना त्यसको एक उदाहरण हो । यो सरकारले अबको ५ वर्षपछि देशको सबै क्षेत्रमा निजी क्षेत्रको लगानी ५५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । निजीकरणलाई जोड दिनेहरू कम्युनिस्ट हुनै सक्दैनन् ।

देशमा सङ्घीयता कार्यान्वयन भएको ४ वर्ष भयो । सङ्घीयताको अर्थ अधिकारको विकेन्द्रीकरण हो । स्वायत्तता र विकेन्द्रीकरणलाई राम्रोसँग कार्यान्वयन गरिएमा नेपालमा सङ्घीयताको आवश्यकता नभएको नेमकिपाले बारम्बार उठाउँदै आएको हो । सङ्घीयता कार्यान्वयनपछि केन्द्र र प्रदेश सरकारहरू स्थानीय तहलाई अधिकार दिन चाहिरहेका छैनन् । स्थानीय तह केन्द्रको मातहतमा बस्नुपर्छ भन्ने पुरानो सोच केन्द्र सरकारमा बस्नेहरूसँग अद्यापि छँदैछ । स्थानीय तह प्रजातन्त्रको जग हो । स्थानीय तह विकास नभएसम्म देशको विकासले पूर्णता पाएको हुँदैन ।



sf] ;lgn k|fklt, s]lGb|o ;b:o g]dlskf

प्रधानमन्त्री केपी ओलीले स्थानीय तहहरू केन्द्रका इकाइ मात्रै हुन् भन्नुभयो । यो सरासर अराजनैतिक र संविधानविपरीत अभिव्यक्ति हो । नेपालको संविधानले केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । ती सबै सरकारहरू आ–आफ्नो क्षेत्रभित्र संविधान र कानुनअनुसार स्वायत्त छन्, कोही कसैको अधीनमा बस्नु पर्दैन । तर, केन्द्रले स्थानीय तहमा कर्मचारी नियुक्ति र सरुवा गर्दैछ । यो स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप हो ।

नेपालको संविधानअनुसार मावि तहसम्मको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय तहको हो । स्थानीय तहहरूले आ–आफ्नो क्षमताअनुसार शिक्षाको व्यवस्थापन गरिरहेका छन् । सङ्घीय सरकारले संविधानविपरीत जिल्ला शिक्षा समन्वय इकाइ खडा गरी शिक्षकहरू भर्ना र सरुवा गर्ने काम गर्दैछ । शिक्षकहरूलाई तलब सुविधा स्थानीय तहले दिने तर शिक्षकहरूमाथिको सम्पूर्ण अधिकार केन्द्रले लिनेजस्ता गलत अभ्यास हुँदैछ । अनावश्यक स्थापना गरिएका जिल्ला शिक्षा समन्वय इकाइहरू भङ्ग गरी सम्पूर्ण अधिकार स्थानीय तहलाई दिनुपर्छ । यो संविधानको भावना र जनताको चाहना हो ।

२०७२ सालको भूकम्पले धेरै घरहरू भत्किए । आज ४ वर्ष बितिसक्दा पनि कैयौँ भूकम्प पीडितहरू टहरामै छन् । सरकारले भूकम्प पीडितलाई दिनेगरेको ५० हजार रुपैयाँ 'हात्तीको मुखमा जिरा' सरह भएको छ । गरिब जनताको दुःखलाई बुझेर हामीले एकमुस्ट रकम दिनुपर्ने, स्थानीय तहको सिफारिसमा एकमुस्ट अनुदान दिनुपर्ने र अनुदान रकम बढाउनुपर्ने माग गर्दै आयौँ । तर, सुनवाइ भएको छैन ।

स्थानीय निर्वाचनमा भक्तपुर, जुम्ला, कालीकोट, दैलेखलगायतका जिल्लाहरूमा नेमकिपाको तर्फबाट जित्नुभएका

हाम्रा साथीहरूले देश र जनताको हितलाई केन्द्रबिन्दुमा राखेर निर्वाचन घोषणापत्रअनुसार काम गर्दै हुनुहुन्छ । शतप्रतिशत जितेको भक्तपुर नगरपालिकाले पार्टीको नीति र निर्देशनमा जनताको पक्षमा काम गर्दै आएको छ । भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजसहित सात वटा शैक्षिक संस्थाहरू सफलताका साथ सञ्चालन गर्दै आएको छ । नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा मनाङबाहेक सबै जिल्लाका विद्यार्थीहरूले अध्ययन गरिसकेका छन् भने हाल नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा ६५ जिल्लाका ६ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी गर्दैछ । सरकारको पूर्वाग्रही र पक्षपातपूर्ण व्यवहारका कारण संसदमा प्रस्तुत ख्वप विश्वविद्यालय विधेयक पारित भएको छैन । हामी काम गरीखाने वर्गका सन्तानहरूलाई सस्तोमा गुणस्तरीय शिक्षा दिन चाहन्छौँ । आर्थिकरूपले कमजोर परिवारका विद्यार्थीलाई रु. पाँच लाखसम्म सहुलियत दरमा शैक्षिक ऋण, देशको आवश्यकतालाई ध्यानमा राखेर राजनीतिशास्त्र, इतिहास, भूगोल, संस्कृति, नेपालभाषा पढ्ने विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था र शिशुस्याहारदेखि कलेजहरूसम्म सञ्चालन गरी भक्तपुर नगरपालिकाले देशको शैक्षिक क्षेत्रमा उदाहरणीय योगदान गर्दै आएको छ ।

युवाहरूलाई विभिन्न सीपहरू दिन डकर्मी, सिकर्मी, चिनियाँ र जापानी भाषाको तालिम, फोटोग्राफी, पथ प्रदर्शक, रेडियो प्रस्तोताजस्ता तालिमहरू दिँदैछौँ । किसानहरूलाई लक्षित गरी कृषि प्राविधिक तालिम, माटो परीक्षण, बेमौसमी तरकारी खेती, किटनाशक औषधिको प्रयोगलगायतका तालिम तथा समयअनुसार उन्नत जातको बिउ निःशुल्क वितरण गर्दै आएको छ ।

भनपाले घरदैलो नर्सिङ सेवा, जनस्वास्थ्य केन्द्रहरू सञ्चालन गरी जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । शिक्षा–स्वास्थ्यजस्ता आधारभूत आवश्यकतालाई प्राथमिकतामा राखेर स्थानीय तहले विद्यालय, कलेज र अस्पताल सञ्चालन गरी जनमुखी कार्यहरू गर्दै आएको छ ।

विदेशी सहयोगविना सम्पदाहरूको पुनःनिर्माण र विकास निर्माणमा स्थानीय जनताको परिचालन यहाँको विशेषता हो । आर्थिक अनुशासन र पारदर्शितालाई जोड दिँदै आएकोमा भक्तपुर क्यान्सर अस्पतालमा व्यापक आर्थिक अनियमितता भएको समाचार सार्वजनिक भयो । स्थानीय जनप्रतिनिधिको हैसियतले त्यहाँका सम्बन्धित पदाधिकारीहरूसँग पटक–पटक यथार्थ कुरा जानकारी लिने कोसिस गर्‍यौँ । तर, पदाधिकारीहरू विभिन्न बहाना गरी सम्पर्कमा आउन चाहेनन् । स्थानीय जनताको विरोध सुरु भयो । अस्पतालका कर्मचारीहरूले भ्रष्ट व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अस्पताल छिर्न नदिने निर्णयसाथ व्यवस्थापन समिति गठन गरी दिन नगरपालिकामा निवेदन दिए ।

भक्तपुर क्यान्सर अस्पताल स्थापनाको लागि भनपाले २०५८ सालमा ५–४–०–० जग्गा र २० लाख रूपैयाँ भन्दा बढी रकम दिएको थियो । उक्त जग्गा कुनै व्यक्ति वा संस्थालाई उपभोग वा हक हस्तान्तरण गर्न नपाउने र संरचना निर्माण गर्दा नियमानुसार नक्सापास गरेरमात्रै गर्नुपर्ने सर्त थियो । नगरपालिकाका प्रतिनिधि उपाध्यक्ष र भक्तपुरका निर्वाचित सांसदहरू सल्लाहकारमा रहने व्यवस्था थियो । क्यान्सर अस्पतालका तत्कालीन व्यवस्थापन समितिका भ्रष्ट पदाधिकारीहरूले सर्तविपरीत जग्गा नेपाल अर्बुद रोग निवारण संस्थालाई उपभोग गर्न दिएको, बिनानक्सा पास संरचनाहरू निर्माण गरेको तथा नपाका पदाधिकारी र सांसदहरूलाई विनाकारण हटाएर आफूखुसी निजी संस्थाझैँ सञ्चालन गरेको देखियो ।

भक्तपुर नगरपालिकालाई कार्यक्षेत्र बनाउने सबै गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई नगरपालिकामा दर्ता गर्न पटक–पटक सूचना प्रकाशित गर्दा पनि नेपाल अर्बुद रोग निवारण संस्थाले हालसम्म पनि नगरपालिकामा दर्ता गरेको छैन । अतः नेपाल अर्बुद रोग निवारण संस्था गैरकानुनीरूपमा सञ्चालित छ ।

अस्पतालमा सरसफाइमा कार्यरत ३८ जना कर्मचारीहरू अस्पताल व्यवस्थापन समितिका सदस्य विमल होडा आफै संलग्न भएको भरोसा सर्भिसेज प्रालिबाट नियुक्त गरी प्रतिव्यक्ति मासिक रु. १३०००।– भन्दा बढी अर्थात् सफाइ कर्मचारीहरूबाट मात्रै मासिक रु. ५ लाख भ्रष्टाचार गरेको, प्रयोगशाला सञ्चालनमा ५६ प्रतिशत आम्दानी अस्पतालले लिने र कर्मचारीको भार अस्पतालले व्यहोर्नु नपर्ने सम्झौता थियो । तर, २०७४ पुस २ गते अर्को सम्झौता गरी ४५ प्रतिशतमात्रै अस्पतालले पाउने र कर्मचारी पनि अस्पतालले व्यहोर्ने गरी अस्पताललाई मासिक लाखौँ घाटामा पुर्‍याएको, सिटी स्क्यानको लागि विपन्न बिरामीहरूलाई मात्रै नगरपालिकाले ९६ लाखको सिफारिस गरेको र अन्य करोडौँ रूपैयाँको आम्दानी भएकोमा त्यसलाई लुकाई जम्मा आम्दानी ८२ लाख रूपैयाँ मात्रै देखाई अनियमितता गरेको तथा वार्षिक रु. १६ करोड आम्दानी भएको अस्पतालको कर चुक्ता रु. १ करोड मात्रै गरी करोडौँ रूपैयाँ कर छली गरेकोजस्ता थुप्रै भ्रष्टाचारका प्रमाणहरू भेटिएपछि भक्तपुर नगरपालिकाले अस्पताल सञ्चालन गर्न नयाँ व्यवस्थापन समिति गठन गरेको हो ।

भ्रष्टाचारीहरूलाई कारबाही गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग छ । क्यान्सर अस्पतालमा करोडौँको भ्रष्टाचारबारे बारम्बार समाचार सार्वजनिक हुँदासमेत अख्तियारले किन कारबाही गर्दैन ? स्थानीय जनताले भ्रष्ट पदाधिकारीहरूको सम्पत्ति छानबीन गर्न सम्पत्ति शुद्धिकरण ➲➲

# नेमकिपाको अध्यक्षमा का.रोहित सर्वसम्मतिले निर्वाचित

## बिजुक्छेँको अध्यक्षतामा २५ सदस्यीय केन्द्रीय समिति गठन

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशन (असोज ३–६) बाट नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा २५ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ ।

असोज ६ गते सोमबार बसेको बन्दसत्रमा सहभागी प्रतिनिधिहरूको सर्वसम्मतिले नारायणमान बिजुक्छेँ (रोहित) लाई अध्यक्षमा निर्वाचित गरेको हो । नयाँ निर्वाचित कार्यसमितिमा प्रेम सुवाल, सुनिल प्रजापति, मोहनप्रसाद प्रजापति, डिल्लीप्रसाद काफ्ले, नवराज कोइराला, जग्यबहादुर शाही रहनुभएको छ । त्यस्तै सनकमान महर्जन, नन्दबहादुर शाही, बजिरसिं विश्वकर्मा, नर्मा गुरूङ, नारायण महर्जन, सरोजराज गोसाई, उकेश कवां, खगेन्द्रबहादुर शाही, कृष्णकुमार वैद्य, अनुराधा थापामगर सदस्यमा निर्वाचित हुनुभएको छ । त्यस्तै कमलमैया सुवाल, हरिसुन्दर बासी, राजवीर डंगोल, सुरेन्द्रराज गोसाई, सृजना सायजू, सरोजकुमार साह सदस्यमा निर्वाचित हुनुभएको छ । कृष्णबहादुर तामाङ र मुक्ति यादव वैकल्पिक सदस्यमा निर्वाचित हुनुभएको छ ।

त्यस्तै असोज ७ गते बसेको पार्टीको पहिलो केन्द्रीय बैठकले अध्यक्ष बिजुक्छेँसहित प्रेम सुवाल, सुनिल प्रजापति, मोहनप्रसाद प्रजापति र नन्दबहादुर शाही सम्मिलित पार्टी केन्द्रीय सचिवालय एवम् एक केन्द्रीय सल्लाहकार समिति गठन गरेको उल्लेख छ ।

पार्टी केन्द्रीय समितिमा रवीन्द्र ज्याख्व तथा वैकल्पिक केन्द्रीय सदस्यमा राजेन्द्र चवाल र नारायणबहादुर दुवाल मनोनित गरेको उक्त बैठकले प्रदेशहरूको जिम्मेवारी बाँडफाँट गर्दै प्रदेश १ मा उकेश कवां, प्रदेश २ मा सुरेन्द्रराज गोसाई, प्रदेश ३ मा प्रेम सुवाल, प्रदेश ४ मा डिल्लीप्रसाद काफ्ले, प्रदेश ५ मा हरिसुन्दर वासी, प्रदेश ६ मा सरोजराज गोसाई र प्रदेश ७ मा नन्दबहादुर शाहीलाई संयोजक चयन गरेको छ ।

महाधिवेशनमा निर्वाचन प्रक्रिया सञ्चालनको निम्ति बन्दसत्रका प्रतिनिधि लक्ष्मण जोशीको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन मण्डल गठन गरिएको थियो । निर्वाचन मण्डलमा उद्धव सुजखू र सुनकेशा शाही रहनुभएको थियो ।

नवनिर्वाचित अध्यक्ष बिजुक्छेँले बन्दसत्रमा शपथग्रहण गर्नुभएको थियो भने अध्यक्ष रोहितले नवनिर्वाचित सदस्यहरूलाई शपथग्रहण गराउनुभएको थियो ।

सोमबार बसेको बन्दसत्रले पार्टीका अध्यक्ष रोहितले

---

➲➲ आयोगमा निवेदन दिएका छन् । तर, हालसम्म कुनै कारबाही भएको छैन । राज्यको करोडौँ अनुदान प्राप्त अस्पतालमा व्यापक भ्रष्टाचार हुँदासमेत स्वास्थ्य मन्त्रालयले किन छानबीन प्रक्रिया अगाडि बढाउँदैन ? जिल्ला प्रशासन कार्यालय किन मौन ? यो प्रश्न आज भक्तपुरका जनताले गरिरहेका छन् ।

जनताको सेवामा अस्पताल राम्रो सञ्चालन गर्नुबाहेक नगरपालिकाको कुनै स्वार्थ छैन । नयाँ व्यवस्थापन समितिको गठनपश्चात् अस्पतालले विगतमा भन्दा राम्रो सेवा प्रदान गर्दै आएको छ । स्थानीय जनप्रतिनिधि, जनता र अस्पताल कर्मचारीहरू कसैको पनि साथ नपाएपछि भ्रष्ट व्यवस्थापकहरू अदालतको ढोका घच्घच्याउँदै छन् । भ्रष्टाचारीहरू जहाँ गए पनि अस्पताल जनताको हो, जनताकै बनाउनुपर्छ । भ्रष्टाचारीहरू एक–एकलाई कारबाही गर्नुपर्छ । यो जनताको आवाज हो ।

केही राजनैतिक पार्टीहरूले वास्तविकता नबुझी वा बुझ पचाई भ्रष्टाचारीहरूलाई संरक्षण दिइरहेका छन् । भ्रष्टाचारीहरूलाई संरक्षण दिनु भ्रष्टाचारीकै मतियार बन्नु हो । भ्रष्टाचारीहरूसँगै तिनीहरूलाई संरक्षण दिने राजनैतिक दलहरूलाई पनि जनताले फोहर बग्ने नालीमा फाल्ने छन् ।

नेपाल अर्बुद रोग निवारण संस्थाको एक कार्यक्रममा बोल्दै प्रदेश ३ का मुख्य मन्त्री डोरमणी पौडेलले 'भक्तपुर नगरपालिकाले अधिकार नाघेर काम गरेको' आरोपलगाउनुभयो । उहाँले भ्रष्टाचारीहरूको पक्ष लिएर नगरपालिकाको विरोध गर्नुभयो । मुख्यमन्त्रीजी, नगरपालिकालाई अस्पताल सञ्चालन गर्ने अधिकार छैन भने गैरसरकारी संस्थालाई १०० शय्याभन्दा ठूलो अस्पताल सञ्चालन गर्ने अधिकार संविधानको कुन धाराले दिन्छ ? मुख्यमन्त्री सम्मिलित कार्यक्रम नै भ्रष्टाचार आरोप लागेको संस्थाकै आर्थिक प्रयोजनमा सञ्चालित कार्यक्रम भएको हेक्का राख्नुभएवेश होला । आईएनजीओले बनाइ दिएको घरमा बस्ने, तिनीहरूकै पैसाबाट पटकपटक विदेश सयर गर्नेहरूले यसरी गैरसरकारी संस्थाको पक्ष लिनु आश्चर्यको कुरा होइन । विदेशीको दाना खानेहरूले तिनीहरूकै गाना गाउँछन् भनेको यही हो । गुण्डागर्दी, तस्करको नाउँले बदनाम केही सांसदहरू नेपाल अर्बुद रोग निवारण संस्थाजस्ता गैरसरकारी संस्थाको पैसा खाएर नगरपालिकाको विरोध गरिरहेका छन् । तिनीहरूलाई पनि जनताले भ्रष्टाचारीहरूसँगै ठेगान लगाउनेछन् ।

अन्त्यमा, जिल्ला–जिल्लाका प्रतिनिधि, पर्यवेक्षक साथीहरू तथा सहभागी, महाधिवेशन सफल पार्न सहभागी सम्पूर्णलाई हार्दिक धन्यवाद ! *(उद्घाटन समारोहमा व्यक्त मन्तव्य)*

प्रस्तुत गर्नुभएको जनताको प्रजातन्त्रलाई तत्कालीन कार्यक्रमको रूपमा पारित गऱ्यो। पार्टीको भावी कार्यक्रममाथि समूहगत छलफल र समूह प्रस्तुतिपछि संशोधनसहित पारित गरिएको थियो।

त्यस्तै पार्टीका अध्यक्ष रोहितले प्रस्तुत गर्नुभएको समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरू संशोधनसहित पारित गरेको छ। प्रस्तावहरूमाथि समूहगत छलफल गरी आएका थप प्रस्तावसहित प्रस्तावहरू पारित गरिएको थियो।

नेमकिपाले जन्मको आधारमा विदेशीले पाएको नेपाली नागरिकता छानबीन गरी अविलम्ब खारेज गर्नुपर्ने प्रस्ताव पारित गरेको छ। त्यस्तै वाइडबडी जहाज खरिद, एनसेल पूँजीगत लाभकर, नेपाल टेलिकमको फोरजी सेवालगायतमा अर्बौं रूपैयाँ भ्रष्टाचार भइरहेको हुँदा त्यसको अविलम्ब छानबीन गरी कारबाही गर्नुपर्ने महाधिवेशनले ठहर गरेको छ। पारित प्रस्तावमा नेपाल र भारत दुवै देशको हितको लागि खुला सीमा नियमित गर्न र भारतीय विस्तारवादद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता गर्न/गराउन कूटनीतिक पहल गर्नुपर्ने उल्लेख छ। देशभरिका ९ लाख भूकम्प पीडितमध्ये अझै एकतिहाइले पनि घर निर्माण गर्न नसकेको हुँदा पीडितलाई दिने अनुदान रकम र दुई प्रतिशत ब्याजदरमा रू. २५ लाखको पुनः कर्जा सहजताका साथ निरन्तरता दिन मागसमेत गरिएको छ। राजनीतिक भागबण्डाको आधारमा विश्वविद्यालयका उच्च पदहरूमा नियुक्ति गर्ने प्रक्रिया अविलम्ब बन्द गर्न माग गरिएको छ।

चीनविरूद्ध अमेरिकी साम्राज्यवादको व्यापार युद्ध कसैको हितमा नहुने भएकोले त्यसबारे सर्वसाधारण जनता र कार्यकर्ताहरूलाई शिक्षित गर्दै जानुपर्ने ठहर गर्दै महाधिवेशनले भारतको मोदी सरकार फासीवादतर्फ उन्मुख भएको, जम्मु–काश्मीरका जनताको मानवअधिकारको ठाडो उल्लङ्घन गर्दै भारतको मोदी सरकारको कदम विस्तारवादी भएको महाधिवेशनले ठहर गरेको छ।

नेमकिपाको सातौँ महाधिवेशनको बन्दसत्र असोज ४ गते बिहानै सुरू भएको थियो। नेमकिपाका केन्द्रीय अध्यक्ष रोहितको अध्यक्षतामा गठित तीन सदस्यीय अध्यक्ष मण्डलले सञ्चालन गरेको बन्दसत्रले पार्टीको प्रतिवेदन र विधान संशोधन गरेको थियो।

पार्टीको प्रतिवेदन र विधान संशोधन प्रस्ताव पारित

नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले प्रस्तुत गर्नुभएको विधान संशोधन प्रस्ताव सुझावसहित परित गरिएको थियो। विधान संशोधन गर्नु अगाडि प्रतिनिधि तथा पर्यवेक्षकहरूले विभिन्न १० वटा समूहमा विभाजित भई छलफल गर्नुभएको थियो।

महाधिवेशनको दोस्रो दिन शनिबार बसेको बन्दसत्रले पार्टी केन्द्रीय समितिको प्रतिवेदन पारित गरेको थियो।

नेमकिपाका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित), सचिव प्रेम सुवाल र केन्द्रीय सदस्य सुनिल प्रजापतिको अध्यक्ष मण्डल गठनपछि सुरू भएको बन्दसत्रको सुरूआतमै केन्द्रीय सचिव प्रेम सुवालको तर्फबाट केन्द्रीय सदस्य सुनिल प्रजापतिले केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

प्रतिवेदनमाथि दशवटा समूह बनाई छलफलपछि बन्द बैठकमा थप छलफल गरिएको थियो। छलफलमा आएका सुझाव समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप दिन निर्वाचित नयाँ केन्द्रीय समितिलाई जिम्मा दिने निर्णय गरिएको थियो।

प्रतिवेदनमा भारतीय एकाधिकार पूँजीले नेपालको जलस्रोत कब्जा गर्दै आएकोले नेपालको जलविद्युत् नेपालीको लगानीमा उत्पादन गर्नुपर्ने पार्टीको मत भएको उल्लेख गरिएको छ।

पार्टीले घर बनाउन बाँकी भूकम्प पीडितलाई एकमुष्ट रू. १० लाख अनुदान दिनुपर्ने र सहुलियत ब्याजदरको पुनः कर्जा चालू राख्नुपर्ने तथा घर बनाउन नसकेका गरिब भूकम्पपीडितलाई सरकारले नै घर बनाइदिनुपर्नेमा जोड दिएको सचिव सुवालको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै सिंहदरबारभित्र भारतीय लगानीको तर नेपाली नामको 'एभरेस्ट बैङ्क' हटाउन पार्टीले पटक–पटक आवाज उठाएको भन्दै प्रतिवेदनमा भारतीय लगानीको 'एभरेष्ट बैङ्क' सिंहदरबारबाट हटाउन सङ्घर्ष चालू राख्ने उल्लेख छ।

एमाले–माओवादी दुई पार्टीको एकता सिद्धान्तहीन र भारतीय विस्तारवाद एवम् अमेरिकी साम्राज्यवादको गोटी साबित भएको प्रतिवेदनमा उल्लेख छ। गुठी संस्थान वा गुठी प्राधिकरण खारेज गर्नुपर्ने भन्दै प्रतिवेदनमा गुठीअन्तर्गतका सम्पदा एवम् सम्पत्ति संरक्षण र स्रोतको व्यवस्थापन तथा संस्कृति सञ्चालन गर्ने जिम्मेवारी तत्तत् नगरपालिका र गाउँपालिकालाई दिनुपर्ने उल्लेख छ। प्रतिवेदनमा भनिएको छ, 'नेपाल ट्रस्ट खारेज गरी त्यसअन्तर्गतका सम्पत्ति पनि तत्तत् नगरपालिका र गाउँपालिकालाई दिनुपर्ने पार्टीको मत हो।'

सरकारले पारमाणविक तथा रेडियोधर्मी पदार्थको शान्तिपूर्ण एवम् सुरक्षित प्रयोग विधेयक पनि संसद्मा पेश गरेको उल्लेख गर्दै प्रतिवेदनमा पार्टीले तत्काल यो विधेयक पारित नगर्न विरोध गरिरहेको उल्लेख छ।

तेऱ्ह महिनादेखि प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन नागरिकता विधेयकबारे प्रतिवेदनमा भनिएको छ, 'हाम्रो पार्टीले देशको सार्वभौमिकता रक्षाको लागि जन्मको आधारमा विदेशीले पाएको नेपाली नागरिकता खारेज गर्नुपर्ने विषय जोडका साथ उठाउँदैछ भने पार्टीले नेपाली पुरूषसँग विवाह भएका विदेशी महिलालाई विवाह दर्तालगत्तै अङ्गीकृत नेपाली नागरिकता दिने प्रावधान खारेज गर्नुपर्ने मत राख्दैछ।'

पार्टीका केन्द्रीय सचिवले प्रस्तुत गर्नुभएको प्रतिवेदनमा संसारमा देखिएको अशान्ति, हिंसा तथा युद्धको कारक साम्राज्यवाद र पूँजीवाद नै भएको हुँदा नेमकिपाले युद्धविरूद्ध घृणा पैदा हुने गतिविधिलाई चालू राखेको उल्लेख छ । प्रतिवेदनमा उल्लेख छ, 'अमेरिकी साम्राज्यवादले एक क्षेत्र एक मार्ग (बीआरआई) लाई बिथोल्न र चीनको विकासलाई रोक्न एक वर्षदेखि चिनियाँ सामानमा कर बढाउँदै चीनविरूद्ध व्यापार युद्ध गर्दैछ ।' अमेरिकी साम्राज्यवादले चीन र भारतबीच मतभेद सिर्जना गरी एसियालीलाई एक–आपसमा भिडाउने षड्यन्त्र गरिरहेको भन्दै प्रतिवेदनमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले चीनविरूद्ध नेपाललाई उभ्याउने षड्यन्त्र गरिरहेको उल्लेख छ । प्रतिवेदनमा भनिएको छ, 'अमेरिकी साम्राज्यवादले सहश्राब्दी लक्ष्य प्राप्तिको लागि सहयोगको नाममा नेपाललाई रू. ५६ अर्ब अमेरिकी सहयोग प्रदान गर्न नेपालले प्रजग कोरियाविरूद्धको नाकाबन्दीलाई समर्थन गर्नुपर्ने र तिब्बतबाट भागेर नेपाल आएका तिब्बतीहरूलाई भारत आश्रयमा बसेका दलाई लामासम्म पठाउने मार्ग प्रशस्त गर्नुपर्ने सर्त राख्यो । अमेरिकी साम्राज्यवादका यी गतिविधि नेपालको आन्तरिक मामिलामा हस्तक्षेप हो ।'

अमेरिकी साम्राज्यवादको गोटीअनुसार पाकिस्तानलाई एक्ल्याउन र चीनलाई घेर्न बिम्स्टेक सम्मेलनमा भारतीय विस्तारवादले भूमिका खेलेको भन्दै प्रतिवेदनमा जम्मु–काश्मीरमा भारतीय हस्तक्षेपले दक्षिण एसियामा युद्धको बादल देखापरेको उल्लेख छ ।

## अध्यक्ष रोहितको सम्बोधन

बन्दसत्रको सुरूआतमा अध्यक्ष रोहितले देशलाई समाप्त पार्ने खेल चलिरहेको सन्दर्भमा सत्ताधारी दलबाट अनेक षड्यन्त्र भइरहेको हुँदा पार्टीका सबै कार्यकर्ता तथा सर्वसाधारण जनता सचेत हुनुपर्ने धारणा राख्नुभयो ।

अध्यक्ष रोहितले महाधिवेशनको बन्दसत्रले पार्टी, जनवर्गीय सङ्गठन र पेशागत समाजका विगतका क्रियाकलापको समीक्षा गर्ने बताउनुहुँदै विधान संशोधन र भावी नीति तथा कार्यक्रम पारित गर्ने बताउनुभयो ।

शनिबारको बन्दसत्रले नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवालले तयार गर्नुभएको केन्द्रीय समितिको प्रतिवेदन सुझावसहित पारित गऱ्यो । त्यस्तै बन्दसत्रमा पार्टीका विभिन्न जिल्लाका प्रतिनिधिहरूले आ–आफ्नो जिल्लाको राजनीतिक वस्तुस्थिति र पार्टीका गतिविधिबारे प्रतिवेदन पेश गर्नुभएको थियो । त्यस्तै पार्टीका जनवर्गीय सङ्गठन र पेशागत सङ्गठनहरूले आ–आफ्ना प्रतिवेदन पेश गर्नुभएको थियो ।

यसैबीच पार्टीको महाधिवेशनको उद्घाटन समारोहमा सहभागी हुनुभएका विभिन्न जिल्लाका कार्यकर्ता तथा समर्थकहरूलाई पार्टीका सैद्धान्तिक विषय, देशको वर्तमान राजनीतिक विषयमा पार्टीका दृष्टिकोणबारे प्रशिक्षण दिइएको छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा मन्तव्य

नेमकिपाको सातौं महाधिवेशनको आइतबार सञ्चालित बन्दसत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा मन्तव्य राख्नुहुँदै पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले मोदी फासिवादी सरकारले श्रीलङ्का, बङ्गलादेश, भुटान नेपाल आदि दक्षिण एसियाली देशहरूमा हस्तक्षेप बढाएको विचार राख्नुभयो ।

अध्यक्ष रोहितले इटालीका मुसोलिनी, जर्मनीका हिटलर र भारतका प्रधानमन्त्री मोदीको तुलना गर्नुहुँदै मोदी फासिवादी भएको धारणा राख्नुभयो । उहाँले मुसोलिनी, हिटलर र मोदी कामले मजदुर भए पनि तिनीहरू विचारले आक्रामक पूँजीवादी र तानाशाही भएको उल्लेख गर्नुभयो । उहाँले मोदीले हिन्दुस्तानका सबै नागरिक हिन्दू हुने दावा गरेको उल्लेख गर्नुहुँदै मोदीको 'सबै हिन्दुस्तानी भारतीय राष्ट्रका अधिनमा रहनुपर्छ' भन्ने भनाइ उल्लेख गर्नुभयो ।

अध्यक्ष रोहितले भारतीय जनता पार्टीलाई सत्तामा ल्याउन कर्पोरेट अथवा पूँजीपति वर्गले सहयोग गरेको बताउनुहुँदै मोदीले मुसलमान, दलित र अरू धर्म तथा जातिमाथि दमनको नीति लिएको र जवाहरलाल नेहरू विश्वविद्यालयमा जातिवादी गतिविधि भाजपा र शिव सेनाले गरेको उपद्रवमा मोदी आफै साक्षी भएको उल्लेख गर्नुभयो ।

मोदीले नेपालको नयाँ संविधानको विरोधमा युरोपेली सङ्घ र बेलायतसँग समझदारी बनाएको उल्लेख गर्नुहुँदै उहाँले संरा अमेरिकाले आणविक र जलसेना भारतीय जलक्षेत्रमा राख्न भारतसँग सम्झौता गरेको धारणा राख्नुभयो ।

उहाँले मोदी सरकारले नेपालको तराईमा भारतीय मूलका जनतालाई भड्काई नेपालमाथि आर्थिक नाकाबन्दी गर्न सहयोग गरेको उल्लेख गर्नुहुँदै चीनको पृथकतावादी दलाई लामा धर्म गुरूलाई तथाकथित प्रवास सरकारको गतिविधि गर्न दिएको र बढाइएको बताउनुभयो ।

अध्यक्ष रोहितले क्रान्तिविना परिवर्तन असम्भव भएको धारणा राख्नुहुँदै तराईमा किसान आन्दोलनको आवश्यकतामा जोड दिनुभयो । उहाँले पद र पैसाले पार्टी विस्तार हुने विचार गलत भएको टिप्पणी गर्नुभयो । उहाँले पार्टीको सिद्धान्त र विचार जनताको घरआँगनमा पुऱ्याउन पत्रिका प्रकाशन नगरी नहुने बताउनुभयो ।

उहाँले कम्युनिस्ट पार्टीलाई कमजोर बनाउन भ्रामक र झूटको खेती गर्ने विरोधी भएको उल्लेख गर्नुहुँदै नेताको इच्छाअनुसार होइन जनताको इच्छाअनुसार विचार व्यक्त गर्नुपर्ने बताउनुभयो । उहाँले धनी भएपछि गरिबको कुरा नगर्ने र गरिबले धनीको कुरा नगर्ने प्रवृत्ति गलत भएको विचार राख्नुभयो ।

# समाजवाद र साम्यवादी व्यवस्थाका विशेषताबारे प्राज्ञिक छलफल गर्नुपर्ने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले प्राध्यापक-कर्मचारीहरूबाट देश र जनताको हितमा अध्ययन र अनुसन्धानमार्फत नयाँ-नयाँ कुराहरू पत्ता लगाउन र जनतामा ज्ञान बाँड्न आग्रह गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा असोज १५ गते धुलिखेलमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा अतिथि बिजुक्छेँले पार्टीको सातौँ महाधिवेशनमा सहयोग गर्ने सबैलाई पार्टीको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

शारीरिक र बौद्धिक श्रम गर्ने कामदार जनतालाई वर्गीय र राजनैतिक चेतना दिएर जनताकै बलमा जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवादसम्म पुग्ने पार्टीको लक्ष्य महाधिवेशनले पारित गरेको उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले शोषणमा आधारित वर्तमान पूँजीवादी व्यवस्थामा कामदार जनताको हित नहुने चर्चा गर्नुहुँदै भन्नुभयो, 'साम्यवादी व्यवस्था वर्गविहीन, शोषणरहित र राज्यविहीन हुन्छ । मजदुर र किसानबीच तथा गाउँ र सहरबीच भेद हट्छ । हरेक नगारिकले योग्यताअनुसार काम र आवश्यकताअनुसार पारिश्रमिक पाउँछ ।'

साम्यवादी समाज सपनामात्र नभई सपनालाई यथार्थतामा कार्यान्वयन गर्न नेमकिपा प्रतिबद्ध रहेको प्रस्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले जनताका समस्या समाधानको उपाय, समाजवाद एवम् साम्यवादी व्यवस्थाका विशेषता र नेपाली समाजमा यसको आवश्यकताबारे जनतासम्म पुऱ्याउन प्राज्ञिक छलफल गर्नुपर्नेमा जोड दिनुभयो ।

पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा इमानदारीपूर्वक अध्यापन गरी योग्य शैक्षिक जनशक्ति उत्पादनमा रात-दिन लाग्नुहुने सबै प्राध्यापक-कर्मचारीहरूप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले शासक दलहरूको गैरराजनैतिक दृष्टिकोण एवम् आपराधिक क्रियाकलापले गर्दा भक्तपुर अस्पताल र भक्तपुर क्यान्सर अस्पतालमा बेथिति र भ्रष्टाचार बढेको बताउनुभयो ।

प्रमुख प्रजापतिले नेमकिपाले शिक्षामार्फत नयाँ पुस्तालाई देश र जनताप्रति उत्तरदायी बनाउन अगाडि बढिरहँदा शासक दलहरू ख्वप विश्वविद्यालय स्थापनामा आलटाल गरिरहेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् प्रदेश नं. ३ का सांसद सुरेन्द्रराज गोसाईले भारतीय विस्तारवाद एवम् एकाधिकार पूँजीको नेपालमा हस्तक्षेप बढिरहेको हुँदा बौद्धिक वर्ग एवम् जनताले भारतीय विस्तारवादविरूद्ध आवाज उठाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवम् प्रदेश नं ३ का सांसद सिर्जना सैँजूले नि:स्वार्थरूपले देश र जनताको सेवा गर्नु नै राजनीतिको एकमात्र उद्देश्य हुनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइको क्षेत्रमा विशेष ध्यान दिई काम गरिरहेको बताउनुभयो ।

कलेज सञ्चालक समितिका सदस्य एवम् भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले भक्तपुर नगरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यले काम भइरहेको छ भन्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप इन्जिनियरिङ कलेका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो ।

# अभिभावक भेला तथा शुभकामना कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपाद्वारा सञ्चालित शिशु स्याहार तथा बालविकास केन्द्रको आयोजनामा अभिभावक भेला तथा विजया दशमीको शुभकामना कार्यक्रम असोज १६ गते सम्पन्न भयो।

कार्यक्रममा विजया दशमीको शुभकामना व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले दसैं सिर्जनात्मक ढंगले मनाउनुपर्ने विचार व्यक्त गर्नुहुँदै अभिभावकहरूले आ-आफ्ना बालबालिकालाई हुर्काउन दिएको समय महत्त्वपूर्ण हुने तथा समाज राम्रो बनाउन समाजका सबै सदस्य राम्रो हुनुपर्ने बताउनुभयो।

समाजवादी देशमा धनी र गरिब बीचको भेद हटाउन बालबालिकाहरूलाई निःशुल्क शिक्षा प्रदान गरिने बताउनुहुँदै उहाँले नगरपालिकाले शिशुस्याहार नाफाको लागि नभई सेवा भावले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न खोलिएको बताउनुभयो।

नपाले महिला श्रमशक्ति बढाउन शिशु स्याहार सञ्चालनमा ल्याएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले योग्य शिक्षकले योग्य विद्यार्थी तयार गर्ने भएकोले कार्यरत शिक्षिकाहरूलाई आवश्यकताअनुसार तालिम पनि सञ्चालन गरिरहेको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले नगरपालिका स्थानीय सरकार हो र सरकारको जिम्मेवारी र दायित्वबोध गरी शिक्षालाई प्राथमिकतामा राखी कार्य गर्दै आएको बताउनुहुँदै 'भक्तपुर नगरपालिका शिशुस्याहार केन्द्रदेखि कलेजहरू सञ्चालन गर्ने देश भरिकै पहिलो नगरपालिका हो र ती संस्थाहरू नगरवासीहरूको साझा संस्था हो' भन्नुभयो।

शिशुस्याहारहरू सुधारको लागि आवश्यक प्रयास भइरहेको बताउनुहुँदै उहाँले सानैदेखि असल संस्कार सिकाउने अभियानमा नगरपालिका अगाडि बढेको र १० वटै वडामा शिशुस्याहार सञ्चालनको तयारी भइरहेको तथा हाल सञ्चालित शिशुस्याहारहरूको स्तरोन्नतिको लागि लागिरहेको जानकारी दिनुभयो।

वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नगरपालिकाले शिशुस्याहार सञ्चालन गर्नुको मुख्य उद्देश्य अभिभावकको श्रम सदुपयोग गर्नु र बालबालिकाको राम्रो शिक्षा तथा अनुशासनको निम्ति भएको जानकारी दिनुभयो। उहाँले अभिभावक र शिक्षक-शिक्षिकाहरूलाई आफ्ना बालबालिकाहरूलाई सदैब राम्रो कुरा सिकाउन प्रेरित गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालाले शिशु स्याहार केन्द्रको महत्त्व र आवश्यकताबारे प्रष्ट्याउनुहुँदै समाज विकासको लागि स्वस्थ वातावरण र स्वस्थ दिमागको आवश्यकताबारे चर्चा गर्नुभयो। उहाँले स्थानीय सरकारले शिशुस्याहारलाई अभिभावकत्व प्रदान गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा शिशुस्याहार केन्द्रका शाखा प्रमुख दिपेन्द्र प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित ६ वटा शिशुस्याहार केन्द्रहरूको बारेमा विस्तृत जानकारी दिनुभयो भने शिशुस्याहार केन्द्र भार्वाचोका इन्चार्ज नजरमाया बाटीले पनि बोल्नुभयो।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो।

# वडा नं. ७ मा कौसी खेती तालिमको प्रमाणपत्र वितरण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपा वडा नं. ७ को आयोजना भएको तीन दिने कौसी खेती तालिमको प्रमाणपत्र वितरण तथा शुभकामना आदानप्रदान कार्यक्रम असोज १६ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले नजिकिँदै गरेको नेपालीहरूको महान् पर्व दशैंलाई रचनात्मक किसिमले मनाउन आग्रह गर्नुहुँदै दसैंको समयलाई सदुपयोग गरी स्वस्थ खानपानमा ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर अस्पतालमा कर्मचारी समायोजनका कारण विशेषज्ञ डाक्टरहरूको अभाव भइरहेको र बिरामीहरू समस्यामा परेको बताउनुभयो । प्रमुख प्रजापतिले भक्तपुर क्यान्सर अस्पतालको व्यवस्थापनको निम्ति भक्तपुर नगरपालिकाको नेतृत्वमै अस्पताल सञ्चालन हुनेमा प्रस्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले सबै वडामा कृषकहरूलाई लक्षित गरी विभिन्न उपयोगी तालिमहरू सञ्चालन गरी किसानहरूलाई आवश्यक तरकारीहरू कौसीकै जग्गामा उत्पादन गर्न सकिने बताउनुभयो ।

उहाँले कौसी खेती कम जग्गामा बढी उत्पादन गर्ने वैकल्पिक उपाय भएको बताउनुहुँदै कृषि विज्ञहरूको सल्लाहमा मात्र विषादी र किट्नाशक औषधिको प्रयोग भए जोखिम न्युनीकरणमा सहयोग पुग्ने बताउनुभयो । उहाँले नेपाल सरकारले प्रदान गर्दै आएको अनुदान वास्तविक किसानले प्राप्त गर्न नसकिरहेकोमा आपत्ति जनाउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले कौसी खेतीले वातावरण सफा गर्नुका साथै ताजा तरकारी उपभोग गर्न पाइने बताउनुभयो ।

आफूले सिकेको तालिमको प्रयोग गरी टोल–छिमेकमा पनि कौसी खेतीबारे शिक्षित गर्न प्रेरित गर्नुहुँदै वडाध्यक्ष कवांले स्वस्थ जीवनको लागि नियमित शारीरिक व्यायाम र खेलकुदका गतिविधिमा सक्रिय हुनुपर्ने बताउनुभयो ।

भनपा वडा नं. ३ का वडाध्यक्ष एवम् कृषि समितिका संयोजक राजकृष्ण गोराले भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको कृषि तालिमहरूबारे जानकारी गराउनुहुँदै कृषि पेशा सम्मानित पेशा भएको बताउनभुयो ।

कौसी खेती तालिमका प्रशिक्षक एवम् कृषि विज्ञ सबिन ख्याजुले मानव स्वास्थ्यको लागि विषादी प्रयोग निकै हानिकारक भएको, विषादीको प्रयोग आर्थिक र स्वास्थ्यको हिसाबले महँगो र जोखिमपूर्ण भएकोले किसान तथा व्यवसायीहरू सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा वडा नं. ७ गोल्मढी एकाई समितिका अध्यक्ष बलराम गोसाइँ र ७ वडा इनाचोका पार्टी इन्चार्ज कृष्णगोविन्द लाखाजुले कौसी खेती तालिमको महत्त्व र समसामयिक विचारमा आ–आफ्नो विचार राख्नुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ७ का वडा सदस्य कृषि समितिका संयोजक हेरा ख्याजु, रञ्जना त्वाती र कृषि समितिका सचिव हरिकृष्ण सुकुपायले दशैंको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले प्रशिक्षक ख्याजु र ३१ जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

**भनपाको नियमित पाक्षिक सरसफाइ**

# त:मुँज्या स्थल न:पुखु परिसर सरसफाइ सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ अन्तर्गत असोज १५ गते भनपा–२ स्थित ३९ औं नेपालभाषा साहित्य त:मुँज्या स्थल न:पुखु परिसर सरसफाइ कार्यक्रम सम्पन्नभयो ।




कार्यक्रममा भनपा प्रमुख सुनिल प्रजापतिले सरसफाइ कार्यक्रम प्रचारको लागि नभई हाम्रो ठाउँ हामी आफैले सफा गर्नुपर्छ भन्ने भावना विकास गर्नको लागि आयोजना गरिएको बताउनुहुँदै भक्तपुरका जनताको एकताको लागि र सेवाभाव विकास गर्नको लागि पनि निरन्तर सरसफाइ गरिरहनुपर्ने बताउनुभयो ।

उहाँले नगरपालिका साझा संस्था भएको र सरसफाइ पनि हामी सबैको साझा जिम्मेवारी भएको हुँदा पाक्षिक रूपमा १–२ घण्टा जनताको सेवाको निम्ति कार्य गरिरहनुपर्ने बताउनुहुँदै नजिकिँदै गरेको विजयादशमी र दीपावली २०७६ को शुभकाना व्यक्त गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले सरसफाइ एक पटक र एक दिन होइन निरन्तर गरिरहनुपर्ने विचार व्यक्त गर्नुहुँदै यस कार्यमा सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, अगुवा कार्यकर्ताहरू, वडावासीहरू, विभिन्न संघसंस्थाहरू, विद्यालयहरूलगायत समाजसेवीहरूको साथ र सहयोगको अपेक्षा राख्नुभयो ।

कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र ३९ औं त:मुँज्या मूल समारोह समितिका संयोजक श्यामसुन्दर मातांले पनि बोल्नुभएको थियो ।

---

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर जिल्ला खेल सङ्घको संयोजनमा २०७६ कार्तिक १७ देखि २३ गतेसम्म हुने नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा तपसिलअनुसारको खेल आयोजना हुने भएकोले भक्तपुर नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूलाई सहभागिताको लागि अनुरोध गरिन्छ ।

### तपसिल

१) भलिबल (छात्र/छात्रा)
२) फुटसल
३) टेबुलटेनिस (छात्र/छात्रा)
४) बुद्धिचाल (छात्र/छात्रा)
५) खो खो (छात्र/छात्रा)
६) कबड्डी (छात्र/छात्रा)
७) एथलेटिक्स (छात्र/छात्रा)
८) ब्याटमिन्टन (छात्र/छात्रा)
९) कराँते (छात्र/छात्रा)
१०) तेक्वान्डो (छात्र/छात्रा)
११) उसु (छात्र/छात्रा)
१२) पोर्ट बल (छात्र/छात्रा)
१३) कसिमला पाँय (छात्र/छात्रा)
१४) जिम्नाष्टिक (छात्र/छात्रा)

नाम दर्ता गर्ने स्थान : १) भनपा १ देखि १० नं. वडा समितिको कार्यालय २) भनपा, प्रशासन शाखा
दर्ता गर्ने अन्तिम मिति : २०७६ कार्तिक १० गतेसम्म

**पुनश्च: खेल प्रतियोगिताको नीति, नियम पछि उपलब्ध गराउने छ ।**

# पूँजीवादी व्यवस्थामा नेमकिपा प्रखर प्रतिपक्ष हुने

'पूँजीवादी सरकारमा नेमकिपा प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्ने वैधानिक व्यवस्था हालै बसेको पार्टीको सातौँ महाधिवेशनले पारित गरेको छ ।' नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उक्त कुरा बताउनु भएको हो ।

भक्तपुर नगरपालिका वडा नं. ९ वडा कार्यालयद्वारा असोज १४ गते आयोजित शुभकामना आदान–प्रदान तथा समसामयिक विषयक कार्यक्रममा नगर प्रमुख प्रजापतिले नेमकिपाको घोषणापत्रअनुसार समाजकेन्द्रित जनताको सेवा गर्न जनप्रतिनिधिहरू पछि नपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'पार्टीको घोषणापत्रअनुसार काम गर्दाको फल भनपाको मात्र होइन पार्टीको छबि देशभर फैलिरहेको छ । नपाले गर्ने हरेक कार्यक्रम व्यक्तिगत स्वार्थमा होइन समाज र जनताकै हितमा छ ।'

जनताको सेवामा काम गर्दा अनेक षड्यन्त्र, दुःख र मुद्दा खेप्नु परे पनि जनताको सेवा गर्ने प्रतिबद्धताअनुसार अघि बढिरहेको उल्लेख गनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, सरकारले भनपालाई कुनै काम सजिलैसँग गर्न दिइरहेको छैन ।'

सङ्घीय गणतान्त्रिक व्यवस्था भएको देशमा केन्द्रले हस्तक्षेप गरिरहेको चर्चा गर्नुहुँदै उहाँले सरकार व्यक्तिको पक्ष र हितमा होइन स्थानीय निकाय बलियो बनाउन अघि बढ्नुपर्छ भन्नुभयो ।

नेकपाभित्रका माओवादीहरू चुक्दै गइरहेको र एमालेका नेता तथा कार्यकर्ताहरूले सरकार बलियो बनाउनुभन्दा अरूले गरेका जनहितका काममा हस्तक्षेप गर्ने कार्य गरिरहेको उहाँले बताउनुभयो ।

नेमकिपा सङ्ख्या र ठूलोभन्दा सिद्धान्त र विचारमा विश्वास गर्छ, नेमकिपाको नीति र निर्देशनअनुसारै भनपामा शिक्षा, स्वास्थ्य र सम्पदा क्षेत्रमा उल्लेखनीय कार्य भइरहेको छ, उहाँले भन्नुभयो ।

भनपाले आफ्नै खुट्टामा उभिएर नमुना नगर बनाउन अघि बढिरहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'पूँजीवादी सरकारले पूँजीपति वर्गको हितमा ऐन–कानुन बनाउनु स्वाभाविक छ ।'

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवम् भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले सभापतिको आसनबाट समायोजनको कारण भक्तपुर अस्पताल विशेषज्ञ डाक्टर शून्य स्थितिमा पुगेको बताउनुभयो ।

भनपाले आफ्नो वडामा भइरहेको नगरस्तरीय र वडास्तरीय योजनाको जानकारी दिनुहुँदै उहाँले अस्पतालको इमर्जेन्सी कक्षमा डाक्टर, नर्स र कर्मचारीविहीन भएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालमा जस्तै भक्तपुर अस्पतालमा भ्रष्टाचार तथा अनियमितताको गन्ध सार्वजनिक भइरहेको उल्लेख गर्नुहुँदै वडाध्यक्ष ज्याख्वले सल्लाघारीको जग्गामा अहिले पनि किसानहरूले जग्गा नपाए पनि बाली तिर्न बाध्य भइरहेको सो जग्गा शिक्षा र स्वास्थ्यको क्षेत्रमा उपयोग गर्न सरकारले स्वीकृति दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा पूर्व वडाअध्यक्ष कृष्णभक्त लवजू र वडा नं. ९ का महिला वडासदस्य छोरीमैया सुजखू (प्रजापति)ले पनि बोल्नुभएको थियो ।

# केन्द्रीय पदाधिकारीहरूलाई बधाई

नेपालमजदुर किसान पार्टी ६ वडा एकाई समितिको आयोजनामा नेमकिपाको सातौं अधिवेशनले निर्वाचित गरेको केन्द्रीय पदाधिकारीहरूलाई बधाई ज्ञापन कार्यक्रम असोज १५ गते सम्पन्न भयो ।

उक्तकार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव का. प्रेम सुवालले सरकारले देशका युवाहरूलाई विदेशमा पठाउने नीति बनाएकोले देश युवाविहिन हुँदै गएको र यस्तै अवस्था कायम रहेको देश झन्झन् गरिब र आर्थिक रूपले धरासायी हुँदै जाने बताउनु भयो । देशका ७० लाख युवाहरू विश्वका १११ देशमा श्रम रोजगारीमा रहेको बताउनु हुँदै वहाँले देशमा युवाहरू नबसेसम्म देश विकास सम्भव नभएको वताउनु भयो । विगतमा माओवादीहरूलाई भारतले पक्षपोषण गरेको कारणले गर्दा नै अहिलेको सरकारले भारतको सरकारविरुद्ध बोल्न नसकेको बताउनु हुँदै वहाँले भारतीय विस्तारवादले काश्मिरमा गरेको प्रत्यक्ष हस्तक्षेपको विरुद्धमा बोल्न नसकेको बताउनु भयो । ५६ अर्बको सहयोग गर्न खोजेर नेपालको वैदेशिक नीतिमा अमेरिकाले हस्तक्षेप गर्न खोजेको चर्चा गर्नुहुँदै वहाँले अमेरिकी साम्राज्यवादको विरोध जनस्तरबाट हुनु पर्ने औल्याउनु भयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा ३ नं. प्रदेश सभाका सदस्यका. सृजना सैंजुले प्रदेशका सरकारका मन्त्री र सांसदहरू पैसा बाँडेर चुनाव जितेर आएको कारणले अहिले विकास निर्माणमा कमिशन र लोभ लालचमा फसेको बताउनु भयो ।

नेपालमजदुर किसान पार्टीका केन्द्रीय सदस्य का. रविन्द्र ज्याख्वले भक्तपुर अस्पतालभित्र विगत दुई महिनामा सम्पूर्ण डाक्टरहरूको सरुवा भएकोले अस्पताल डाक्टर विहिनभएर मसान घाटमा परिणत भएको बताउनु भयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य का. नारायणबहादुर दुवाल, नेपाल क्रान्तिकारी किसान संघका केन्द्रीय उपाध्यक्ष का. गोविन्द दुवालले बोल्नुभएको उक्त कार्यक्रम आयोजक समितिका संयोजक गणेश राम थुसाको सभापतित्वमा भएको र का. हरिराम सुवाल र सदस्य जगनाथ सुजखुले पनि मन्तव्य राख्नु भएको थियो ।

# नेमकिपा देश र जनतामा समर्पित सिद्धान्त निष्ठ पार्टी

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले केही मुट्ठीभर पूँजीपतिहरूको सुखसयलका निम्ति बहुमत जनताको टाउकोमा कर थोपर्ने व्यवस्था नै पूँजीवादी प्रजातन्त्र हो भन्नुभएको छ ।

नेमकिपाको सातौँ महाधिवेशनबाट केन्द्रीय समितिमा निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई बधाई ज्ञापन गर्न भनपा वडा नं. १ को कार्यालयद्वारा असोज १२ गते आयोजित कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष रोहितले पूँजीवादी व्यवस्थामा कमिसनको खेल हुने, भ्रष्टाचार मौलाउने तथा नैतिकता हराउँदै जाने धारणा राख्नुभयो । उहाँले सभ्य समाज बनाउन जनतालाई सचेत र सजग बनाउनुको सट्टा पूँजीवादी शासकहरूले दलगत स्वार्थमात्र हेरेको चर्चा गर्नुहुँदै विलासिताका सामानहरूमा बढी कर र सर्वसाधारण जनताको उपयोग हुने उपभोग्य वस्तुहरूमा कम कर लगाउने बन्दोबस्त जनताको प्रजातन्त्रमा मात्रै हुनेछ भन्नुभयो ।

उहाँले नेमकिपा देश र जनताप्रति समर्पित एक सिद्धान्तनिष्ठ पार्टी रहेको उल्लेख गर्नुहुँदै जनताको प्रजातन्त्रको बाटो समाउँदै समाजवादको पूर्णता प्राप्तिपछि वर्गविहीन समाज स्थापना हुने बताउनुभयो ।

नेमकिपाका केद्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पूँजीवादी सरकारमा सामेल नहुने नेमकिपाको धारणा दोहोऱ्याउनुहुँदै सरकारले जनताको हितविपरीत काम गर्न खोजे विरोध गर्ने र राम्रो कामको समर्थन गर्नु नै प्रमुख प्रतिपक्षको धर्म हो भन्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले सल्लाघारीको १०८ रोपनी जग्गा आफ्नै लगानीमा नक्सापास गरी नेपाल ट्रष्टको संयुक्त रोहवरमा गरिएको सिमाङ्कनलाई जनविरोधी 'जनप्रतिनिधि'हरूलाई असह्य हुनु स्वाभाविक हो भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य उकेश कवांले सातौँ महाधिवेशन भव्यताका साथ सम्पन्न गर्न स्वयमसेवक साथीहरूले खेलेको भूमिकाको सराहना गर्नुहुँदै नेपाल ट्रष्टको १०८ रोपनी जग्गा शिक्षा र स्वास्थ्यको लागि नै उपयोग हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवम् भनपा वडा नं १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले सातौँ महाधिवेशनबाट निर्वाचित सम्पूर्ण केन्द्रीय पदाधिकारीहरू सदाझैँ आगामी दिनहरूमा पनि देश र काम गरी खाने वर्गको पक्षमा लागिपर्नुहुने विश्वासका साथ बधाई ज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा नेमकिपा, भनपा वडा नं १ का इन्चार्ज लक्ष्मीनारायण राजलवट, नगरसभा सदस्यद्वय सूर्यप्रसाद श्रेष्ठ र गंगालक्ष्मी बमनूले पनि बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

# eQmk'/ 3/]n' tyf ;fgf pBf]u ;+3sf] cflwsfl/s j]a;fO6 zef/De

भनपा प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा घरेलु तथा साना उद्योग संघले विजया दशमी, शुभदिपावली, नेपाल सम्बत् ११४० तथा छठ पर्वको उपलक्ष्यमा असोज १५ गते शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरी संघको आधिकारिक वेबसाइट शुभारम्भ गरियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले आजको युग सूचना प्रविधि युग भएकोले उद्यमी र व्यवसायीहरू नयाँ नयाँ प्रविधिसँग जोडिएर प्रविधिको विकास गर्दै समयानुकुल आ–आफ्नो व्यवसायमा परिवर्तन गर्दै जानुपर्ने बताउनुभयो ।

उहाँले 'नेपाल भ्रमण वर्ष २०२० घोषणा गरेर मात्रै पुग्दैन, व्यापक तयारीको खाँचो छ' भन्नुभयो ।

घरेलु तथा साना उद्योग संघ रोजगारी सिर्जना गर्ने माध्यम भएको हुँदा संघको विकास गर्दै जानुपर्ने विचार राख्नुहुँदै उहाँले विदेशीको लगानीविनानै स्वदेशमै उद्यमीहरूको विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भनपाले भक्तपुरका स्थानीय उत्पादनहरू हाकु पटासी, जुजु धौ, भादगाउँले टोपी र ताइचिन चिउरालाई उच्च प्राथमिकता दिइरहेको बताउनुहुँदै भक्तपुरको मौलिकता झल्काउने उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी काम गर्दै आइरहेको जानकारी गराउनुहुँदै नपाले शिशु स्याहारदेखि स्नातकोत्तरसम्मको पढाई सञ्चालन गरिरहेकोमा हाल७ वटा कलेजहरू तथा ३ वटा जनस्वास्थ्य सञ्चालनमा रहेको अवगत गराउनुहुँदै घर घरमा नर्सिङ सेवासँगै ख्वप अस्पताल निर्माणाधीन रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा संघका अध्यक्ष विरेन्द्र जति, ग्रील तथा स्टील व्यवसायी महासंघ नेपालका अध्यक्ष मोहन कटुवाल, संघको महिला उद्यमी समितिका उपाध्यक्ष रिता प्रजापति र महिला उद्यमी समितिका सभापति ईश्वरी श्रेष्ठ लगायतले पनि बोल्नुभएको थियो ।

**वागीश्वरीमा शुभकामना कार्यक्रम**

# जनताको सम्पत्तिमाथिको अतिक्रमणलाई नपाले नियमन गर्छ

वागीश्वरी कलेज तथा माविमा अध्यापनरत शिक्षकहरूबीच विजया दशमीको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम असोज १२ गते सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रक्षामन्त्रीद्वारा भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा निरीक्षणको सन्दर्भमा बोल्दै भक्तपुर नगरपालिकाले भक्तपुरको १०८ रोपनी जग्गाको संरक्षण नेपाल ट्रष्टलाई जानकारी दिई उक्त ठाउँमा भइरहेको जथाभावी पार्किङ, अनियमितता र फोहोरका कारण हुने वातावरण प्रदूषण नियन्त्रण गर्न भक्तपुर नगरपालिकाले नियमसङ्गत रूपमा उक्त जग्गाको चारैतर्फ पर्खाल बनाउने कार्यको थालनी गरेको बताउनुभयो।

स्थानीय सरकारको हैसियतले भक्तपुर नगरपालिकाको क्षेत्राधिकारभित्र रहेको सार्वजनिक जग्गाको संरक्षण गर्नु नगरपालिकाको कर्तव्य भएको बताउँदै उहाँले जनताको सम्पत्तिमाथि भएको अतिक्रमणलाई नगरपालिकाले नियमन गर्छ भन्नुभयो।

नेपालका सांसदहरूको तलब सुविधा वितरण गर्न भारतको पञ्जाब बैंकसित समन्वय भएको एभरेष्ट बैंकलाई सिंहदरबारभित्र राख्न दिएको विषयलाई लिएर नेमकिपाले निरन्तर विरोध गरेपछि अहिले सिंहदरबारभित्र वाणिज्य बैंक पनि राखेको स्मरण गर्दै असत्यको निरन्तर रूपमा विरोध गर्नुपर्छ भन्नुभयो।

'वि.सं. २०८१ सालसम्ममा नेपालको निजी लगानी ५५ प्रतिशत पुऱ्याउने घोषणा गर्ने नेकपाले चिनियाँ राष्ट्रपति नेपाल भ्रमणको संघारमा सिजिनपिङ विचारधाराबारे प्रवचन राख्नुको कुनै औचित्य छैन।' उहाँले भन्नुभयो, 'वास्तविक कम्युनिष्टहरू निजीकरणको पक्षमा नभई राष्ट्रियकरणको पक्षमा उभिन्छ।'

कलेजलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने साझा उद्देश्यले अघि बढ्न अध्यापनरत शिक्षकहरूलाई अनुरोध गर्दै उहाँले वागीश्वरी कलेज सस्तो, गुणस्तर र २१ औं शताब्दीको लागि योग्य नागरिक तयार गर्न तत्पर रहेको बताउनुभयो।

वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र ज्याख्वले समाजप्रति नयाँ पुस्ताको कम चासो, विदेश मोहमा



eQmk/ gu/kflnsfsf k|dv ;lgn k|hfklt sfo{qmddf aflgxb}

बढ्दो रुचिमा चिन्ता व्यक्त गर्दै समाजप्रति आशा गर्ने ठाउँहरूको बारेमा शिक्षकहरूले विद्यार्थीहरूलाई बताउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

भक्तपुर क्यान्सर अस्पतालमा भक्तपुर नगर प्रमुखको अध्यक्षतामा व्यवस्थापन समिति गठनमा अस्पतालका कर्मचारी, नर्स, डाक्टर र बिरामीहरू सबै सन्तुष्ट भइरहेको बताउँदै उहाँले यसको विरुद्धमा भ्रष्टाचारका मतियारहरू मात्र लागिरहेको बताउनुभयो।

स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूले अति मिहिनेत गरेर तयार पारेका शोधपत्रहरूलाई सामाजिक सम्पत्तिको रूपमा प्रवाह गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भक्तपुरलाई उत्कृष्ट शैक्षिक गन्तव्य बनाउन यसले थप सहयोग गर्ने बताउनुभयो।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले वागीश्वरी कलेजको हालसम्मको प्रगति विवरणबारे प्रस्तुति दिनुभएको थियो।

वागीश्वरी माविका सहायक प्रधानाध्यापक ज्ञानसागर प्रजापतिले दृढ सङ्कल्प भए कुनै पनि काम पूरा गर्न सकिन्छ भन्दै सबैले पैसाभन्दा पेशामा इमानदार र समाजप्रति उत्तरदायी हुन आवश्यक छ भन्नुभयो।

वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छाको सभापतित्वमा भएको कार्यक्रममा कलेजका इन्चार्ज ग्याहेन्द्र प्रसाद दाहाल, शिक्षक राजन चौगुठी, बब्लुकुमार राउत, विद्यालयका प्रशासन अधिकृत तुल्सीराम प्रजापतिले बोल्नुभएको थियो।

# भक्तपुर नगरपालिकामा धनकुटा नगरपालिकाका उपप्रमुख

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असोज ११ गते धनकुटा नगरपालिकाका उपप्रमुख शकुन्तला बस्नेतलाई भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो । उपप्रमुख बस्नेतको नेतृत्वमा आएको टोलीमा धनकुटा नपाका प्रमुख प्रशासकीय अधिकृत उम्बर रोगु र वरिष्ठ अधिवक्ता कुमार शर्मा आचार्य पनि हुनुहुन्थ्यो ।



eQmk'/ gu/kflnsfsf kd'v ;lgn kh[fklt / wgs6f gu/kflnsfsf pkkd'v zs'Gtnf a:g]tnufot

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था र स्वास्थ्य क्षेत्रमा भइरहेको गतिविधिहरूबारे बिस्तृतमा जानकारी गर्नुभयो ।

भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालय सञ्चालनको तयारीमा रहेको जानकारी गराउनुहुँदै सस्तोमा गुणस्तरी मेडिकल शिक्षा दिने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा नगरको सबै वडामा प्रभावकारी ढंगमा सञ्चालन गरिरहेको जानकारी गराउनुभयो ।

नगरपालिकाको गतिविधिबारे जनतालाईसुसूचित गर्न भक्तपुर नगरपालिकाले आफ्ना सबै गतिविधिहरू वेभ पेज, फेसबुक पेज र मासिक पत्रिकामार्फत् सार्वजनिक गर्दै आएको र ख्वप एफ.एम. सञ्चालनको तयारी भइरहेको जानकारी गराउनुभयो ।

उपप्रमुख बस्नेतले जनप्रतिनिधिहरूको काममा कर्मचारी प्रशासनको आवश्यक सहयोग पाउन नसकेको गुनासो व्यक्त गर्नुहुँदै संघीय सरकारको औचित्य प्रभावकारी नभएको बताउनुभयो । उहाँले निजी कलेज सञ्चालनले गर्दा गरिब जनतालाई आर्थिक भार बढेको र जनताको आधारभूत आवश्यकता प्राप्त गर्न अक्षम भइरहेको बताउनुभयो ।

भेटमा भक्तपुर नगरपालिकाका वडाध्यक्षहरू रविन्द्र ज्याख्व, महेन्द्र खायमली, प्रेमगोपाल कर्माचार्य, कार्यपालिका सदस्यद्वय सरिना द्योला, सुनिता अवाल र पर्यटक सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवा पनि उपस्थित हुनुहुन्थ्यो ।

## r08]Zj/L lwd]kr'\sf]sb/kq ljt/0f

चण्डेश्वरी धिमे पुचःको आयोजनामा असोज ११ गते कदरपत्र वितरण कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले संसारभरबाट आएका पर्यटकबाट भक्तपुर नगरपालिकाले उठाएको दस्तुर नगरका सांस्कृतिक सम्पदा र संस्कृति संरक्षणको लागि सदुपयोग गरिएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले धिमेबाजा भक्तपुरको मौलिक बाजा भएकोले नयाँ पुस्तालाई निरन्तर प्रशिक्षण दिई बाजागाजाको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा केदारप्रसाद त्वानाबासु, पुचका अध्यक्ष राजाराम त्वानाबासु, उपाध्यक्ष विष्णुप्रसाद त्वानाबासु, सचिव लक्ष्मीनारायण त्वानाबासूलगायतले बोल्नुभएको थियो ।


के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप स: (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

**जनस्मृति बचतको साधारणसभा**

# सहकारी संस्थाले सम्पदा संरक्षणमा योगदान दिनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा जनस्मृति बचत तथा ऋण सहकारीको १० औं साधारणसभा असोज ११ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले सहकारी संस्थाहरू नाफा कमाउने र सदस्य सङ्ख्या बढाउनेमाभन्दा पनि सहकारीको सिद्धान्तमा आधारित भई समाजको साझा हितको निम्ति काम गर्नुपर्ने बताउनुभयो । सहकारी संस्था पैसाको व्यापार गर्ने संस्था नभएको बताउनुहुँदै उहाँले सहकारी संस्थाहरूले समुदायमा आधारित बहुसंख्यक जनताको हितमा काम गर्नुपर्ने बताउनुभयो ।

सहकारी संस्थाहरूले भक्तपुरको सम्पदा संरक्षणमा योगदान पुऱ्याउनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले संस्थाले उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीको लागि सस्तो ब्याजदरमा ऋण दिने प्रावधानलाई अगाडि सार्नु उपयुक्त हुने बताउनुभयो । साथै सहकारी संस्थाले परम्परागत बाजा र नृत्यहरूको तालिम सञ्चालन गर्नुपर्ने, नियमित स्वास्थ्य शिविर सञ्चालन र जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ध्यान दिनु उपयुक्त हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले पुरानो सम्पदा क्षेत्रमा घर निर्माण गर्ने घरधनीहरूको लागि मौलिक शैलीमा घर निर्माण गरेमा मोहडामा लाग्ने ईँटा, झिंगटी र काठको लागि लाग्ने खर्चको ३५ प्रतिशत अनुदान प्रदान गर्दै आएको प्रमुख प्रजापतिले बताउनुभयो ।

कार्यक्रममा संस्थाका ऋण संयोजक कृष्णप्रसाद ह्योङ्गोजुले स्वागत मन्तव्य दिनुभएको थियो भने विभिन्न संस्थाका प्रतिनिधिहरूले वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्यहरू व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले संस्थाका ज्येष्ठ सदस्यहरूलाई सम्मान गर्नुका साथै एसईई उत्तीर्ण उत्कृष्ट विद्यार्थीलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

**दियालो बचतको साधारणसभा**

# भ्रष्टाचारीहरू जनताका शत्रु

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दियालो बचत तथा ऋण सहकारी संस्थाको १० औं साधारणसभाको उद्घाटन असोज ११ गते गर्नुभयो ।

प्रमुख प्रजापतिले आफ्नो उद्घाटन मन्तव्यमा भक्तपुर नपाले सल्लाघारीको १०८ रोपनी जग्गा नगरपालिकाले आफ्नै लगानीमा नक्सा पारी गरी नेपाल ट्रष्टको संयुक्त रोहबरमा सिमांकन गरेको बताउनुहुँदै नगरपालिकाले बनाएको पर्खालप्रति जनविरोधी सांसद र जनप्रतिनिधहरूलाई असह्य भइरहेको बताउनुभयो । नगरपालिकाले भक्तपुरका पर्ति जग्गा तथा सार्वजनिक जग्गाहरूमा भक्तपुरवासीहरूको स्वामित्व कायम गराउने ढंगले काम गरिरहेको स्पष्ट पार्नुभयो ।

सहकारी संस्थाहरूले ज्येष्ठ सदस्यहरूलाई सम्मान गर्ने कार्य सकारात्मक रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले समाजका सम्मानित ज्येष्ठ नागरिकहरूको निम्ति भक्तपुर नगरपालिकाले आदर निकेतन सञ्चालन गर्ने तयारीमा रहेको बताउनुभयो । भक्तपुर क्यान्सर अस्पतालको बेथितिबारे प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले भ्रष्टाचारी र आर्थिक अनियमितता गर्नेहरू जनताका शत्रु भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले सहकारी संस्थाले गर्ने समुदायमा आधारित आर्थिक कारोबार पारदर्शी हुनुपर्ने र सीमित पुँजीपतिवर्गको हितमा नभई कामदार वर्गको निम्ति काम गर्नुपर्ने बताउनुभयो । भनपाले कडा रोग लागेका नगरवासीहरूको लागि रु. १० हजार आर्थिक सहयोग प्रदान गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका सचिव रामशरण राजलवट, कोषाध्यक्ष किशोरप्रसाद जोन्छे र ऋण संयोजक प्रविण भैलले संस्थाको वार्षिक प्रगति प्रतिवेदन र आय–व्यय प्रस्तुत गर्नुभयो ।

संस्थाका अध्यक्ष कृष्णप्रसाद राजलवटको सभापतित्वमा सम्पन्न उक्त सभामा महिला उपसमितिका संयोजक कल्पना दुवाल र रमिता त्वानाबासुले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले संस्थाका ज्येष्ठ सदस्यलाई दोसल्ला ओढाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## प्रमुख प्रजापतिद्वारा रक्षामन्त्री पोखरेललाई स्वागत

# भनपा द्वारा १०८ रोपनी जग्गाको नियमसंगत संरक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले र भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गाको स्थलगत निरीक्षणमा आउनुभएका रक्षा मन्त्री तथा नेपाल ट्रष्टका अध्यक्ष ईश्वर पोखरेललाई असोज १० गते स्वागत गर्नुभयो ।



मन्त्री पोखरेलले १०८ रोपनी जग्गाको अवलोकनपश्चात भएको भेटघाटको क्रममा नेपाल ट्रस्ट देशैभरका ट्रस्टअन्तर्गत रहेका पर्ति तथा सार्वजनिक जग्गा संरक्षण गर्ने र शिक्षा र स्वास्थ्यमा उपयोग गर्ने तयारीमा रहेको बताउनुहुँदै सम्बन्धित निकाय र सरोकारवालाहरूसँगको साझा समझदारीका साथ अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी देशहितमा प्रयोग हुनेमा विश्वास दिलाउनुभयो ।

मन्त्री पोखरेलले ट्रष्टको स्वामित्वभित्र रहेको जग्गाको रक्षा गर्न तत्पर रहेको बताउनुभयो । ट्रष्टको सम्पत्तिलाई व्यवस्थित ढंगले संरक्षण र सम्बर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो ।


अनियमितता र फोहोरका कारण हुने वातावरण प्रदूषण नियन्त्रण गर्न भक्तपुर नगरपालिकाले आधिकारिक रूपमा नेपाल ट्रष्टलाई पत्रमार्फत जानकारी दिई उक्त जग्गाको चारैतर्फ पर्खाल बनाउने कार्यको थालनी गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिका स्थानीय सरकारको हैसियतले आफ्नो क्षेत्राधिकार भित्र रहेको जग्गालाई जनताको अधिकत्तम हितको निम्ति उपयोग गर्ने पक्षमा रहेको बताउनुहुँदै नगरपालिका एनजीओ नभएको र साझा सम्पत्तिमाथि भएको अतिक्रमणलाई नगरपालिका टुलुटुलु हेरेर बस्न नसक्ने विचार व्यक्त गर्नुभयो । जग्गाको पश्चिम र उत्तरतर्फ अतिक्रमण हुने गरी अनियमित ढंगले निर्माण गरेको टहरालगायतका संरचनालाई हटाई नगरपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण गरेको स्पष्ट पार्नुभयो ।

स्थानीय जनताको भावनाअनुसार भक्तपुर नगरपालिकाले आफ्नै लगानीमा नक्सा पास गरी उपभोक्ता समितिमार्फत् भक्तपुर नगरपालिका र नेपाल ट्रष्टको संयुक्त रोहबरमा नापी कार्यालयमार्फत नापजाँच गरेर सिमाङ्कन पनि गरेको तथ्य प्रमुख प्रजापतिले पेश गर्नुभयो ।

नेपाल ट्रष्टका सचिब गजेन्द्रकुमार ठाकुरले भक्तपुर नगरपालिकाले ट्रष्टसँगको समन्वयमा पर्खाल निर्माण गरेको विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलालगायतका जनप्रतिनिधिहरू तथा स्थानीय जनताहरूले ट्रष्टको बेवास्ताको कारण जग्गा अतिक्रमणसँगै आफूहरूले धूलोधुवाँ खान परेको चर्चा गर्दै जग्गा संरक्षणमा स्थानीय सरकारले अगुवाई गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।



ldlt @)&%.!@.! ut]gkfn 6i6sf ;lrj uh]Gb|;+7fs'/, ;x;lrj /fh]Zj/ 1jfnL, zfvf clws[t cd[t dxhg, OlGhlgo/ >LsfGt e§/fO{/flwsf ltldIN ;gf / clwjQmf clgtf zdf{ Ifsf]a}Ssdf ePsf lg0f{ox¿

ldlt @)&^.#.!% ut]gkfn 6i6 ;~rfns ;ldltsf ;b:o of[a]hf] zk{f{OlGhlgo/ >LsfGt e§/fO{zfvf clws[t cRo'tsdf/ sfkm]n/ /flwsf ltldIN ;gf ;Ifsf]a}Ssdf ePsf lg0f{ox¿

प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले भक्तपुरको १०८ रोपनी जग्गाको संरक्षण नियमसंगत रूपमा गरिरहेको बताउनुहुँदै उक्त ठाउँमा भइरहेको जथाभावी पार्किङ,

कार्यक्रममा भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट, प्रहरी उपरीक्षक सबिन प्रधानलगायतको उपस्थिति रहेको थियो ।

# ljZj ko{6g lbj;sf] cj;/df eQmk'/df ko{6sx¿nfO{ jfut

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असोज १० गते बिहान भक्तपुर भ्रमणमा आउनुभएका विभिन्न देशका विदेशी पर्यटकहरूको पहिलो समूहलाई ४० औं विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर दरबार क्षेत्रको ढोकामा फूलमाला, भादगाउँले टोपी लगाइ दिएर स्वागत गर्नुभयो ।




'सबैको राम्रो भविष्यको लागि पर्यटन र रोजगारी' भन्ने मूल नाराका साथ भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा भएको स्वागत कार्यक्रममा भक्तपुर प्रवेश गर्ने चार देशका १२ जना पर्यटकहरूलाई नगरपालिकाको पिक्टोरियल बुक र भक्तपुरको मौलिक उत्पादनहरू उपहार प्रदान गर्दै लाखे प्याखं र माक प्याखं प्रस्तुत गरी स्वागत गरिएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेको भक्तपुरमा पर्यटकहरूलाई स्वागत गर्नुहुँदै भक्तपुर नगरलाई सफा मात्र नभई देशकै सुन्दर र संरक्षित नगरको रूपमा विकास गरी यहाँको मूर्त र अमूर्त सम्पदा जोगाउन र संरक्षण गर्न भक्तपुर नगरपालिका क्रियाशील रहेको बताउनुभयो ।

२०७२ सालको भूकम्पका कारण भक्तपुरका सांस्कृतिक सम्पदा र मठ मन्दिरहरूमा क्षति पुगेको, ती सम्पदाहरू विदेशीहरूको आर्थिक सहयोगविना सम्पन्न भइसकेको र स्थानीय जनताको सहयोग र समर्पणको भावनाले सम्पदाहरूलाई जीवन्तता दिने कोसिस गरिरहेको छ भन्नुभयो ।

उहाँले भक्तपुरका अमूर्त सम्पदाहरूको संरक्षणलाई निरन्तरता दिने बताउनुहुँदै भक्तपुरका सम्पदा जोगाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै जाने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुरको कला-संस्कृति अद्वितीय रहेको चर्चा गर्नुहुँदै विदेशीहरूको आकर्षणको लागि नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी गराउनुभयो । कार्यक्रममा भक्तपुर नपा पर्यटन तथा वातावरण समितिका अध्यक्ष रबिन्द्र ज्याख्व र पर्यटन सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपाका जनप्रतिनिधिहरू, नगरपालिकाका कर्मचारी, भक्तपुर पर्यटन विकास समितिका प्रतिनिधिहरूलगायतको उपस्थिति थियो ।

४० औं विश्व पर्यटन दिवस २०१९ मा भक्तपुर प्रवेश गर्ने पहिलो विदेशीहरू–

१) छ्वेनवेइ सि (CHUNWEI XIE) –चीन
२) याङ लेइ (YANG LEI) –चीन
३) जियाङ सिआ (JIANG XIA) –चीन



४) टोमास ओल्सोन (TOMAS OLSSON) –स्वीडेन
५) मारियो अलरेनबर्स (MARIUO ALRENBURS)–नेदरल्यान्ड
६) डुप बुट्स्मा (DOOP BUOTSMN) –चीन
७) लिओ जिन यू (LEO JIN YU) – चीन
८) हो यिक (HO YIK) –चीन
९) हु यिम मो (HU YIM MO) –चीन
१०) हो (HO) –चीन
११) टोवार्ड स्कान लुस (TOWARD SCAN LUCS) –फ्रान्स
१२) चिन फा अन (CHIN FA AN) –चीन

**विश्व पर्यटन दिवसको अवसरमा प्रवचन**

# भक्तपुरलाई उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्य

भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा ४० औं विश्व पर्यटन दिवसको अवसरमा प्रवचन कार्यक्रम असोज ८ गते भनपा सभाकक्षमा सम्पन्न भयो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकालाई सम्पदा पुनर्निर्माणमा श्रेष्ठता कायम गर्ने ढङ्गले विकास निर्माणको कार्यलाई अगाडि बढाइरहेको बताउनुभयो । भक्तपुरलाई संसारको उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने उद्देश्य रहेको बताउनुहुँदै स्थानीय पथप्रदर्शकहरूले इमानदारीपूर्वक काम गरी भक्तपुरको प्रतिष्ठा उँचो रहने ढंगले काम गर्न र पर्यटकहरूसँग असल व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो ।

देशका नीति निर्माताहरू ठेकेदारहरूसँगको संलग्नताले गर्दा अनियमितता र भ्रष्टाचार मौलाउँदै गएको बताउनुहुँदै प्रमुख प्रजापतिले नीति निर्माताहरू राम्रा भए देश व्यवस्थित रूपमा अगाडि बढ्ने प्रष्ट पार्नुभयो ।

वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले विश्व पर्यटन दिवसलाई पर्यटन व्यवसाय मर्यादित रूपमा सञ्चालन गर्ने अभियानको रूपमा लिएको र पर्यटकहरूलाई देखाउन लायक वस्तुहरूको संरक्षण र सम्बर्द्धन गर्न आवश्यकता रहेको बताउनुभयो । उहाँले भक्तपुरको पर्यटनमार्फत् उपलब्ध श्रोतलाई रूपान्तरण गरी नयाँ पुस्ताको सेवा गरिरहेको जिकिर गर्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालाले भक्तपुरलाई ऐतिहासिक जीवन्तता भएको सहरको रूपमा चित्रण गर्नुहुँदै यहाँको दीगो पर्यटन विकासमा नगरपालिकाले विशेष महत्त्व दिइरहेको बताउनुभयो ।

पर्यटक प्रहरी प्रमुख अमृत बहादुर बस्नेतले पर्यटन सेवालाई विश्वव्यापीकरण गर्ने ढंगले पर्यटन दिवस मनाउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै स्थानीय सरकारसँग हरेक नागरिकको वैयक्तिक सूचना भएमा पर्यटकहरूलाई सेवा प्रदान गर्न सहज हुने बताउनुभयो ।

पर्यटक सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासीवाले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न नगरपालिकाले साँस्कृतिक गतिविधि केन्द्रित गतिविधिमा जोड दिइरहेको बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेलेलाई नगरपालिकाद्वारा सञ्चालित पथप्रदर्शक तालिम निकै उपयोगी भएको र तालिमले भक्तपुरलाई नमूना सहरको रूपमा विकास गर्न टेवा पुग्ने बताउनुभयो ।

कार्यक्रममा नगरप्रमुख प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित पथप्रदर्शक तालिमका सहभागीहरूलाई परिचय–पत्र र ब्याच वितरण गर्नुभएको थियो भने पर्यटन सूचना केन्द्रका मुरज दिदियाले पथ प्रदर्शकहरूले पालना गर्नुपर्ने आचारसंहिता र कार्यविधिबारे प्रष्ट पार्नुभयो ।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

# नेपाल क्रान्तिकारी डकर्मी संघको तेस्रो भक्तपुर जिल्ला सम्मेलनको उद्घाटन



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा असोज १ गते नेपाल क्रान्तिकारी डकर्मी संघको तेस्रो भक्तपुर जिल्ला सम्मेलनको उद्घाटन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको सफलताको कामना गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले मौलिक तथा पुराना घर र सम्पदाहरूको निर्माणका सीप र प्रविधिहरू नयाँ पुस्तामा पुस्तान्तरण हुनसके यहाँको कला-संस्कृति संरक्षण भइरहनेछ भन्नुभयो ।

उहाँले भक्तपुरको मूर्त-अमूर्त कला-संस्कृतिका कारण भक्तपुर घुम्ने आन्तरिक तथा बाह्य पर्यटकहरूको सङ्ख्या बढिरहेकोमा खुशी व्यक्त गर्नुभयो ।

उहाँले डकर्मीहरूको जीवन सुरक्षाको निम्ति डकर्मीहरूलाई प्राथमिक उपचारबारे प्रशिक्षित गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै कालिगढहरूले नयाँ नयाँ प्रविधि र निर्माणबारे पनि सिक्न अभिप्रेरित गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा भइरहेका विकास निर्माण तथा सांस्कृतिक सम्पदा पुनःनिर्माण उपभोक्ता समितिमार्फत् गुणस्तरीय ढंगले अगाडि बढिरहेको बताउनु भयो ।

भवन निर्माण र अन्य व्यापारका कामहरूमा भारतीय कामदार र लगानीकर्ताको संलग्नता बढिरहेको जिकिर गर्नुहुँदै प्रमुख प्रजापतिले नेपाली कामदारहरू विस्तारै विस्थापित हुने खतरा बढेको बताउनुभयो ।

कमसल निर्माण र आर्थिक अनियमितता तथा भ्रष्टाचारका कारण ठेकेदारहरूले बद्नाम कमाइरहेको बताउनुहुँदै उहाँले ठेकेदारहरूलाई इमानदारीपूर्वक काम गर्न प्रेरित गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर संघ भक्तपुर जिल्लाका अध्यक्ष उपेन्द्र सुवालले भक्तपुरका डकर्मी तथा कालीगढहरूले देशको विभिन्न जिल्लामा गरिरहेको निर्माणका कार्यहरू प्रशंसनीय रहेको बताउनुहुँदै भक्तपुर क्यान्सर अस्पतालको वर्तमान अवस्थाबारे अवगत गराउनुभयो ।

नेपाल क्रान्तिकारी डकर्मी संघका अध्यक्ष विष्णुराम दुमरुले कामदार वर्गको हकहितको लागि संघ प्रतिबद्ध रहेको बताउनुहुँदै डकर्मीहरूले कामको समयमा आवश्यक सुरक्षाहरू अपनाउनुपर्ने कुराहरूबारे प्रस्ट पार्नुभयो ।

भक्तपुर सिकर्मी संघका अध्यक्ष विक्रम ढुकुछुले दुईतिहाइ बहुमत प्राप्त सरकार कामदार वर्गको पक्षमा नरहेको र पूँजीपति वर्गको पक्षमा काम गरिरहेको बताउनुहुँदै सबै पेशाका मजदुरहरू राजनैतिक रूपले संगठित हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी डकर्मी संघका उपाध्यक्ष विक्रम कासिछ्वा, नेपाल क्रान्तिकारी मजदुर संघका शिव सितिखु र नेपाल डकर्मी संघका सूर्यनारायण फाँजूले संघ स्थापनाको उद्देश्य र महत्त्वबारे आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं ।**

**भक्तपुर नगरपालिकाको**

रेडियो कार्यक्रम

**'ख्वप स:' अर्थात्**
**'भक्तपुर आवाज'**

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म

# भक्तपुर नगरपालिका स्थानीय सरकार सञ्चालनमा सबै खालको समस्या समाधान गर्ने थलो



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय सरकार सञ्चालनमा सबै खालको समस्या समाधान गर्ने थलोको रूपमा भक्तपुर नगरपालिकाले भूमिका खेलिरहेको बताउनुभयो ।

उक्त विचार नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका एकाई समितिको आयोजनामा भदौ ३० गते समसामयिक विषयमा भक्तपुर नगरपालिकाका कर्मचारीबीच भएको प्रवचन कार्यक्रममा प्रमुख प्रजापतिले व्यक्त गर्नुभएको हो ।

जनप्रतिनिधि र कर्मचारीहरू राष्ट्र र जनताका सेवक भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले कर्मचारीहरूलाई आ–आफ्नो क्षेत्रमार्फत जनताको इमानदारीपूर्वक सेवाको भावनाले काम गर्न प्रेरित गर्नुभयो ।

असोज ३, ४ र ५ गते हुने नेमकिपाको सातौं महाधिवेशन भव्य रूपमा सम्पन्न गर्न कर्मचारीहरूले पनि आफ्नो क्षेत्रबाट योगदान पुर्‍याउनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र मार्गनिर्देशन अनुरूप सञ्चालित भक्तपुर नगरपालिकाको विकास निर्माणका काम देशका अरु स्थानीय निकायहरूको लागि उदाहरणीय बनिरहेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सरसफाइ क्षेत्रमा गरिरहेको उपलब्धीले नेपाली जनता लाभान्वित भएको बताउनु भयो । डेंगु रोगको जोखिमबारे प्रस्ट पार्नुहुँदै उपप्रमुख जोशीले स्मार्ट सिटीको नाममा उपत्यकाको कृषियोग्य जमिनहरू म्हासिँदै गएको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नपा एकाइ समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले नेमकिपाको महाधिवेशनको सफलताको कामना गर्नुहुँदै नेमकिपाको घोषणापत्रअनुरूप काम भएकै कारण भक्तपुर नगरपालिका अरु नगरपालिकाको तुलनामा उत्कृष्ट र उदाहरणीय भएको बताउनुभयो ।

कार्यक्रममा समितिका उपाध्यक्ष कालीलाल प्रजापति, भक्तपुर नगरपालिका श्यानिटेशन उपशाखाका प्रमुख दिलिपकुमार सुवाल, समितिका केन्द्रीय सदस्य दिलकृष्ण माक र वडा सचिव राजेश दिष्टिले पनि आ–आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# जनतालाई दुःख दिने सरकार कम्युनिष्ट सरकार हुनैसक्दैन

'गणतन्त्रात्मक संविधानमा समाजवादउन्मुख शब्द थप्न नेपाल मजदुर किसान पार्टीको अहम् भूमिका रहेको तर वर्तमान सरकारले नीजीकरणलाई बढावा दिनु कुनै पनि अर्थमा समाजवादउन्मुख हुँदैन ।'

उक्त विचार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भदौ २९ गते भक्तपुर नपा वडा नं. १ मा आयोजित वडावासीहरूको भेला कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

जनतालाई दुःख दिने सरकार कम्युनिस्ट सरकार हुन नसक्ने बताउनुहुँदै प्रमुख प्रजापतिले काम गरी खाने वर्गको हकहितको निम्ति नेमकिपा निरन्तर संघर्षरत रहेको स्पष्ट पार्नुभयो ।

भेलामा नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले महाधिवेशनको महत्त्व दर्शाउँदै सातौं महाधिवेशन भव्यताका साथ सम्पन्न गर्न अनुशासित कार्यकर्ताहरूको बलियो सङ्गठन तयार गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेमकिपा १ वडा इन्चार्ज लक्ष्मीनारायण राजलवट खत्रीले सातौं महाधिवेशन एक वैचारिक संघर्षकै सिलसिला भएकोले सबै मजदुर, किसान, विद्यार्थी, युवा र महिलाहरू सक्रियता पूर्वक लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भक्तपुर नगरपालिका १ वडाका वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नगरसभा सदस्य सूर्यप्रसाद श्रेष्ठ र गंगालक्ष्मी बमनूले पनि बोल्नुभएको थियो ।

# छ देशका नगर प्रमुखसहितको टोली भक्तपुरमा

विश्व सम्पदा सूचीमा सुचिकृत भक्तपुर दरबार क्षेत्रको विभिन्न सम्पदा र पाँचतले मन्दिर चीनको लान्जाउ सिटीका मेयर जियाङ सियावहोङ, भूटानको थिम्पू नगरका मेयर किन्ले



दोर्जी, भारतको नर्थ दिल्ली नगरपालिकाका मेयर सरदार अवतार सिंहलगायत अमेरिका र जापानका दश शहरबाट नेपाल आएका पदाधिकारीहरू सहित ४० जनाको समुहले भदौ २९ गते अवलोकन गर्नुभयो ।

भक्तपुर नगर प्रवेशसँगै आएका पाहुनाहरूका लागि भक्तपुर नपाका तर्फबाट प्रमुख सुनिल प्रजापति र उप प्रमुख रजनी जोशीले पुरुष अतिथिहरूलाई भादगाउँले टोपी र महिला अतिथिहरूलाई सुर्के थैली उपहार दिएर स्वागत गर्नुभएको थियो ।

चीन, अमेरिका, भुटान, बंगलादेश र जापानका मेयरहरू सहितको भ्रमण टोलीले भक्तपुरको दरबार क्षेत्र, पाँचतले मन्दिर हुँदै पैदल यात्रा गर्दै दत्तात्रय मन्दिर क्षेत्रका सम्पदाको अवलोकन गरेका थिए । भक्तपुर दरबार क्षेत्रमा ५५ झ्याले दरबार, लुँःध्वाका, तलेजु, निर्माणाधिन फसी देग, पशुपति महादेवलगायतका दरबार क्षेत्रमा रहेको दरबार, मठ मन्दिरहरूको अवलोकन गर्नुभयो । त्यस पछि टौमढीको पाँचतल्ले मन्दिर, भैरव मन्दिर लगायत वरीपरीका सम्पदाहरूको अवलोकन गर्नुभयो । त्यहाबाट क्वाछैं, सुकुल ढोका, गोःमाही, ईनाचो हुँदै तचपालस्थित भिमसेन मन्दिर, दत्तात्रय मन्दिर, म्हैखा झ्यो (मयुर झ्याल) अवलोकन गरी च्याम्हासिँहबाट टोली फर्केको थियो ।

# बाल दिवसमा जनप्रतिनिधिसँग बालबालिका अन्तर्क्रिया

'सुनिश्चित बाल अधिकारः समृद्ध नेपालको आधार' भन्ने मूल नाराका साथ राष्ट्रिय बाल दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा जनप्रतिनिधिसँग बालबालिका अन्तर्क्रिया कार्यक्रम भदौ २९ गते सम्पन्न भयो । कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हाल देशमा पूँजीवादी शासन व्यवस्था रहेकै कारण संसदमा समेत इमानदारीपूर्वक देश र जनताको सेवा गर्ने राजनीति गर्नेभन्दा फाइदा बेफाइदा हेरेर काम गर्ने व्यापारिक सोचका मानिसहरूले भर्न थालेको र अनुकुलताअनुसार कानुन निर्माण गरिरहेको चर्चा गर्नुभयो । भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणमा विशेष जोड दिँदै आइरहेको बताउनुहुँदै उहाँले इतिहास, भूगोल, राजनीतिशास्त्र पढ्ने विद्यार्थीहरूका लागि छात्रवृत्ति समेत प्रदान गर्दै आइरहेको बताउनुभयो । कुनै पनि देश र व्यक्तिको विकास शिक्षाले मात्र सम्भव हुने जानकारी गराउनुहुँदै भनपाले चिनियाँ, जापानीलगायतका भाषाहरूको तालिम समेत सञ्चालन गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरका ४३ वटा विद्यालयहरूको उपस्थित रहेको उक्त अन्तर्क्रिया कार्यक्रममा विद्यार्थीहरूले हनुमन्ते खोला सुधार, नगरमा भइरहेको खानेपानी समस्या, बाल श्रम, विदेश पलायन, खेलकुदको अभाव, भक्तपुर क्यान्सर अस्पतालको अवस्था, नगरको फोहोरमैला व्यवस्थापन, बाल उद्यान, अपांगता सम्बन्धी विविध विषयमा जनप्रतिनिधिहरूसँग जिज्ञासा राखेका थिए । प्रमुख प्रजापतिले विद्यार्थीहरूबाट आएका जिज्ञासाहरू बारे प्रष्ट पार्नुहुँदै भनपाले हनुमन्ते खोला सुधारको काम गरिहेको बताउनुभयो । उहाँले क्यान्सर अस्पतालबारे सोधिएको प्रश्नमा स्पष्ट पार्दै भन्नुभयो– 'भक्तपुर क्यान्सर अस्पतालका कर्मचारी र टोलटोलका बासिन्दाहरूको अनुरोधमा नयाँ व्यवस्थापन समिति



गठन गरेको हो ।' त्यस्तै भक्तपुर नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष उकेश कवांले पनि विद्यार्थीहरूबाट आएका जिज्ञासाहरूको जवाफ दिनुहुँदै वडा वडामा बन्द अवस्थामा रहेका पुस्तकालयहरू सञ्चालनमा जोड दिँदै आइरहेको र बालबालिकाको सुरक्षाका निम्ति प्रतिरक्षा तालिम समेत दिँदै आइरहेको बताउनुभयो । कार्यक्रममा स्रोतव्यक्ति कृष्णप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो ।

# भनपामा फोटोग्राफर भेला

भक्तपुर नगरपालिकाको आयोजनामा भएको फोटोग्राफी तालिमका सहभागीहरूको भेला भदौ २९ गते भनपा प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपा सभाकक्षमा सम्पन्न भयो।

भेलामा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सञ्चालन गरेका विभिन्न सीपमूलक तालिममा सहभागी प्रशिक्षार्थीहरूले तालिम पश्चातको प्रगतिबारे समीक्षा गर्न भेला आयोजना गरिएको बताउनुहुँदै उहाँले 'तालिम तालिमका लागि होइन जीवन परिवर्तन गर्नका निम्ति हुनुपर्छ' भन्नुभयो।

भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको गतिविधि देशभरमै उदाहरणीय रहेको जानकारी गराउनुहुँदै उहाँले देशका विभिन्न नगरपालिकाहरूबाट अवलोकनका लागि नपामा आउने गरेको बताउनुभयो। भक्तपुर नगरपालिकाले युवा लक्षित तालिमहरू सञ्चालन गर्दै आएको जानकारी दिनुहुँदै उहाँले नगरपालिकाले त्यस्ता तालिमहरूलाई निरन्तरता दिँदै आएको उल्लेख गर्नुभयो।

उहाँले देशको विद्यमान परिस्थितिबारे जानकारी गराउनुहुँदै देश विकासमा युवाहरूको भूमिका महत्त्वपूर्ण हुने देशको लागि आवश्यक जनशक्ति तयार गर्न भक्तपुर नगरपालिकाले इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र पढ्ने विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिरहेको जानकारी दिनुभयो।

भेलामा प्रमुख प्रजापतिले देशमा विदेशी हस्तक्षेपका कारण कृषि, पेट्रोलियम पदार्थलगायत शिक्षामा परनिर्भता बढ्दै गएको तथ्य प्रस्ट्याउनुहुँदै युवाहरूले यसको विरुद्ध आवाज उठाउनुपर्ने र समाजलाई बुद्धिजीवीकरण गर्दै लैजानु पर्ने आवश्यकता औंल्याउनुभयो।

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशनबारे जानकारी गराउनुहुँदै उहाँले असोज २ गते हुने सुकुन्दा न्याली, असोज ३ गते भक्तपुर च्याम्हासिहबाट शुरु हुने न्याली र असोज ४ र ५ गते हुने महाधिवेशनमा आ–आफ्नो तर्फबाट सहयोग गर्न अनुरोध गर्नुभयो।



भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, कार्यपालिका सदस्य सुनिता अवाललगायतको उपस्थिति रहेको भेलामा भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले समसामयिक विषयमा बोल्नुभएको थियो।

# नगरका सबै वडाहरूमा शिशु स्याहार सञ्चालन गर्ने तयारी

'भक्तपुर नगरपालिकाले नगरका सबै वडाहरूमा शिशु स्याहार सञ्चालन गर्ने तयारीका साथ लागिपरेको छ। २१ औं शताब्दीको चुनौति सामना गर्न सक्ने योग्य विद्यार्थी तयार गर्ने लक्ष्यका साथ नगरपालिकाले सातवटा शैक्षिक संस्थानहरू सञ्चालन गरिरहेको छ।'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिशु स्याहार केन्द्रमा कार्यरत शिक्षिकाहरूको भदौ २८ गतेको भेटघाट कार्यक्रममा उक्त भनाइ राख्नुभएको हो।

बालबालिकाहरूमा सकारात्मक सोचको विकास गरी मानसिक र शारीरिकरूपमा तन्दुरुस्ती गर्न शिशु स्याहार केन्द्रले महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले भनपाले शिशु स्याहार केन्द्र सञ्चालन गरिरहेको उहाँले बताउनुभयो।

शिशु स्याहारमा कार्यरत शिक्षिकाहरूले समयअनुसार आफू परिष्कृत हुनुका साथै संस्कारयुक्त हुनुपर्छ। प्रविधि मैत्री भई नानीहरूलाई सिकाउने क्षमताको विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'नेमकिपाले चुनावी घोषणापत्रमा व्यक्त गरेका प्रतिबद्धताअनुसार भनपाका जनप्रतिनिधिहरूले कार्य गरिरहेका छन्। शिक्षा, स्वास्थ्य र सरसफाइलाई नगरपालिकाले प्राथमिकता दिएको छ।'

भनपा वडा नं. ९ का वडा अध्यक्ष रविन्द्र ज्याख्वले नेमकिपाको 'एक घर एक स्नातक' को अभियानले सार्थक रूप लिइसकेको चर्चा गर्नुहुँदै भनपाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रलाई नमुना शिशु स्याहार केन्द्रको रूपमा सञ्चालन गर्ने उद्देश्यले कार्य भइरहेको बताउनुभयो।

कार्यक्रममा भनपा समाज कल्याण तथा शिशु स्याहार केन्द्रका प्रमुख दीपेन्द्र प्रजापतिले नगरपालिकाले शैक्षिक क्षेत्रमा गरेका कार्यहरूबारे स्पष्ट पार्नुहुँदै शिशु स्याहार केन्द्रको स्तर वृद्धिको लागि आवश्यक गृहकार्यहरू भइरहेको जानकारी दिनुभयो।

# होटेल एसोसियसन भक्तपुरको पहिलो वार्षिक साधारणसभा सम्पन्न

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा होटेल एसोसियसन भक्तपुरको पहिलो वार्षिक साधारणसभा भदौ २८ गते सम्पन्न भयो ।



सभामा नगर प्रमुख प्रजापतिले होटल व्यवसायमा युवा पुस्ताको आकर्षण र पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण हुनु खुसीको विषय भएको बताउनुभयो ।

नेपाल भित्रिने पर्यटकलाई भक्तपुर भ्रमण गराउन नपाले विभिन्न पर्यटक लक्षित कार्यक्रमलाई प्राथमिकतासाथ अगाडि बढाइरहेको उहाँले जानकारी दिनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'पर्यटकीय गन्तव्यस्थल नगरकोट जाने सडकका ठेकेदार प्रचण्डको घरबेटीलाई संरक्षण गर्न शासक दलका नेताहरू लागिपर्नु लज्जाको विषय हो ।'

भिजिट नेपाल २०२० बारे सरकारले आवश्यक सहयोग गर्न सकिरहेको छैन भन्दै उहाँले पर्यटन व्यवसाय प्रवर्द्धनलाई राज्यले प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सम्पदा संरक्षण र पुनः निर्माणमा भनपाले विदेशीको सहयोगविना नै कार्य सम्पन्न गरिरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, 'पुर्खाले सिर्जेको कला-संस्कृति र सीपहरू नयाँ पुस्तालाई हस्तान्तरण गर्दै लानुपर्छ । नगरपालिकाले यसै वर्ष भक्तपुर महोत्सव गर्ने योजना राखेको छ ।'

होटल एसोसियसन नेपालका प्रथम उपाध्यक्ष विनायक शाहले नेपालको पर्यटनमा भक्तपुरको विशिष्ट स्थान रहेको र विदेशी पर्यटकहरूको भक्तपुरप्रति आकर्षण रहेको बताउनुभयो ।

नेपाल भित्रिने पर्यटकहरूको लागि होटलको स्तर वृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले नेपाल भ्रमण वर्ष २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको जानकारी दिनुभयो ।

कार्यक्रममा होटल एसोसियसन भक्तपुरका अध्यक्ष सत्यराम सुवाल, नेपाल भ्रमण वर्ष २०२० का प्रदेश नं. ३ संयोजक अनिल लामा, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामप्रसाद प्रजापति, आयोजक समितिका कोषाध्यक्ष सुजन हाडा, अरुणोदय प्रजापति र कृतन अवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अतिथि प्रजापतिले भक्तपुरका पहिलो उद्योग-व्यवसायी रामप्रसाद प्रजापति र वाद्यवादक इन्दिरा लाछिमस्यूलाई सम्मान गर्नुभएको थियो ।

# ख्वप बहुप्राविधिक संस्थानमा अभिमुखीकरण कार्यक्रम सम्पन्न

भनपाका प्रमुख तथा संस्थान सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान (सिभिल विभाग)को प्रथम वर्षमा अध्ययन गर्न भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई भदौ २९ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले सभ्य तथा सुसंस्कृत समाज निर्माणको प्रमुख आधार नै शिक्षा भएकोले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा लगानी गरेको बताउनुहुँदै सबै स्थानीय तहले शैक्षिक संस्था सञ्चालन गरेमा देशका अधिकतम जनताले शिक्षाको अवसर प्राप्त गर्ने विचार व्यक्त गर्नुभयो ।

ज्ञान हासिल गर्नु प्रमाणपत्र पाउनको लागि मात्र नभई समाज परिवर्तनको लागि भएको उल्लेख गर्नुहुँदै उहाँले विद्यार्थीहरू सँधै नयाँ खोज र अनुसन्धानतर्फ अग्रसर हुनुपर्ने बताउनुभयो । हाल देशमा व्यापारिक मानसिकता भएका व्यक्तिहरूले देश सञ्चालन गरिरहेको हुँदा जनताले दुःख पाइरहेको जानकारी गराउनुहुँदै उहाँले देश परिवर्तनका लागि आफू स्वयम लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो । समाजलाई बनाउने र विगार्नेमा प्राविधिहरूको महत्त्वपूर्ण भूमिका हुने स्मरण गराउनुहुँदै उहाँले



योग्य, सक्षम र इमानदार प्राविधिक बन्न नवआगन्तुक विद्यार्थीहरूलाई निर्दिष्ट गर्नुभयो ।

भनपा-९ का ववडाध्यक्ष तथा संस्थानका सञ्चालक समिति सदस्य रविन्द्र ज्याख्वले समाजको अवस्थालाई अध्ययन गरी सही कार्यको समर्थन र गलत कार्यको सबैले विरोध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । पूँजीवादी बन्दोवस्तमा शिक्षा सबैको पहुँचमा नपुग्ने भएकोले आफ्नो ज्ञान र सीप समाज परिवर्तनमा लगाउनु आग्रह गर्नुभयो ।

अभिमुखीकरण कार्यक्रममा सिभिलका विभागीय प्रमुख रमेश सुवाल, संयोजक ऋतु ज्याख्व र सुनिल दथेपुथे र विद्यार्थी राजकुमार यादवलगायतले पनि बोल्नुभएको थियो ।

# संगम र बाराही सहकारी संस्थाको साधारणसभा सम्पन्न

भनपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा संगम बचत तथा ऋण सहकारी संस्थाको बाह्रौँ साधारणसभा भदौ २८ गते सम्पन्न भयो।




सभामा उद्घाटन मन्तव्य राख्नुहुँदै प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले सदस्य सङ्ख्या बढाउने र नाफा कमाउने भन्दा पनि सामूहिक हितलाई ध्यान दिएर समाज विकासमा सहयोगीको भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले भन्नुभयो, 'काठमाडौँ उपत्यकामा खेतीयोग्य जमिनहरूमा भएको बस्ती विकास र नयाँ पुस्ता कृषि पेशाबाट टाढिँदै जानु चिन्ताको विषय हो। नयाँ पुस्तालाई सीपमूलक तालिमलगायत व्यक्तित्त्व विकासमा सहयोग पुग्ने विभिन्न क्रियाकलापहरू सहकारीले सञ्चालन गर्नु आवश्यक छ।'

भक्तपुर नगरपालिकाको मुख्य आम्दानी भनेको पर्यटन शुल्क रहेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले पर्यटनसँग सम्बन्धित उद्योग र व्यवसायहरू सञ्चालन गर्ने सोच राख्न सहकारीकर्मीहरूलाई सुझाव दिनुभयो।

भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको अनियमितता र भ्रष्टाचारविरुद्ध नगरपालिका अगाडि बढिरहेको उहाँले बताउनुभयो।

संस्थाका अध्यक्ष कृष्णगोपाल छुस्याकीको सभापतित्वमा भएको कार्यक्रममा भनपा वडा नं. ४ का वडाअध्यक्ष कुमार चवाल, वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकला, वडा नं. ५ का वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्य, सहकारी विभागका पूर्व उपरजिष्ट्रार विष्णुप्रसाद घिमिरे, जिल्ला बचत तथा ऋण सहकारीका अध्यक्ष कृष्णगोविन्द लाखा, संस्थाका सल्लाहकार न्हुछेराम भेले, पूर्वअध्यक्ष रामप्रसाद सिबन्जार र राजाराम चवालले पनि बोल्नुभएको थियो।

सभामा संस्थाको प्रतिवेदन, लेखा समितिको प्रतिवेदन र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत भएको थियो।

कार्यक्रममा अतिथि प्रजापतिले ज्येष्ठ सदस्यहरूलाई सम्मान गर्नुभएको थियो।

त्यस्तै बाराही बचत तथा ऋण सहकारी संस्थाको बीसौँ वार्षिक साधारणसभा भदौ २८ गते नै सम्पन्न भयो।

सभामा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले सहकारी संस्थामा जम्मा भएको रकम सामूहिक हितमा उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै सदस्यहरूको गुनासोलाई सम्बोधन गरी संस्था अगाडि बढ्नुपर्छ भन्नुभयो।

आत्मनिर्भर भएर बाँच्नेले स्वाभिमानीपूर्वक जीवन निर्वाह गर्नसक्ने भएकाले सहकारीले सदस्यहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिमहरू सहकारीले सञ्चालन गर्नुपर्छ, उहाँले भन्नुभयो।

भनपाले पर्यटन क्षेत्रलाई अगाडि बढाउने लक्ष्य लिई विभिन्न भाषाका तालिम र सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको प्रमुख प्रजापतिले जानकारी दिनुभयो।

सरकारको पञ्चवर्षीय योजनाले निजी क्षेत्रलाई बढावा दिने काम गरेको चर्चा गर्नुहुँदै उहाँले निजीकरणको पक्ष लिनेहरू कम्युनिस्ट हुननसक्ने धारणा राख्नुभयो।

भारतले बनाएको अनियमित बाँधका कारण तराईका जनता बाढीबाट पीडित हुनुपरेको र नेपालका गाउँहरू डुबानमा परे पनि सरकारले केही बोल्न नसक्नुले यो सरकार भारतीय दलाल भएको पुस्टि गर्छ, उहाँले भन्नुभयो।

भनपा वडा नं. ४ का वडा अध्यक्ष कुमार चवालले ब्याज धेरै दिने सहकारी संस्थाभन्दा आर्थिक नियममा बस्ने र देश र जनताको सेवा भावले काम गर्ने सहकारी संस्थामा सदस्य भई कारोबार गर्नुपर्ने बताउनुभयो।



सभामा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका जगनाथ प्रजापति, वयोवृद्ध नारायणभक्त राजलवट, सञ्चालक कृष्णभक्त बोडे श्रेष्ठलगायतले शुभकामना र संस्थाका अध्यक्ष बलराम प्रजापतिले धन्यवाद व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख प्रजापतिले वयोवृद्ध सदस्य नारायणभक्त राजलवटलाई सम्मान गर्नुभएको थियो।

# जेंलास्थित जेंला पोखरीको पुन:निर्माण सम्पन्न



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भदौ २७ गते भक्तपुर नपा वडा नं. ८ जेंलास्थित पुन:निर्मित जेंला पोखरी (पुखुचा) को उद्घाटन गर्नुभयो । उक्त पोखरी भक्तपुर नगरपालिकाको आर्थिक सहयोगमा आर्थिक वर्ष २०७५–७६ मा पुन:निर्माण सम्पन्न भएको थियो ।

नगरप्रमुख प्रजापतिले आफ्नो उद्घाटन मन्तव्यमा पुराना सम्पदाहरू नव–निर्माण गरिंदा इतिहास मेटिने सम्भावना भएको हुँदा भक्तपुर नगरपालिकाले पुरानो सम्पदाहरूको पुन:निर्माणमा पुरानै शैली र प्रविधि अपनाइरहेको बताउनुभयो । उहाँले पोखरीहरूको महत्त्वबारे प्रस्ट पार्नुहुँदै पुर्खाले सिर्जेका कला–कृतिहरू नयाँ पुस्ताको लागि अमूल्य सम्पत्तिको रूपमा रहेको बताउनुभयो ।

पुराना मौलिक प्रविधि वैज्ञानिक भएको बताउनुहुँदै उहाँले नगरपालिकाको आर्थिक सहयोगमा पुन:निर्मित सबै सम्पदा तथा विकास निर्माण कार्यहरू उपभोक्ता समितिहरूमार्फत् कम लागतमा गुणस्तरीय निर्माण भइरहेको बताउनुभयो ।

डेंगु रोगको महामारी फैलिरहेकोले सरसफाइमा बढी ध्यान दिन र समुदाय नै सचेत हुनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले विषादीयुक्त खानेकुराका कारण नसर्ने रोगको जोखिम पनि बढिरहेको बताउनुभयो । उहाँले नजिकिँदै गरेको नेमकिपाको सातौं महाधिवेशनमा सहभागिताको निम्ति आह्वान गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले पुर्खाले सिर्जेको सम्पत्तिलाई अब प्रविधिसँग जोड्दै लानुपर्ने र हाम्रा सम्पदाहरू पानी र संस्कृतिसँग पनि जोडिएको बताउनुभयो । पुर्खाले विकास गरेको प्रविधिको महत्त्वबारे उहाँले प्रस्ट पार्नुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले जनताको साथ र सहयोग प्राप्त भएकै कारण भक्तपुरको विकास सम्भव भएको बताउनुहुँदै २०७२ सालको भूकम्पबाट पुरिएको जेंला पोखरीको पुन:निर्माण निकै कम लागतमा पुन:निर्माण सकिएको बताउनुभयो । कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिलाई वडाध्यक्ष महेन्द्र खायमलीले पुखुचाको प्रतिवेदन हस्तान्तरण गर्नुभएको थियो ।

कार्यक्रममा नेमकिपा वडा नं. ८ का इन्चार्ज कृष्णप्रसाद कोजु, अनुगमन समितिका संयोजक एवम् वडा सदस्य शिवप्रसाद बाला, अनुगमन समिति सदस्य शिवराम बोहजु र जेंला पोखरी उपभोक्ता समितिका अध्यक्ष पुण्यराम बोहजु र सुनिल बोहजुले पनि बोल्नुभएको थियो ।

जेंला पोखरी पुन:निर्माणको लागत इस्टिमेट १४ लाख बराबरको थियो भने करिब १० लाख ४ हजारको लागतमा पुन:निर्माण कार्य सम्पन्न भएको उपभोक्ता समितिले जनाएको छ ।



# लेखापरीक्षकहरूको भेला सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिकाभित्रका विद्यालयहरूमा लेखा परीक्षण गर्न खटिएका लेखापरीक्षकहरूसँगको छलफल कार्यक्रम भदौ २६ गते सम्पन्न भयो ।



कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले लेखापरीक्षकहरूले राज्यलाई आर्थिक अनुशासनमा राख्न महत्त्वपूर्ण योगदान गर्न सक्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै पारदर्शितापूर्वक काम गरिरहेको जानकारी दिनुभयो । उहाँले भनपाले ७ वटा शैक्षिक संस्थानहरू सञ्चालन गरिरहेको, घरघरमा नर्सिङ सेवा विस्तार गर्दै २५ शय्याको ख्वप अस्पताल निर्माण गरिरहेको जानकारी दिनुभयो । नपाले विद्यालयका लेखापालहरूलाई तालिम सञ्चालन गरी नियमसंगत रूपमा आर्थिक कारोबार गर्न निर्देशन दिएको बताउनुहुँदै सम्पदा पुन:निर्माण उपभोक्ता समितिमार्फत गर्दा गुणस्तरीय भएको जानकारी दिनुभयो । उहाँले ठेकेदारमार्फत् कार्य गर्दा गुणस्तर नहुने, बीचैमा भाग्ने प्रवृत्ति रहेकोले ख्वप अस्पताल निर्माण अमानतमा भइरहेको जानकारी दिनुभयो ।

विभिन्न एनजिओ र आइएनजिओहरूलाई महालेखा नियन्त्रणको कार्यालय, अख्तियार, नेपाल सरकारको मन्त्रालयले नहेरेको कारण अनियमितता भइरहेको जानकारी गराउनु हुँदै भक्तपुर क्यान्सर अस्पतालमा भैरहेको अनियमितताबारे प्रष्ट पार्नुभयो ।

उहाँले लेखापरीक्षकहरूले लेखापरीक्षण गर्दा वास्तविक प्रतिवेदन प्रस्तुत गरी बुँदागत रूपमा राय सुझाव पेश गरी नगरपालिकाले गरेका कमी कमजोरीलाई औंल्याएमा नगरपालिकाले प्रगति गर्न सक्ने हुनाले यथार्थ कुरा प्रतिवेदनमा समेट्न निर्देशन दिनुभयो ।

वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले लेखापरीक्षकहरूलाई खटिएको विद्यालयहरूमा गई आफ्नो जिम्मेवारी पूरा गर्न अनुरोध गर्नुहुँदै भक्तपुर नगरपालिकाका हरेक गतिविधि पारदर्शी रूपमा सञ्चालन भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र लेखापरीक्षक प्रतिनिधिहरूले पनि आ-आफ्नो राय-सुझाव प्रस्तुत गर्नुभएको थियो ।

# 'सक्कली कम्युनिस्टलाई बदनाम गर्न नेकपाजस्ता नक्कली कम्युनिस्टहरू सक्रिय'

नेपाल मजदुर किसान पार्टी मध्यपुर वडा नं. ५ र ६ समितिको आयोजनामा भदौ २८ गते तुलाननीमा चोक सभा भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले न्यायप्रेमी जनताको एकताबाट राजतन्त्रको अन्त्य भएको चर्चा गर्नुहुँदै पूँजीपतिहरूविरुद्ध मजदुर वर्ग सङ्गठित हुनु आवश्यक छ भन्नुभयो ।

सक्कली कम्युनिस्टहरूलाई बदनाम गर्न नेकपाजस्ता नक्कली कम्युनिस्टहरू सक्रिय रहेको र नेकपाले सिद्धान्तविपरीत चरित्र प्रदर्शन गरिरहेको उहाँले बताउनुभयो ।

असोज ३, ४ र ५ गते हुने नेमकिपाको सातौं महाधिवेशनमा उच्च किसिमको सैद्धान्तिक छलफल हुने उल्लेख गर्नुहुँदै केन्द्रीय सदस्य प्रजापतिले महाधिवेशन सफल पार्न नैतिक र भौतिक सहयोगको लागि अनुरोध गर्नुभयो ।

मध्यपुर नगर समितिका उपाध्यक्ष प्रेमजन थापा श्रेष्ठले सरकारले बुद्धिजीवीहरूलाई दिग्भ्रमित पार्ने काम गरिरहेको छ भन्नुभयो ।

कार्यक्रममा मध्यपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष राजकुमार प्रजापति, नेक्रायुसंघका सुरेन्द्र था र प्रेमकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

# अन्ह्यापुन्हीया जात्राबारे सरोकारवालाहरूको बैठक

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०७६ भाद्र ३०,३१ र असोज १ गते हुने अन्ह्यापुन्ही जात्रा (इन्द्रजात्रा) सम्बन्धी भक्तपुर नगरपालिकाको आयोजनामा जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान र भैरवनाथ जात्रा व्यवस्थापन सहयोग समिति लगायतका सरोकारवालाहरूको भदौ २६ गते बैठक बस्यो ।

बैठकले अन्ह्यापुन्ही जात्रा समयमै शान्तिपूर्ण रूपमा सम्पन्न गर्न भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान र भैरवनाथ जात्रा व्यवस्थापन सहयोग समितिलगायत सम्पूर्ण सरोकारवालाहरूले आ–आफ्नो तर्फबाट आवश्यक सहयोग गर्ने निर्णय गऱ्यो ।

बैठकमा नगर प्रमुख सुनिल प्रजापतिले इन्द्रजात्राको अवसरमा हुने पुलुकिसी, यांमता, मुपात्र, इन्द्रायणी जात्रा, छुमा गणेश जात्रा समयमै सम्पन्न गर्न सबैले आ–आफ्नो तर्फबाट सहयोग गर्नुहुन अनुरोध गर्नुहुँदै भक्तपुर नगरमा वर्षभरी हुने विभिन्न कला, सांस्कृतिलाई जगेर्ना गर्न नगरपालिकाको अगुवाईमा अन्तरक्रिया छलफल कार्यक्रमहरू संचालन गरिरहेको जानकारी गराउनुभयो । हालसालै सम्पन्न गाईजात्रामा ट्राफिक व्यवस्थापन प्रभावकारी भएको स्मरण गर्नुहुँदै उहाँले जात्राहरूलाई व्यवस्थित गर्न गुठी संस्थानले कमी कमजोरीलाई सच्याउँदै विभिन्न चाडपर्व र जात्रालाई आगामी दिनहरूमा व्यवस्थित गर्दै लैजानु पर्ने र चाडपर्वहरू तथा जात्राहरू व्यवस्थित गर्न भक्तपुर नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

उहाँले भक्तपुरको प्रसिद्ध नवदुर्गा नाचको लागि मुकुण्डो बनाउन समस्या भएको हुनाले सो को लागि अक्षय कोषको व्यवस्था गरी नगरपालिकाले खर्च व्यवस्थापन गर्न सहयोग गरेको जानकारी दिनुहुँदै गुठी संस्थानले आयश्रोत मात्रै खोज्ने होइन जात्रा संचालनको लागि आवश्यक खर्चहरू पनि गर्नुपर्नेमा जोड दिनुभयो ।

नगरभित्र हुने जात्राहरूमा शान्ति सुरक्षालाई विशेष ध्यान दिँदै भक्तपुरलाई अपराधमुक्त बनाउनको लागि सबैले आ–आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने बताउनुहुँदै उहाँले नगरपालिकाले भक्तपुरमा मनाइने जात्रा र चाडपर्वलाई विशेष प्राथमिकता दिँदै आएको जानकारी गराउनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले नगरपालिकाको अगुवाईमा भक्तपुरको कला,संस्कृति र जात्रा संरक्षण भइरहेकोमा खुशी व्यक्त गर्नुहुँदै नगरपालिकाले सानादेखि ठूला जात्राहरू व्यवस्थापनमा खेलेको भूमिकाको प्रशंसा गर्नुभयो । शान्ति सुरक्षाका लागि प्रशासन संवेदनशील रहेको जानकारी दिनुहुँदै उहाँले गुठी संस्थानले जात्रा व्यवस्थापन र सम्पदा संरक्षणको लागि आन्तरिक व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने र सरोकारवालाहरूसँग समन्वय गरेर पारदर्शी ढंगले कार्यक्रम अगाडि लानुपर्ने बताउनुभयो । उहाँले जात्रा सञ्चालन गर्दा नपुग बजेट माथिल्लो निकायमा माग गरी आपसी सहयोगमा



अगाडि बढ्न समेत गुठी संस्थान प्रमुखलाई निर्देशन दिनुभयो ।

गुठी संस्थानका प्रमुख अनन्त कायस्थले कार्यालयको क्षमताले भ्याएसम्म जात्रा सहयोग समितिहरूलाई सहयोग गर्दै आएको जानकारी दिनुहुँदै भक्तपुरमा जात्रा व्यवस्थानको लागि अबका दिनमा समन्वय गर्दै अगाडि बढ्ने जानकारी गराउनुभयो ।

कार्यक्रममा वडाध्यक्ष कुमार चवालले भैरवनाथको जात्रा व्यवस्थापनका चुनौतीहरूको बारेमा जानकारी दिनुहुँदै पुलुकिसी जात्राको समय व्यवस्थापनको लागि सम्बन्धित सबैले समयमै जात्रा सञ्चालनको लागि पहल गर्नुपर्ने बताउनुभयो ।


कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, भैरवनाथ जात्रा सहयोग समितिका अध्यक्ष न्हुछेराम भेले, सँला गणेशका हरिराम वुयो, तपालाछि गुठीका ज्ञानेन्द्र मानन्धरले पनि जात्रा समयमै व्यवस्थित गर्न आ–आफ्नो तर्फबाट सहयोग गर्ने बताउनुभयो ।

# चिनियाँ विदेशमन्त्री वाङ यीबाट भक्तपुर दरबार क्षेत्रको अवलोकन

नेपालको भ्रमणमा आउनु भएका चिनियाँ विदेशमन्त्री वाङ यीले भदौ २४ गते बिहान भक्तपुर दरबार स्क्वायरको अवलोकन गर्नुभयो। सामान्य पर्यटक बनेर भक्तपुर दरबार क्षेत्र, न्यातपोल मन्दिर र दत्तात्रय मन्दिर लगायतका ठाउँहरू अवलोकन गर्नुभएका विदेशमन्त्री वाङ यीले भक्तपुर क्षेत्र अवलोकन गर्नुभई यहाँका ऐतिहासिक सम्पदाहरूलाई आफैंले आफ्नो क्यामरामा कैद गरी उहाँले सेल्फी पनि खिच्नुभयो।

चिनियाँ विदेशमन्त्री वाङ यीका आग्रहअनुसार भक्तपुर क्षेत्र अवलोकन भ्रमण गरेको तस्बिर नखिच्न पत्रकारलाई सुरक्षाकर्मीहरूले आग्रह गरेका थिए। विदेशमन्त्री वाङको भनाइ उद्धृत गर्दै एक सुरक्षा अधिकारीले भन्नुभयो– 'मलाई सामान्य पर्यटकजस्तै गरी भक्तपुर घुम्न दिनुस्। मेरो फोटो खिच्नु पर्दैन।'

भक्तपुर घुम्न पाउँदा अत्यन्त खुसी लागेको र यहाँका ऐतिहासिक सम्पदा देखेर रमाइलो लागेको विदेशमन्त्री वाङले बताउनुभयो।



lrlgofF{ljb]zdGqL jfª ol

मोबाइलबाट तस्बिर खिच्दै घुमघाम गर्नुभएका वाङ प्रशन्न मुद्रामा देखिनुहुन्थ्यो। साथै चिनियाँ राजदूत होउ याङ्छीलगायत भ्रमण दलका अन्य सदस्य पनि उपस्थित हुनुहुन्थ्यो।

विदेशमन्त्री वाङले सामान्य नागरिक भएर पर्यटकीय क्षेत्र घुम्ने इच्छा गरे पनि उहाँका लागि सुरक्षा व्यवस्था कडा पारिएको थियो। यद्यपि स्थानीयवासीलाई कुनै रोकतोक भने गरिएको थिएन।

चिनियाँ विदेशमन्त्री वाङ गत आइतबार तीनदिने नेपाल भ्रमणमा आउनुभएको थियो। नेपाल आउनुभएलगत्तै उहाँले चन्द्रागिरि केबलकारको पनि भ्रमण गरी सोमबार राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग भेटवार्ता गर्नुभएको थियो।



**भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भदौ २४ गते कमलामाई नगरपालिकाका प्रमुख खड्गबहादुर खत्रीले नगरपालिकाको सभाकक्षमा भेट गर्नुभयो। भेटमा भनपा उपप्रमुख रजनी जोशी, ३ नं. वडा अध्यक्ष राजकृष्ण गोरा , ४ नं. वडा अध्यक्ष कुमार चवाललगायतको उपस्थिती थियो।**

# प्रधानमन्त्री कार्यालयमा डेंगु रोगसम्बन्धी बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले डेंगु रोगका कारण भक्तपुरमा रोगीहरूको सङ्ख्या बढ्न थालेको बताउनुहुँदै भक्तपुर नगरभित्र ३६ जना र भक्तपुर जिल्लाभित्र ४९ जना बिरामीहरू देखिएको बताउनुभयो ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको आयोजनामा भदौ २४ गते डेंगु रोग नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले डेंगु रोग नियन्त्रणसम्बन्धी वडा र विद्यालयमा अभिमुखीकरण, खाल्डाखुल्डी पुर्ने र चुन तथा फिनेल छर्ने



कार्यहरू गर्दै आएको र घरदैलो नर्सिङ सेवामार्फत् डेंगु रोगबारे सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो ।

उहाँले डेंगु रोगको त्रासले गर्दा जनता सामान्य ज्वरो आउँदा पनि अस्पतालमा उपचारको निम्ति आउने गरेको बताउनुहुँदै डेंगु रोगको त्रासभन्दा पनि सचेतना कार्यक्रम सञ्चालनको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

काठमाडौं महानपाका प्रमुख विद्यासुन्दर शाक्यले काठमाडौं महानगरपालिकाले डेंगु रोगको बारेमा घरदैलो कार्यक्रम गरी सूचनामूलक पर्चाहरू बाँड्ने अभियान सञ्चालन गरेको र जोखिम भएका ठाउँहरूमा मट्टितेल र फिनेल छर्ने कार्यलाई अगाडि सारेको बताउनुभयो । डेंगु रोगका विज्ञको अभाव भएका कारण आवश्यक जनशक्ति भएर पनि यस रोग नियन्त्रणको लागि केही गर्न नसकेको बताउनुहुँदै उहाँले डेंगु रोग नियन्त्रण गर्न सरकारले नै नसक्ने भनी आत्मसमर्पण गर्नु उचित भएको बताउनुभयो ।

नेपाल सरकार स्वास्थ्य मन्त्रालयका स्वास्थ्य सचिव पुष्पा चौधरीले डेंगुको शंका लागेमा तुरुन्त रगत जाँच गर्नुपर्ने र टोल-टोलमा यस रोगबारे सचेतना अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले सकेसम्म फगिङ (किटनाशक विषादी प्रयोग) नगर्न आग्रह गर्नुभयो ।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले डेंगु रोगसम्बन्धी सञ्चारमाध्यमले आवश्यकताभन्दा बढी नकारात्मक प्रचार गरेको भन्दै जनमानसमा यस रोगसम्बन्धी फैलिएको त्रास हटाउन श्रव्यदृश्य र अनलाइन मिडियामार्फत् सचेतना कार्यक्रमहरू गर्नु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा काठमाडौं उपत्यकाका विभिन्न नगरपालिकाका प्रमुख तथा उपप्रमुखहरूले उपत्यकाको जलवायु परिवर्तनका कारण जोसुकै पनि डेंगुबाट प्रभावित हुन सक्नेतर्फ सचेत हुनुपर्ने बताउनुहुँदै डेंगु नियन्त्रणको लागि खाल्डाखुल्डी पुर्ने, डेंगुको लार्भा खोजी नष्ट गर्ने, फगिङ (किट्नाशक औषधिको प्रयोग) गर्नु हानिकारक हुनेलगायतका धारणाहरू व्यक्त गर्नुभयो ।

# कौसी खेती तालिमको उद्घाटन

भक्तपुर नगरपालिका १० नं. वडा कार्यालयको आयोजनामा तीन दिने कौसी खेती तालिम उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भदौ २५ गते एक समारोह बीच सामग्री हस्तातरण गरी  उद्घाटन गर्नु भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणमा जोड दिइरहेको बताउनुहुँदै कृषिसँग सम्पदा जोडिएको हुन्छ भन्नुभयो । उहाँले संस्कृति जोगाउन कृषिको महत्त्व रहेको बताउनुहुँदै भूकम्पले गर्दा समाज विखण्डन भई खेती जग्गामा धमाधम घर निर्माण गर्नु पर्दा जमिन घट्दै गइरहेकेले कौसी खेतीको महत्त्व रहेको बताउनुभयो ।

कार्यक्रममा सभापतिको आशनबाट वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले कौसी खेती जनतालाई सचेत र शिक्षित पार्न तथा स्वच्छ खाद्य उत्पादनको लागि हो भन्नुभयो । उहाँले कौसी खेतिबाट फोहर बाहिर नआउने गरी मल बनाउने र विषादी तरकारी खानबाट मुक्त हुने बताउनु भयो । उहाँले डेंगु रोगको महामारी फैलिएकोले सो रोगबाट सचेत रहन र सरसफाइमा ध्यान दिन अनुरोध गर्नु भयो ।

कार्यक्रमा भुतपूर्व वडाध्यक्ष चन्द्रबहादुर उलकले जग्गाजमिन घट्दै गईरहेकोले थोरै जग्गामा पनि बढी उत्पादन गर्न कौसी खेतीको महत्त्व छ भन्नुभयो । कार्यक्रममा वडा सदस्य जितेन्द्र मुनंकर्मीले पनि बोल्नु भएको थियो भने तालिममा २५ जना सहभागी रहेको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो ।

# भक्तपुर नपा वडा नं. २ का फल्चा उद्घाटन

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भदौ २३ गते भक्तपुर नगरपालिका वडा नं. २ ठूलो ब्यासीस्थित फ्यः भएको फल्चा (पाटी) र ध्वाका बाहिरको फल्चा (पाटी) उद्घाटन गर्नुभयो ।



कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदाहरू सुरक्षित रहेको र भक्तपुर सम्पदा संरक्षित क्षेत्र भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीको नीति बमोजिम भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ र विकास निर्माणका कार्यहरूलाई प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै उहाँले पोखरी र पाटीको महत्त्वबारे प्रस्ट पार्नुभयो ।

भक्तपुर नपाले व्यवस्थित योजनाका साथ सम्पदा पुनःनिर्माणमा जोड दिइरहेको बताउनुहुँदै उहाँले देशभरिको सम्पदा पुनःनिर्माणमा भक्तपुरवासीहरूको योगदान रहेको र भक्तपुर वडा नं. १ स्थित रानी पोखरी पुनःनिर्माण कार्य अगाडि बढिरहेको बताउनुभयो । नजिकिँदै गरेको नेमकिपाको सातौँ महाधिवेशन भव्य रूपमा सम्पन्न गर्न आफ्नो क्षमताअनुसारको भौतिक र आर्थिक सहयोग गर्न आह्वान गर्नुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिकाले नगरको विकास निर्माण नगरवासीहरूको राय-सुझाव संकलन गरी प्राथमिकताका आधारमा गरिने बताउनुहुँदै नगरवासीहरूलाई स्वस्थ बनाउने उद्देश्यले शारीरिक ब्यायाम सामग्री एक सेट थप जडान गर्न लागेको बताउनुभयो ।

फ्यः दगु फल्चा (पाटी) उपभोक्ता समितिका अध्यक्ष विक्रम सुलुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ध्वाका बाहिरको पाटी उपभोक्ता समितिका अध्यक्ष नरेश बासुकलाले समाजको गतिविधिलाई अगाडि बढाउन स्थानीय जनताको सहयोग र जनसहभागिता अति महत्त्वपूर्ण भएको बताउनुभयो ।

नेमकिपा २ वडा इकाइ समितिका संयोजक गणेशप्रसाद सुवालले सम्पदा पुनःनिर्माण ठेक्कापट्टामा दिंदा त्यसको मौलिकता हराउने सम्भावना भएको बताउनुहुँदै नेमकिपाको ७ औं महाधिवेशन भक्तपुर नगरपालिकाको बजेटमार्फत् संरक्षण भएको १०८ रोपनी जग्गामा हुने र जनसहभागिताको लागि अपिल गर्नुभयो । पाटी उद्घाटन कार्यक्रममा स्थानीय राजकुमार लघुले पनि बोल्नुभएको थियो ।

नगरपालिकाको १६ लाख ५० हजार रूपैयाँ लागत इष्टिमेट तयार गरी नगरस्तरीय योजनाअन्तर्गत पुनःनिर्माण गरिएको ध्वाका बाहिरको पाटीको खुद खर्च भने १४ लाख ३७ हजार ३ सय ५७ रहेको थियो । साथै फ्यः भएको पाटीको लगत इस्टिमेट २९ लाख ९२ हजार ७ सय ५६ थियो र कूल खर्च १४ लाख ९० हजार ६ सय ५६ रहेको थियो ।



## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति भक्तपुरको १०८ रोपनी जग्गाबारे रक्षामन्त्री एवम् नेपाल ट्रष्टका अध्यक्ष इश्वर पोखरेललाई भनपाले गरेका कार्यको जानकारी दिनुहुँदै (असोज १० गते) ।



४० औं विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर नपाद्वारा आयोजित प्रवचन कार्यक्रम (असोज ८ गते) ।



भक्तपुर नपाद्वारा दिइएको फोटोग्राफी तालिमका प्रशिक्षार्थीहरूको भेला (भाद्र २९ गते) ।

## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा





विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर नगर प्रवेश गर्ने पहिलो पर्यटक टोलीलाई स्वागत र उपहार प्रदान गर्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति (माथि) र उपप्रमुख रजनी जोशी (तल) (असोज १० गते) ।

## भक्तपुर नपाका केही गतिविधि तस्विरमा

हालै निर्माण सम्पन्न गरिएका



वडा नं. २ ब्यासीको फल्चा



भ्र्‌यः फल्चा



साकुलानेको फल्चा



वडा नं ८ लौकिवाको महादेव मन्दिर

## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति भक्तपुरको रानी पोखरी पुनःनिर्माणको स्थलगत अवलोकनमा (असोज १४ गते) ।




भक्तपुर नपाद्वारा नगरका मूल सडकमा ढुङ्गा बिछ्याउने कार्य जारी छ । सुकु ध्वाकामा ढुङ्गा बिछ्याइँदै ।

**भक्तपुर नपाको अनुगमन**

# लेखापढी, घरजग्गा कारोबार व्यवसायहरूमा अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा लेखापढी व्यवसाय, घरजग्गा कारोबार व्यवसायहरूको फर्म १४ वटामा भाद्र ३० गते अनुगमन गरेकोमा भक्तपुर नगरपालिकामा एउटा मात्र दर्ता भएको पाइएको बताउनु भयो ।

अनुगमनमा भक्तपुर नगरपालिकामा दर्ता नभएका व्यवसाय तीन दिन भित्र दर्ता गर्न, सेवा शुल्कको सूची राख्न, शुल्कको लेनदेन पान नम्बर सहितको रसिदबाट गर्न, लेखापढी लगायत अनुमतिको प्रमाण पत्र फर्ममा देखिने गरी राख्न निर्देशन दिइएको छ ।

अनुगमनका वडाध्यक्ष हरिराम सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जू, उद्योग बाणिज्य संघका सञ्जय जोन्छे, महानगरीय प्रहरी परिसरका प्रहरी प्र.स.नि समशेर बहादुर श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्च, जिल्ला प्रशासन कार्यालयको सहभागी थियो ।

त्यसैगरी भाद्र ३१ गते अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा मालपोत क्षेत्रका लेखापढी व्यवसाय, घरजग्गा कारोबार लगायत अन्य व्यवसायहरूको फर्म १४ वटामा अनुगमन गरेकोमा अधिकाशं फर्महरू भक्तपुर नगरपालिकामा दर्ता नभएकोले अनुगमन कै क्रममा १० व्यवसाय दर्ता गरेको थियो ।

अनुमगमन भक्तपुर नगरपालिकामा तीन दिन भित्र दर्ता गर्न र सेवा शुल्कको सूची राख्न, शुल्कको लेनदेन पान नम्बर सहितको रसिदबाट गर्न, लेखापढी लगायत अनुमतिको प्रमाणपत्र फर्ममा देखिने गरी राख्न निर्देशन दिइएको छ ।

अनुगमनमा कार्यपालिका सदस्य रोशनमैंया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेबी ब्याञ्जू, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, महानगरीय प्रहरी परिसरका प्रहरी प्र.स.नि छत्रबहादुर थापा, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, जिल्ला प्रशासन कार्यालयको सहभागीता थियो ।

# अधिकांश राँगोको मासु पसल सुधार गर्नुपर्ने

भक्तपुर नगरपालिका पसल अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा असोज १६ गते ब्यासी र भुलाछेँमा मासु पसल अनुगमन गर्दा अधिकाशं मासु पसल सुधार गर्नुपर्ने र न्यूनतम मापदण्ड पुऱ्याई संचालन गर्न दिनुपर्ने देखिएको छ ।

अनुगमनमा पटक पटकको अनुगमनमा पसल दर्ता गर्न निर्देशन दिंदासमेत अटेर भई दर्ता नगरेकोले तीन दिनभित्र दर्ता गर्न, फ्रिजमा कुहेको र बिग्रेको मासु राखी राखेको निकालेर नष्ट गर्न र फ्रिज सफा गर्न, पसल सरसफाइ गरी व्यवस्थित गर्न, मासु धूलो र झिंगा नभन्किने गरी जालीले छोपेर राख्न, बासी र बिग्रेको मासु नबेच्न, एप्रोन सेतो अनिवार्य प्रयोग गर्न निर्देशन दियो ।

त्यस्तै पसल नविकरण गर्न, औजार खिया लागेको र फोहर देखिएकोले सफा गर्न, टेबुल र पसल व्यवस्थित र सफा गर्न र बिग्रिएको बासी मासु चार किलो तीन सय ग्राम जफत गरी नष्ट गरियो ।

त्यस्तै वधस्थल सरसफाइ गर्न र दुगर्न्धित भएकोले हावा ओहोरदोहोर हुने गरी पंखाको व्यवस्थापन गर्न, पेटी र बाटोमा टेबुल राखेर बेचविखन नगर्न, भूईं र भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न निर्देशन दियो ।

अनुगमनमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, सदस्य सचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, पशु सेवा शाखा भक्तपुरका रूपेश आलेमगर, राष्ट्रिय उपभोक्ता मञ्चबाट लक्ष्मी भण्डारी, भक्तपुर उद्योग बाणिज्य संघका संजय जोन्छे, महानगरीय प्रहरी परिसरका राजबहादुर डगौरा र भनपा कर उपशाखाका न्हुज किजू सहभागी रहेको थियो ।

त्यस्तै असोज १७ गते अनुगमन समितिका सदस्य रोशन मैया सुवालको नेतृत्वमा मासु पसल अनुगमन गरियो ।

अनुगमनमा बफ म:म:को पाकेजिङमा उत्पादन मिति नभएकोले त्यस्तो सामान नलिन र बिक्री वितरण नगर्न, आफुले उत्पादन गरेको मासुको परिकार किमा लगायतमा लेबल राखेरमात्र बेच विखन गर्न, पसलमा सामानहरू व्यवस्थित र सरसफाइ गर्न, दर्ता नवीकरण गर्न, दर्ता प्रमाणपत्र पसलमा नै सबैले देखिने गरी राख्न निर्देशन दियो ।

त्यस्तै मासु सफा गर्ने पानी एकदम दुषित भएकोले सफा र शुद्ध पानी प्रयोग गर्न, मूल्य सूची राख्न निर्देशन दिएको वडा निरिक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो ।

अनुगमनमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य सचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, पशु सेवा शाखा भक्तपुरका लालमति तामाङ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, भक्तपुर उद्योग बाणिज्य संघका संजय जोन्छे, महानगरीय प्रहरी परिसरका राजबहादुर डगौरा र भनपा कर उपशाखाका न्हुज किजू सहभागी रहेको थियो ।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ भाद्र १३ गते शुक्रबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू :

### सेवा निवृत्तलाई मासिक ज्याला

१) यस नगरपालिकाको स्वीकृत दरबन्दीमा स्थायी सेवामा कार्यरत सफाइ मजदुर श्री राधेश्याम कुसीको मिति २०७६।४।२९ गते जिल्ला प्रशासन कार्यालयबाट जन्म मिति खुलाई पठाएअनुसार मिति २०७५ वैशाख १४ गते ५८ वर्ष पूरा भएको देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार मिति २०७५।१।१५ गतेदेखि लागू हुने गरी अनिवार्य अवकाश दिइएकोमा मिति २०७५।१।१५ गतेदेखि २०७६।४।२९ गतेसम्म कार्यालयमा हाजिर भई निजले नियमित सफाइ कार्य गरी पारिश्रमिक समेत बुझिलिई सकेको अवस्थालाई मध्यनजर गर्दै निज सेवा निवृत्त भइसकेपछि सफाइ कार्य गरेको समय अवधिको सफाइ कार्य गरे वापत खाईपाई आएको तलवअनुसार मासिक ज्याला उपलब्ध गराउने र संचय कोष थप र विमा रकम थप निजले पाउने सुविधामा कट्टी गर्ने निर्णय गरियो ।

२) यस नगरपालिकाको स्वीकृत दरबन्दीमा स्थायी सेवामा कार्यरत ड्राइभर श्री पुण्यराम दुवाल मिति २०७६।३।१४ गते ५८ वर्ष पूरा भएकोले निजलाई मिति २०७६।३।१५ गतेदेखि लागू हुने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार अनिवार्य अवकाश दिइएकोमा निजले मिति २०७६।४।२७ गतेसम्म निज कार्यालयमा हाजिर भई कार्य गरेको देखिएको र निजले उक्त सेवा निवृत्त भइसकेपछि यस कार्यालयमा हाजिर भई कार्य गरे वापत पारिश्रमिक उपलब्ध गराई पाऊँ भनी निवेदन समेत पेश भएको हुँदा उक्त समय अवधिको निजलाई खाईपाई आएको तलवअनुसार मासिक ज्याला उपलब्ध गराउने र संचय कोष थप र बिमा रकम थप निजले पाउने सुविधामा कट्टी गर्ने निर्णय गरियो ।

३) यस नगरपालिकामा सफाइ ठेक्कामा कार्यरत सफाइ मजदुर कृष्णबहादुर धुकुछु मिति २०७६।१।१२ गते ५८ वर्ष पूरा भएकोले निजलाई मिति २०७६।१।१३ गतेदेखि लागू हुने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार अनिवार्य अवकाश दिइएकोमा निजले सेवा निवृत्त भइसकेपछि मिति २०७६।२।३० गतेसम्म आफ्नो सफाइ ठेक्का कार्य क्षेत्रमा नियमित सफाइ कार्य गरी पारिश्रमिक समेत बुझिलिइसकेको हुँदा निजलाई उक्त समय अवधिको पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

### प्रोत्साहन रकम

यस नगरपालिकामा ५ वर्ष वा सो भन्दा बढी समय अटुट रूपमा सेवारत स्थायी कर्मचारीहरूलाई कार्य मूल्यांकनको आधारमा नियमानुसार पदोन्नति नभएसम्म अस्थायी, मासिक ज्यालादारी, दैनिक ज्यालादारी, सेवा करार र सफाइ ठेक्कामा कार्यरत कर्मचारी र ठेकेदारहरूलाई एक आर्थिक वर्षको (आ.व ०७६।७७) लागि मासिक रु. १०००– प्रोत्साहन रकम प्रदान गर्ने र विभिन्न समयमा स्पष्टिकरण वा कारवाही गरिएकालाई उक्त रकम प्रदान नगर्ने निर्णयानुसार भक्तपुर नगरपालिका प्रशासन शाखाबाट प्राप्त आ.व ०७५।७६ मा स्पष्टिकरण लिएका र कारवाही गरेका कर्मचारीहरूको विवरणका आधारमा १ पटक स्पष्टिकरण लिएका कर्मचारी र ठेकेदारलाई ३ महिनाको लागि, २ पटक स्पष्टिकरण लिएका कर्मचारी र ठेकेदारलाई ६ महिनाको लागि र ३ पटक वा सोभन्दा बढी स्पष्टिकरण लिएका कर्मचारी र ठेकेदारलाई १ वर्षको लागि उक्त प्रोत्साहन रकम उपलब्ध नगराउने निर्णय गरियो ।

## गाईजात्राको नतिजा

भक्तपुर नगरपालिकाद्वारा आयोजित गाइजात्रा पर्व २०७६ को अवसरमा २०७६ श्रावण ३१ गते सापारुका दिन प्रदर्शन गरिएका घिङ्ताङ्घिसी र माक प्याखं तथा भाद्र १ गतेदेखि ६ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको देहाय बमोजिम रहेको नतिजा प्रकाशन गर्ने निर्णय गरियो–

| क्र.सं. | सांस्कृतिक विधाहरूको नाम | प्रथम | द्वितीय | तृतीय | सान्त्वना/सहभागी |
|---|---|---|---|---|---|
| १ | देवी प्याखं | देवी प्याखं समूह टौमढी | मुस्याख्व समूह | श्री गलसी पुखु देवी प्याखं | |
| २ | भैल प्याखं | विश्वकर्मा भैल प्याखं खलः | जेठा गणेश भैल प्याखं | तुछिमला भैल प्याख | |
| ३ | माक प्याखं | श्री कोटदेवी दाफा भजन | जेठा गणेश बाजा खलः | याताव दाफा भजन | श्री गलसी पुखु देवी प्याखं<br>गणेश दाफा भजन<br>राधाकृष्ण दाफा भजन<br>एभरेष्ट इ स्कुल<br>यापी भैरव दाफा भजन<br>श्री गणेश भजन समूह |
| ४ | गाइचा प्याखं | ब्यासी साँस्कृतिक समूह | आस्था सांस्कृतिक परिवार | इताछें समूह | श्रमिक कला सदन |
| ५ | लुसी प्याखं | श्रमिक कला सदन | नगांचा बाासुरी बाजा समूह | | |
| ६ | फाकंदली प्याखं | श्रमिक कला सदन | महालक्ष्मी प्याखं पुच | नगांचा बाँसुरी बाजा समूह | आस्था सांस्कृतिक परिवार |
| ७ | नागाचा प्याखं | खिछैं दाफा भजन खलः | सिद्धि गणेश बाँसुरी बाजा समूह | | |
| ८ | लाखे प्याखं | विश्वकर्मा भैल प्याखं खलः | पासा पुचः समूह | कमिचा गल्ली बाँसुरी बाजा समूह | खिछैं दाफा भजन खलः |
| ९ | हुला प्याखं | श्रमिक कला सदन | पासा पुचः समूह | एभरेष्ट इंङ्गलिस स्कूल | |
| १० | भालु प्याखं | गणेश दाफा भजन | नगांचा बाँसुरी बाजा समूह | | |
| ११ | जंगली प्याखं | खिछैं दाफा भजन खलः | देवी प्याखं समूह टौमढी | सिद्धि गणेश बाँसुरी बाजा समूह | श्री गलसी पुखु देवी प्याखं<br>एभरेष्ट इ स्कुल<br>रामचन्द्र खर्बुजा समूह<br>मुस्याख्व समूह<br>द राईजिङ्ग कल्चरल ग्रुप |
| १२ | ख्याल/नाटक | ख्वप कलेज | स्कलर्स होम | | |
| १३ | खिचा प्याखं | विश्वकर्मा भैल प्याखं खलः | नगांचा बाँसुरी बाजा समूह | सिद्धि गणेश बाँसुरी बाजा समूह | जेठा गणेश भैल प्याखं<br>तुछिमला भैल प्याखं |
| १४ | ख्या प्याखं | मुस्याख्व समूह | श्री गलसी पुखु देवी प्याख | देवी प्याखं समूह टौमढी | विश्वकर्मा भैल प्याखं खलः<br>रामचन्द्र खर्बुजा समूह<br>द राईजिङ्ग कल्चरल ग्रुप |
| १५ | कवांचा प्याखं | विश्वकर्मा भैल प्याखं खलः | देवी प्याखं समूह टौमढी | खिछैं दाफा भजन खलः | मुस्याख्व समूह<br>श्री गलसी पुखु देवी प्याखं<br>जेठा गणेश भैल प्याखं<br>तुछिमला भैल प्याखं<br>रामचन्द्र खर्बुजा समूह<br>द राईजिङ्ग कल्चरल ग्रुप<br>एभरेष्ट ईङ्गलिश स्कुल |
| १६ | घिङ्ताङ्घिसी | मंगलाल त्वायना–घट्खा ३ | वासुदेव प्रजापति–तालाक्व | रघुनाथ बनमाला–वडा नं ७ | नेमकिपा–५<br>नेक्रायुसंघ र नेक्राविसं संयुक्त |
| १७ | लाहुरे प्याखं | पासा पुचः समूह | श्रमिक कला सदन | | |
| १८ | झ्याउरे प्याखं | पासा पुचः समूह | कमिचा गल्ली बाँसुरी बाजा समूह | | |
| १९ | कैंलालीचा प्याखं | पासा पुचः समूह | नगांचा बाँसुरी बाजा समूह | | |
| २० | हनुमान प्याखं | गणेश दाफा भजन<br>विशेष स्थान | | | |
| २१ | म्हेखा प्याखं | श्री गलसी पुखु देवी प्याख<br>विशेष स्थान | | | |
| २२ | झ्या झ्या प्याखं | नगांचा बाँसुरी बाजा समूह<br>विशेष स्थान | | | |

उत्कृष्ट कलाकारहरु

| घिङ्‌ताङघिसीतर्फ | | |
|---|---|---|
| १ | उत्कृष्ट महिला कलाकार | गङ्‌गा प्रजापति, (वासुदेव प्रजापति समेतको) वडा नं. ४ |
| २ | उत्कृष्ट पुरुष कलाकार | कृष्ण प्रसाद मगजू, (कृष्ण माया मगजू समेतको) वडा नं. १० |
| ३ | उत्कृष्ट बाल कलाकार | अनुष्का सुवाल, (रत्नबहादुर थुया) झौखेल ३ |

| परम्परागत विधातर्फ | | |
|---|---|---|
| १ | उत्कृष्ट महिला कलाकार | न्हुछेलक्ष्मी वनमाला–महालक्ष्मीको भूमिकामा, मुस्याख्व समूह |
| २ | उत्कृष्ट पुरुष कलाकार | विश्वराम शिवंजार–महाकालीको भूमिकामा, देवी प्याखं समूह टौमढी |
| ३ | उत्कृष्ट बाल कलाकार | सविरा बज्राचार्य–महाकालीको भूमिकामा, द राईजिङ्ग कल्चरल ग्रुप |

| आधुनिक विधातर्फ | | |
|---|---|---|
| १ | उत्कृष्ट महिला कलाकार | पलिस्था रंजितकार, ख्वप कलेज (हिलाफुला ख्याल) |
| २ | उत्कृष्ट पुरुष कलाकार | सानुकाजी माक, नगांचा बाँसुरी बाजा समूह, |
| ३ | उत्कृष्ट बाल कलाकार | अंकित बाटी, श्रमिक कला सदन |
| ४ | उत्कृष्ट निर्देशक | श्रमिक कला सदन |

क. उपरोक्त बमोजिम पुरस्कृत हुने सांस्कृतिक विधाहरू तथा नाटक/ख्याल लेखन प्रतियोगिताको समेत विश्व सम्पदा शहरहरूको ऐक्यवद्धता दिवस (8th September) को अवसरमा २०७६ भाद्र २२ गते आइतबार,दरबार क्षेत्रमा आयोजना हुने कार्यक्रममा पुरस्कार वितरण गर्ने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

विभिन्न समितिको निम्न अनुसारको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

### युवा तथा खेलकुद समिति

**मिति २०७६।५।१० गते**

भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ कार्तिक १७–२३ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा तपसिल अनुसारको खेल प्रतियोगिता गर्ने निर्णय गरियो :

**खेलहरू**

| | | |
|---|---|---|
| १. भलिबल | २. फुटसल | ३. टेबुल टेनिस |
| ४. करांते | ५. कसिमला पायं | ६. पोर्टबल |
| ७. खो खो | ८. कबड्डी | ९. ब्याटमिन्टन |
| १०. उसु | ११. बुद्धिचाल | १२. एथ्लेटिक्स |
| १३. जिम्नाष्टिक | १४. टेक्वाण्डो | १५. बोसिबल |

### कृषि समिति

**मिति २०७६।५।१२ गते**

भक्तपुर नगरपालिकाबाट सञ्चालित भइरहेको छाडा कुकुर बन्ध्याकरण, व्यवस्थापन तथा रेबिज सुई अभियान कार्यक्रमलाई लिइएको पेश्की अहिले थप कार्यक्रम हुँदा नपुग भएकोले हालसम्मको पेश्की फछ्र्यौट गरी थप रु.५,००,०००।– (पाँच लाख) दिने निर्णय गरियो ।

### लेखा समिति

**मिति २०७६।४।२८ गते**

भक्तपुर नगरपालिकाको लेखा परीक्षण कार्यमा इन्टर्नसीप गर्न आएका बबिता ग्वाछा र ललिता खोजुलाई मासिक रु.१०,०००।– (दस हजार) खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

### शिक्षा,संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०७६।४।८ गते**

दरबार स्क्वायरस्थित खौमा ध्वाकामा सन्ध्याकालीन बत्ती जडानको निम्ति ख्वप कलेज अफ इन्जिनियरिङ्गको मिति २०७६।३।५ गते प्राप्त पत्रअनुसार इष्टमेट रकम (भ्याटसहित) रु.१२,४५,५६३।३२ (बाह्र लाख पैंतालिस हजार पाँच सय त्रिसठ्ठी रूपैया बत्तिस पैसा) भक्तपुर नगरपालिकाबाट ख्वप कलेज अफ इन्जिनियरिङ्गलाई पेश्की पठाउने निर्णय गरियो ।

## निर्माण समिति

| | ङ मिति : २०७६/०४/२२ र २०७६।५।९ गते | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **क) ल.ई. रकम स्वीकृत सम्बन्धमा** | | | | | | | | | |
| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| १ | सी.सी.टि.भी.मर्मत सम्भार कार्य | १ | ४९१,४०६। ४९ | | | | | | नपा | |
| २ | लोकेश्वर मन्दिर पाटी | २ | ४,४५९,९९८।१८ | | | | | | नपा | |
| ३ | वाकुपति नारायण चोक उत्तर पाटी पुन:निर्माण कार्य | ९ | २,७२९,१०६।१८ | | | | | | नपा | |
| ४ | सम्पदा उपशाखा बसेको भवन छाना मर्मत कार्य | ३ | ५१७,७२३।६८ | | | | | | नपा | |
| ५ | श्री बेताल भजन घर पुन:निर्माण कार्य | ३ | ९,९८०,४७४।५६ | | | | | | नपा | |
| ६ | बहुउद्देश्यीय भवन | १ | २१३,८२८,११५।३६ | | | | | | | विशेष अनुदान |
| ७ | लिवाली क्षेत्रमा बाटोमा पीच कार्य | ८ | ४२,६८७,८०१।४८ | | | | | | | विशेष अनुदान |
| ८ | कमलविनायक क्षेत्रमा बाटोमा पीच कार्य | १० | ३१,७५७,९३२।१८ | | | | | | | विशेष अनुदान |
| ९ | जगातीदेखि हनुमान घाट, आदर्श, गय:भिन्यो हुँदै पसिखेलसम्म पीच कार्य | ७ | ४५,७७४,८००।६० | | | | | | | विशेष अनुदान |
| १० | हनुमान घाट पुल (त्रिवेणी घाट पश्चिम) | ७ | ५०,८१५,७४३।०८ | | | | | | | समपुरक अनुदान |
| ११ | बाराही पुल | ३ | ५२,४२७,२३८।४२ | | | | | | | समपुरक अनुदान |
| १२ | ब्रम्हायणी पुल | ९ | ५०,८१५,७४३।०८ | | | | | | | समपुरक अनुदान |
| | **ख) पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | |
| १ | दूधपाटी ऐतिहासिक भाज्या पुखु उत्खनन् तथा पुलबीचको मन्दिर अध्ययन कार्य | १ | ६,३४१,०६३।८१ | | ६,२७०,२४४।४५ | ६,१३१,७८६।०० | ४,२३२,७४१।०० | १८९९०४५।०० | नपा | आ.पे.फ. भई थप पेश्की सिफारिस |
| | **ग) भुक्तानी सम्बन्धमा** | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि सिमेन्ट खरिद भुक्तानी सम्बन्धी | ९ | सिरूवा कन्स्ट्रक्शन कम्पनी प्रा.लि. | | | | | २७७,६४१।०० | नपा | खर्च समर्थन |
| | **घ) अन्य** | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. १० कमलविनायक प्लानिङ्गमा पीच कार्य (ठेक्का नं. ००५) को BOQ को क्र.सं. ६ मा Preacast Karb Stone रहेकोमा सो को सट्टामा Cost in place karb stone राख्ने र ४.७८ मीमी. डण्डीको सट्टामा ८ मीमी डण्डी पयोग गर्ने निर्णय गरियो । | | | | | | | | | |

**मिति : २०७६/०५/०९ गतेको निर्माण समिति बैठक निर्णय**

| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | |
| १ | सृजना नगरमा पेटी बनाउने कार्य | १ | २,७४८,८७१।७९ | | २,८२९,४६१।३४ | २,७३१,४३९।२३ | १,४००,०००।०० | ३५४,३७१।५० | नपा | कार्य सम्पन्न (पे.फ.) |
| २ | घलाटे बाराही ढल निकास बनाउने कार्य (आ.पे.फ.) | ३ | २,८४२,२५९।८८ | | १,३९०,६२७।०३ | १०१९९६८।९८ | ८००००००।०० | २१९,९६८।९८ | नपा | आंशिक पे.फ. (थप पेश्की रू. १०००००।०० |
| ३ | कालीघाटमा शौचालय निर्माण तथा परिसरमा ढुङ्गा छपाइ कार्य | २ | १,४०३,०१७।०० | १,८१६,४६७।६९ | १,३६३,६३२।२२ | १,०९२,६९६।१७ | ४५०,०००।०० | ६४२,६९६।१७ | नपा | कार्य सम्पन्न |
| ४ | दुगुमला गल्ली बाटोमा ढुङ्गा छपाइ कार्य | ६ | १,४२०,३९१।५१ | | १,५५९,८४४।१७ | ९९९,८५२।५२ | ५००,०००।०० | ४९९,८५२।५० | नपा | कार्य सम्पन्न |
| ५ | छाती पुन:स्थापना केन्द्र भवन निर्माण | ९ | ९,०००,१०७।९२ | | २,१०९,४३०।०९ | १७९४७३०।०० | १,४०७,४३६।०० | ३८७,२९८।०० | | |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | घलाटे बाराही ढल निकास बनाउने कार्य | १ | २०७६ भाद्र मसान्तसम्म | | | | | | | ह्युम पाइप आपूर्ति कम हुनाको कारण |
| २ | महेश्वरी घाट सुधार | ८ | २०७६ असोज मसान्तसम्म | | | | | | | |
| ३ | भैरव मन्दिर जीर्णोद्धार | ५ | २०७६ भाद्र मसान्तसम्म | | | | | | | |
| ४ | भैरवनाथ आगछें पुन:निर्माण कार्य, लाकोलाछें | ४ | २०७७ असार मसान्तसम्म | | | | | | | |
| | **ल.ई. सम्बन्धमा** | | | | | | | | | |
| १ | सिद्ध पाखेरीमा ल्याम्प पोष्ट तथा फाउन्टेनको लागि विद्युतीकरण | १ | ४७७,४६०।३८ | | | | | | विद्युतीय बजेट | |
| २ | भ.न.पा. सभाकक्षको लागि टेबुल र मेचहरू | २ | ३५८,८३१।५० | | | | | | कार्यालय व्यवस्थापन | |
| ३ | अर्सगालदेखि नयाँ फलामे पुलसम्म जाने बाटोमा ग्राभिल राखी बाटो मर्मत कार्य | १ | ६९७,००७।८६ | | | | | | निर्मित सार्वजनिक सम्पति मर्मत सम्भार कार्य | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सल्लाघारी चौर (१०८ रोपनी) मा माटो सम्याउने कार्य | १ | १,०५६,७४ २।६० | | | | | | निर्मित सार्वजनिक सम्पति मर्मत सम्भार कार्य | |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि बालुवा गिट्टी | | सूलोक ट्रेडर्स कम्पनी | | | | | २५३,०७७।० ० | | |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि बालुवा गिट्टी | | छैटौ रनिङ्ग बिल कार्यबाट | | | | | ७६७,३८१।२ ७ | | |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवन | ९ | श्री सिरूवा कन्स्ट्रक्सन प्रा.लि.ले ६२० बोरा सिमेन्ट उपलब्ध गराएको | | | | | ५६९,५८७।८ ० | | |

## विविध

क. भक्तपुर नगरपालिकाको प्रेस मर्मत गर्दाको रु.८५५०।- काशिलाल प्रजापतिलाई भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

ख. गाईजात्रा मूल्याङ्कन २०७६ मा खाजा खर्च गरे वापत वडा नं. ५ का वडा सचिव श्री रामेश्वर कोजूलाई रु.९४१०।- भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

ग. भनपाद्वारा सञ्चालित सफाइ गाडी नं. २२६७ मर्मत गर्दाको रु.२३३०।- पुरुषोत्तम कवांलाई भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

घ. भक्तपुर नगरपालिकालाई विभिन्न समयमा फलफूल खरिद गराउँदाको रु.१३,५७७।- हरिशरण पुडासैनीलाई भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

ङ. नपाको प्रेस मर्मत गर्दाको रु.६०००।- इन्द्रेणी ट्रेड लिंकलाई दिएको निर्णय अनुमोदन गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सफाइ गाडी नं. २२६५ मर्मत गर्दाको रु.४०,००१।- सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

छ. नपामा विभिन्न कार्यक्रममा खाजा नास्ता उपलब्ध गराए वापत दिव्य स्वीट्सलाई रु.८६,५२०।- भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

ज. नपामा विभिन्न कार्यक्रममा जलपान उपलब्ध गराए वापत सूर्यविनायक पाटी भेन्यूलाई रु.३०,५१०।- भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

झ. नगरपालिकाको सफाइ ट्राइसाइकल मर्मत गर्दाको रु.५२,९४०।- भक्तपुर इलेक्ट्रिकल्सलाई भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

गर्दाको रु..४,९८,३३०।- साग्रीला ईन्फोरमाटिक्स प्रा.लि लाई भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

ट. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित गाडी नं. ७१५० को मर्मत गर्दाको रु.४,६७,५९४।- अजिमा अटो वर्कशपलाई भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

ठ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सफाइ गाडी नं. २२६२ मर्मत गर्दाको रु.१६,४२०।- एस.जी. वर्कशपलाई भुक्तानी दिएको निर्णय अनुमोदन गरियो ।

ड. भक्तपुर नगरपालिकाले उपहार प्रदान गर्न मयुर झ्याल खरिद गर्दाको रु.२,६५,५५०।- दत्तात्रय उड कार्भिङ्ग सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

ढ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित मो.सा. नं. ८८२० मर्मत गर्दाको रु.२,६५०।- जय भिमसेन मोटरसाईकल पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ण. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित मो.सा.नं. ८८२४ मर्मत गर्दाको रु.१,४५०।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

त. वडा नं. ४ का वडाअध्यक्ष श्री कुमार चवालले भक्तपुर जिल्लास्तरीय लिग फुटवल प्रतियोगितामा यस नपाको टीम सहभागी गराउन रु. ५०,०००।- पेश्की लिई रु.४५,६९२।- को बिल पेश भएको खर्च समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो ।

थ. वडा नं. २ का वडा सचिव श्री लक्ष्मीप्रसाद दुवालले गाईजात्रा २०७६ को व्यवस्थापन गर्न र सांस्कृतिक टोली मूल्याकंन गर्नका रु. १ लाख पेश्की लिई रु. ७५७९१।- को बिल पेश भएको खर्च समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो ।



ञ. यस नपाका सबै वडामा मालपोतको सफ्टवेयर जडान

## मिति २०७६ असोज १ गते बुधबार

### निर्णयहरू

**प्रमुख प्रशासकीय अधिकृतलाई स्वागत**

यस नगरपालिकामा मिति २०७६ भाद्र ३० गतेबाट प्रमुख प्रशासकीय अधिकृत पदमा नियुक्ति पाई कार्य थालनी गर्नु भएका श्री दिपक कोइरालालाई यस नगर कार्यपालिका बैठकमा स्वागत गरियो ।

**सफाइ मजदुरको पारिश्रमिक वृद्धि**

यस नगरपालिकामा ठेक्का सम्झौतामा सरसफाइ कार्यमा निरन्तर सेवारत सफाइ मजदुहरूलाई यही २०७६ साउन १ गतेदेखि लागू हुने गरी साविक पारिश्रमिकमा २० प्रतिशत वृद्धि गरी पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

**खेल पूर्वाधार निर्माण प्रस्ताव**

नेपाल सरकार युवा तथा खेलकूद मन्त्रालय, सिंहदरबारबाट स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा मिति २०७६।५।४ गते प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको खेलकुद पूर्वाधार विकासका लागि तपसिल बमोजिमका योजनाहरू मन्त्रालयमा प्रस्तावको रूपमा पठाउने र योजनाको कूल लागत रकमको नगरपालिकाको तर्फबाट ३० प्रतिशत रकम व्यहोर्ने प्रतिवद्धतासहित पत्राचार गर्ने निर्णय गरियो–

**तपसिल**

| क्र.सं. | योजना | वडा नं. | कुल ल.ई. रकम | खेलकूद मन्त्रालयबाट व्यहोर्ने ७० प्रतिशत | भनपाबाट व्यहोर्ने ३० प्रतिशत |
|---|---|---|---|---|---|
| १ | लिवाली कभर्ड हल निर्माण कार्य | ८ | १,१४,९५,१४३।८२ | ८०,४६,६००।६७ | ३४,४८,५४३।१५ |
| २ | बेखाल कभर्ड हल निर्माण कार्य | १० | १,१९,६२,१६७।४४ | ८३,७३,५१७।२१ | ३५,८८,६५०।२३ |
| ३ | पाँचाखेल विचरण पार्क निर्माण कार्य | ७ | ६,७०,२९,६०९।९६ | ४,६९,२०,७२६।९७ | २,०१,०८,८८२।९९ |
| ४ | ख्वडा गणेश मन्दिर परिसर ट्र्याक एण्ड फिल्ड वाकिङ रुट निर्माण कार्य | १ | १३,९७,१९,२१७।०४ | ९,७८,०३,४५१।९३ | ४,१९,१५,७६५।११ |
| | जम्मा | | २३,०२,०६,१३८।२६ | १६,११,४४,२९६।७८ | ६,९०,६१,८४१।४८ |

**समितिका निर्णय अनुमोदन**

विभिन्न समितिका निम्न अनुसारका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**आर्थिक समिति**

**मिति २०७६।४।२२ गते**

नव जागरण बचत तथा ऋण सहकारी संस्थाले सक्कल प्रमाण पत्र हराएकोले सोको प्रतिलिपी पाऊँ भनी निवेदन पेश भएकोले नव जागरण बचत तथा ऋण सहकारी संस्थालाई दर्ता प्रमाण पत्रको प्रतिलिपि दिने निर्णय गरियो ।

**मिति २०७६।५।२० गते**

१. यस नगरपालिकाको स्वामित्वमा रहेका देहायका पसल तथा शौचालय (भवन) कोठाहरू वहालमा सञ्चालन गर्न दिन उपयुक्त भएकोले वहालमा लिन इच्छुक व्यक्ति वा फर्महरूसँग तपसिलमा उल्लेखित न्यूनत्तम अंकमा बढाई बोलपत्र पेश गर्न लगाउने सम्बन्धमा सूचना प्रकाशित गर्ने निर्णय गरियो–

**बहालमा दिने कोठाहरूको विवरण**

| क्र.सं. | पसल कवल भवन | वडा नं. | न्यूनत्तम कबोल अंक (वार्षिक बहाल) रु. |
|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन पसल नं. १,३,४,५ प्रत्येकको | ९ | १,४४,०००।– |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवन पसल नं. २ | ९ | २,६४,०००।– |
| ३ | दत्तात्रयस्थित सार्वजनिक शौचालय | ९ | ३६,०००।– |
| ४ | भवगतीस्थित सार्वजनिक शौचालय | ५ | ३६,०००।– |
| ५ | भवगतीस्थित सार्वजनिक शौचालय | ५ | ३६,०००।– |
| ६ | सिद्ध पोखरीस्थित सार्वजनिक शौचालय | ४ | १,२०,०००।– |
| ७ | शहीद स्मृति खेल मैदानसँगैको सार्वजनिक शौचालय | १ | ३६,०००।– |

२. भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी चौरमा विगत वर्षहरूमा झैं दशैंको समयमा यस वर्ष पनि भेडा च्यांग्राको व्यापारको लागि व्यापारीहरूबाट स्थान उपलब्ध गराई दिन माग भएकोमा उक्त क्षेत्रमा भेडा च्यांग्रा बिक्री गर्नेहरूको हकमा रु.१५,०००।– दस्तुर र धरौटी रु.५,०००।– र पसल सञ्चालन तथा भेडा च्यांग्रा सफा गर्नेहरूको हकमा रु.५,०००।– दस्तुर तथा धरौटी रु.३,०००।– लिई निश्चित स्थान र सरसफाइ गर्नुपर्ने लगायतका शर्तहरू तोकी बढीमा १ महिना व्यापार गर्न दिने निर्णय गरियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

## समितिका निर्णय अनुमोदन

मिति : २०७६/०५/२४ र २०७६।६।१ गते

| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. पेश सम्बन्धमा | | | | | | | | | |
| १ | कार्यक्रमको मञ्चको लागि थप ९ वटा फ्लामे टेबुल बनाउने कार्य | २ | ८८,१८२।९४ | | | | | | वडा | |
| २ | कार्यक्रमको मञ्चको लागि थप ९ वटा फ्लामे टेबुल प्लाइ राख्ने कार्य | २ | ८९,९०२।८० | | | | | | वडा | |
| ३ | भार्वाचो गणेश मन्दिरदेखि महालक्ष्मीसम्म ईँटा छपाइ कार्य | १ | १,००१,९८१।०४ | | | | | | सडक | |
| ४ | होहो पाटी अगाडिदेखि ढाला खसी पुलसम्म बाटोमा ग्राभेलिङ्ग | १ | १,१९७,६५३।२६ | | | | | | वडा | |
| ५ | भार्वाचो बसपार्कमा ई.बी.पी. पेभमेन्ट (ईँटा छपाइ) मर्मत गर्न कार्य | १ | २१८,३३८।५६ | | | | | | वडा | |
| ६ | असङ्गाल बाटोमा ग्राभेलिङ्ग गर्ने कार्य | १ | ५८३,६३४।७३ | | | | | | पीच | |
| ७ | नपली सृजनानगरको बाटोमा ग्राभेलिङ्ग गर्ने कार्य | १ | १,१४३,३१५।२८ | | | | | | वडा | |
| ८ | भाज्या पोखरीको बीचमा जलेश्वर महादेव मन्दिर निर्माण कार्य | १ | १,०९,३२,५८५।०२ | | | | | | नपा | |
| ९ | पर्यटन सूचना केन्द्र, ब्यासीमा विद्युतीकरणस Light, Power, Back up system, Intercom, CCTV | २ | ५६३,४९५।०० | | | | | | नपा | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | च्याम्हासिंह, देगइना, ब्रम्हायणी भानेपुललगायत स्थानमा ल्याम्प जडान | ९ | ३८९,५०१।९६ | | | | | | वडा | |
| ११ | देगमना, बाराही, नयाँ बस्तीलगायतका स्थानमा LED स्ट्रीट ल्याम्प जडान | ३ | ४७३,३११।८० | | | | | | वडा | |
| १२ | हनुमानघाट, जगाती, महेश्वरीलगायतका स्थानमा LED स्ट्रीट ल्याम्प जडान | ७ | ४१६,५३५।५७ | | | | | | वडा | |
| १३ | काल्हाँचा, भुल्लाँचा, राम मन्दिरलगायतका स्थानमा LED स्ट्रीट ल्याम्प जडान | ४ | ३५७,३१७।६८ | | | | | | वडा | |
| १४ | मूद्विप, आदर्श, भगवतीस्थान र भिमसेन स्थानमा LED स्ट्रीट ल्याम्प जडान | ५ | २४१,५३९।३८ | | | | | | वडा | |
| ख) | **पेश्की फछ्र्यौंट सम्बन्धमा** | | | | | | | | | |
| १ | काल्हाँचा चम्पकेश्वर बाटो फराकिलो गरी रिटेनिङ्ग वाल लगाउने कार्य | ४ | ६,६८१,०४९।२४ | | ९,२४२,८८३।०५ | ५,६९९,७३०।५९ | ५,२००,०००।०० | | नपा | कार्य सम्पन्न पे.फ. |
| २ | सल्लाघारी १०८ रोपनी जग्गा संरक्षण कार्य | १ | ९,८०१,२९९।९७ | | १२,७८४,०६१।७१ | ९,६६३,३२४।०६ | ८,०००,०००।०० | ८२३,७७७।२४ | नपा | कार्य सम्पन्न पे.फ. |
| ३ | दत्तात्रय स्क्वायरमा ढुङ्गा छपाइ कार्य | ९ | ९,२८०,६६१।०० | ९,४४६,१०३।०० | ९,२४७,७५२।६२ | ८,३५४,६३३।२९ | ८,५७९,४७२।५२ | रू. २२४६४०।०० फिर्ता | | कार्य सम्पन्न पे.फ. |
| ४ | भैवरनाथ मन्दिर संरक्षण कार्य | ५ | १,२७,५०,४१६।०४ | १४,६३६,७४५।१३ | ९,६९५,२७५।६४ | ५,६६१,२७८।२५ | ६,५२२,०७१।०० | रू. ८६०७९२।७५ फिर्ता | | कार्य सम्पन्न पे.फ. |
| ५ | जेंला इनार | ८ | ५३७,१८२।७८ | | ३८९,६२३।४० | ३६०,५१०।०० | २००,०००।०० | १६०,५१०।०० | | नपुग रकम बाँकी महलबाट भुक्तानी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ग) | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | |
| १ | CCTV मर्मत सम्भार कार्य | | | | | | | २४,६६२।०० | | भैरवनाथ रथ तान्ने क्रममा बिग्रेको |
| २ | CCTV जडान गरी निकाल्ने कार्य | | | | | | | ४७,८०३।०० | | ५ सेट CCTV जडान गरेको |
| घ) | **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | काल्हाँचा चम्पकेश्वर बाटो फराकिलो गरी रिटेनिङ्ग वाल लगाउने कार्य | ४ | २०७६/६/२५ सम्म म्याद थप माग | | | | | | | |
| २ | हनुमानघाट देखि वासिकचा फुटपाथ निर्माण | ७ | २०७६/८/३० सम्म म्याद थप माग | | | | | | | |

मिति : २०७६/०५/३० गते

| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. पेश सम्बन्धमा | | | | | | | | | |
| १ | न:पुखु (गुह्य पोखरी) मा Water fountain Installation | २ | १,२५०,१२७।४७ | | | | | | मेसिन औजार | |
| २ | न:पुखु (गुह्य पोखरी) को पूर्व र उत्तरतर्फका क्षेत्रमा बाटो सुधार कार्य | २ | १,०६२,७१९।७४ | | | | | | सडक बोर्ड | |
| ३ | राममन्दिरदेखि भुलाँचा जोड्ने बाटो राम, मन्दिरदेखि सूर्यविनायक चोक जाने बाटो र राम मन्दिरको ग: हिटीदेखि बाराही पुलसम्म जोड्ने बाटो मर्मत कार्य गर्ने | ४ | ६६८,३७८।८८ | | | | | | पीच | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | जगातीदेखि वासिकचासम्म बाटो मर्मत कार्य | ७ | ५३८,७४२।६८ | | | | | | पीच | |
| ५ | लिबाली ख्वप ई. कलेजदेखि धारासम्म जोड्ने बाटो मर्मत तथा नयाँ पीच निर्माण कार्य | ८ | ३१६,०५४।८४ | | | | | | पीच | |
| ६ | १० नं. वडास्थित विभिन्न बाटोहरूको खाल्टाखुल्टी पुर्न ग्राभेलिङ्ग | १० | १२४,०४०।०० | | | | | | | |
| ७ | २ नं. वडास्थित विभिन्न खाल्टाखुल्टी बाटोहरूको स्तरोन्नती | २ | ३६०,६२५।८४ | | | | | | | |
| ख) | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | |
| १ | पुरानो जगाती बाटोमा ग्राभेलिङ्ग र पलिखेल सहायक बाटोमा ब्लक छाप्ने कार्य | ८ | १,२१४,५०५।५८ | २,८९६,६४५।९२ | २,५३७,२८०।१३ | १,६२१,४०२।२९ | ४५०,०००।०० | १,१७१,४०२।२९ | नपा | कार्य सम्पन्न पे.फ. |
| घ) | **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | महेश्वरी उकालोदेखि पसिखेलसम्म बाटो पीच मर्मत कार्य | | २०७६ मंसिर महिनासम्म थप गर्ने | | | | | | | |
| ङ) | योजना परिवर्तन सम्बन्धमा | | | | | | | | | |
| १ | खौमादेखि इन्द्रायणी परिसरसम्म बाटो मर्मत कार्य योजना २०७६/०७७ को लागि स्वीकृत भएकोमा २ नं. वडा कार्यालयको पत्र चलानी नं. ३०७ (२०७६/०७७) न:पुखुको पूर्वर उत्तरतर्फको क्षेत्रमा बाटो सुधार कार्य | | | | | | | | | |
| च) | उपभोक्ता समिति | | | | | | | | | |
| | न:पुखु (गुह्य पोखरी) को पूर्व र उत्तरतर्फका क्षेत्रमा बाटो सुधार कार्य | २ | उ. स. अध्यक्ष : | श्री राकेश सुवाल | | | | | | |
| | | | अ.स. संयोजक: | श्री तुल्सीलक्ष्मी बाटी | | | | | | |

**विविध**

क. नगरवासी जेष्ठ नागरिक, एकल र विधवा महिला, पूर्ण तथा अति अशक्त अपांगता भएका व्यक्तिहरूलाई यस नपाको सबै वडा कार्यालयहरूबाट यही २०७६ असोज १३, १४ र १५ गते कार्यालय समयमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सफाइ गाडी नं. २२६७ मर्मत गर्दाको रु.३३,५८९।२५ सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सफाइ गाडी नं. २२६२ मर्मत गर्दाको रु.१०,७७५।- एस जी वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सफाइ गाडी नं. ३५५८ मर्मत गर्दाको रु.१४,९३८।- तुल्सी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जेट मेसिन गाडी नं. ४५५४ मर्मत गर्दाको रु.४,३८,४५०।- पि. एस. एम ट्रेड लिंकलाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित मो.सा. नं. ८६३० मर्मत गर्दाको रु.५,६५०।- लक्ष्मी अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

छ भक्तपुर नगरपालिकामा भुस्याहा कुकुर नियन्त्रण गर्न बन्ध्याकरणको लागि वडा नं. ३ का वडाअध्यक्ष श्री राजकृष्ण गोराले रु.५,००,०००।- पेश्की लिई रु.५,६६,७५०।- बिल पेश भएको खर्च समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरी नपुग रकम भुक्तानी दिने निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ब्रम्हायणी बहुउद्देशीय भवनमा विद्युत अण्डर ग्राउण्ड कार्यको लागि नेपाल विद्युत प्राधिकरणले पठाएको रु.७,३१,३०२।- को इष्टिमेट पास गरी नेपाल विद्युत प्राधिकरणको नाममा उक्त रकम निकासा गर्ने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा नास्ताको व्यवस्था गर्दाको रु.७४,४५५।- दिव्य स्वीट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकाको अफसेट प्रेस मर्मत गर्दाको रु.१७,०००।- आनन्द प्रिन्टिङ्ग सपोर्टलाई भुक्तानी दिने निर्णय गरियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

ख्वप कलेज/शारदा क्याम्पस

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

स्नातक तहमा भर्ना आवेदन फाराम वितरण भइरहेको छ -

BBM

स्नातक तहमा सञ्चालित शैक्षिक कार्यक्रमहरू

BEd, BBS, BA, BASW, BSc Physics, BSc Environmental Science

भर्ना समयमा लाग्ने शुल्क

बीबीएस/बीए : रु. ९,३५०। *
बीएसडब्लू : रु. १५,३५०। *
बीएस्सी भौतिक विज्ञान : रु. १६,२५०। *
बीएस्सी वातावरण विज्ञान : रु. २२,०००। *
बीएड् : रु. ५,३२५। *
बीबीएम : रु. २२,५,००। *

विस्तृत जानकारीको लागि : ०१६६१४३३६

* उक्त शुल्क ख्वप मावि र सामुदायिक माविबाट प्लस टु उत्तीर्ण विद्यार्थीहरुको लागि ।

# चङ्गाको इतिहास



ओम धौभडेल

जब जब मोहनी अर्थात विजया दशमी अगाडि आउँछ, आकाशमा चरा झैं यताउता उडिरहेको रंगीबिरगीं चङ्गाहरू देख्न पाईन्छ। निलो आकाशमा रंगीचंगी चङ्गाहरू उडिरहेको देख्दा कसको मन चङ्गा झैं फुरूङ्ग हुँदैन। अझ केटाकेटीलाई त चङ्गाले धेरै प्रभाव पारेको हुन्छ। चङ्गा उडेको हेर्न केटाकेटीहरू खुबै मन पराउँछन्। यसरी विजया दशमीको आगमनको संकेत गर्दै प्रत्येक वर्ष यहाँको आकाशमा चङ्गा देखिने एउटा परम्परा नै बन्न पुगेको छ। हाम्रो संस्कृतिले हामीलाई मौसमअनुसार रमाउने धेरै तरिकाहरू दिएकोमा दशैंताका चङ्गा उडाउने पनि एक हो। विशेष गरी वर्षभरि खानको लागि खेतमा धानको बाला लहलहाइरहेको बेला आकाशमा चङ्गा देखिने तत्कालीन समयको विशेषता नै हो। यसबाट चङ्गाले नेपालीहरूको महान चाड दशैंलाई संकेत गरेको हुन्थ्यो। जुन समयमा थोरै मात्र पानी पर्ने र हावा पनि सिरसिर चल्ने यो मौसममा हावाको बहाव पत्ता लगाउने एउटा गतिलो माध्यम चङ्गा बनेको हुन्थ्यो।

नेपालमा कहिलेदेखि चङ्गा उडाउने चलन आयो, यसको यकिन तिथीमिती हालसम्म प्रकाशमा आउन सकेको छैन। तर पनि चङ्गा विशेष गरी कृषिसँग सम्बन्धित रहेको आधारमा यसको चलन प्राचीन समय देखिकै हो भन्ने देखिन आउँछ। जसरी वर्षभरि खानको लागि आवश्यक अन्न उब्जाउन समयमै रोपाई होस् भन्ने अभिप्रायले वर्षाका देवताको पूजाआराधना तथा जात्रा गर्ने चलन हाम्रो संस्कृतिमा पाईन्छ। यसरी रोपाई गरेकोमा बीच बीचमा पुनः पानीको आवश्यकता परेको हुन्छ। त्यसमा गुँला झरी र जन्याँ झरी दुई महत्त्वपूर्ण मनसुन हो। जसमा गुँला झरी जनैपुर्णिताकाको मनसुन वर्षा हो भने जन्याँ झरी जन्याँ पूर्णे अर्थात इन्द्रजात्रा ताकाको वर्षा हो। जुन खेतीको लागि उपयोगी हुन्छ। तर जब खेतमा धान लगभग पाकिसकेको हुन्छ, वर्षाले फाइदाभन्दा बढी बेफाइदा पुग्छ। तसर्थ दशैंताका पाकिसकेको धानलाई मध्य नजर गरी चङ्गा उडाउने चलन बन्यो। अर्थात चङ्गा उडाउनुको अर्थ नै अव वर्षाको आवश्यकता छैन भनी वर्षाका देवता इन्द्रलाई सन्देश पुऱ्याउनु हो। चङ्गा मार्फत सो सन्देश पुगेपछि पानी पर्न रोकिन्छ भन्ने जनविश्वास यहाँ छ। अझ धार्मिक रूपमा देवताका राजा इन्द्रलाई सम्बोधन गर्न भाद्र महिनाको नामाकरण नै यँला भनिएको छ। जहाँ यँ भन्नेको इन्द्र र ला भनेको महिना हो। यो महिनामा इन्द्रको विशेष पूजाआजा तथा जात्रा हुन्छ। तर वैदिक कालमा इन्द्रका विरोधीहरूमध्ये कृष्णाले देवीदेवतामा बढी भर पर्नुभन्दा कर्ममा बढी आस्था राख्नुपर्नेमा जोड दिदैं इन्द्रजात्राकै अवसरमा गोर्वधन पूजा गर्न लगाए। यसबाट इन्द्र अति नै रिसाए। कृष्णको गोर्वधन पूजा बिथोल्न इन्द्रले आकाशबाट घनघोर वर्षा, हावाहुरी, असिना पानी बर्साए। यसबेला इन्द्रको दमनलाई निस्तेज पार्नको लागि कृष्णाका सर्मथकहरूले आकाशतिर चङ्गा उडाएको मानिन्छ। तसर्थ आकाशमा दुई चङ्गाको जुधाईलाई इन्द्रका सर्मथक र कृष्णाका सर्मथकहरूको बीचको लडाईंको रूपमा लिने गरिन्छ।

मानव जगतमा सर्वप्रथम चङ्गा उडाउने श्रेय हाम्रै छिमेकी देश चीनलाई जान्छ। चीनमा इशापूर्व २०० वर्ष अगाडि नै चङ्गा उडाउने चलन विकास भैसकेको मानिन्छ। चीनको इतिहासअनुसार हान वंशका लिपाङ नामका सम्राटले आवाज आउने बाजा बाँधेर राती शत्रुको इलाकामा चङ्गा उडाईदिदां यस्ता चङ्गा देखेपछि शत्रुहरू प्रेतात्मा आएको भन्ठानी भागाभाग भएछ। यसरी चीनमा चङ्गाको उपयोग शत्रुलाई भगाउन अर्थात युद्धमा भएको देखिन्छ। पछि गएर चीनमा चङ्गालाई युद्धको बखत सन्देश आदानप्रदान गर्ने माध्यम बनायो। गोप्य सूचनाहरू चङ्गा मार्फत प्राप्त गर्न थाले। पछि गएर आम मानिसले पनि चङ्गा उडाउने कलाकौशल प्राप्त गरे। चीनमा जस्तै जापानमा पनि छैटौं शताब्दीतिरबाट चङ्गा उडाउने प्रचलन विकास भएको मानिन्छ। जापानमा विशेष गरी बाली काट्ने समयमा पन्छिहरू धपाउन चङ्गा उडाउने गर्छ। चङ्गा उडाएमा प्रेतात्माहरू मानिसको नजिक आउँदैन भन्ने मान्यता पनि छ। जापानमा चङ्गा उडाएमा प्रशस्त बाली भित्र्याउन पाइने भएकोले चङ्गा उडाउनेलाई सुख समृद्धि एवम् सगुन सफलताको प्रतिकको रूपमा लिने गर्छ। जापानमा हरेक नयाँ वर्षको पहिलो दिन विशेषगरि बुबाहरूले आफ्नो छोराहरूको लामो आयुको कामना गर्दै चङ्गा उडाउने चलन पनि छ। यसबाट जापानमा वंश परम्पराको साथसाथै जापानीहरूको लामो आयु हुनाको कारण मानिन्छ। थाईल्याण्डमा चङ्गाको माध्यमबाट पृथ्वी र स्वर्गबीच सर्म्पक हुन्छ भन्ने मान्यताले चङ्गा उडाउने चलन छ। यो चलन श्रीलङ्कामा पनि छ। यता कोरियामा नयाँ वर्षको पूर्णिमाको रात ठूलठूलो

चङ्गा उडाई धागो काटिदिन्छ । यसबाट दूर्भाग्य तथा दुष्टात्माहरू भाग्ने अनि सौभाग्य प्राप्त हुने विश्वास छ । यस्तो चङ्गामा अशुभ जावोस भनी लेखेको हुन्छ । चीन, जापानलगायत मलेशिया, इण्डोनेशिया, कम्बोडियामा प्राचीन कालदेखि नै चङ्गा उडाउने प्रचलन रहेको छ । मलेशियाको केलान्टान भन्ने ठाँउमा ठूलठूला पातको सर्प आकारको चङ्गा माछा मार्नलाई उपयोग गर्छ । मलेशियाको राष्ट्रिय विमानको चिन्ह नै चङ्गा छ । युरोपकै कुरा गर्ने हो भने पश्चिमेलीहरूले चङ्गाबाट धेरै वैज्ञानिक उपलब्धि हासिल गरेको छ । सन् १८७४ मा स्कटल्याण्डका दुई वैज्ञानिकहरू थोमस मेलविन र अलेक्जेण्डर विल्सनले चङ्गामा थर्मामिटर बाँधि पहिलो पटक वायुमण्डलको तापक्रम लिएको थियो । त्यस्तै सन् १८९३ अमेरिकाका वैज्ञानिक लरेन्स हाग्रेभले बनाएको बाकस आकारको चङ्गाले १२ वर्षसम्म वायुमण्डलमा रही अमेरिकाको मौसम विभागको लागि वायुको तापमान र दवाव नाप्ने काम गरेको थियो । जुन अहिलेको भूउपग्रहले जस्तै काम चङ्गाले गरेको थियो । सन् १९५२ मा बेञ्जामिन फ्रायङ्कलिनले चट्याङ पर्ने बेलामा बिजुली निस्किन्छ भन्ने आफ्नो सिद्धान्त पुष्टि गर्नलाई चङ्गालाई प्रयोग गरेको थियो । त्यस्तै राइट दाजुभाइले सन् १९०३ मा हवाईजहाजको आविश्कार गर्नु पूर्व चङ्गाको उपयोग गरेको अर्को महत्त्वपूर्ण प्रसंग यहाँ उल्लेख गर्न सकिन्छ ।

चङ्गा हिजो जेजस्तो धार्मिक तथा सांस्कृतिक उद्देश्यले उडाउने चलन भएता पनि पछि गएर चङ्गा उडाउने एउटा खेलको रूपमा विकास हुन पुग्यो । केटीहरूको विभिन्न खेलहरू भए झैं केटाहरूका पनि विभिन्न खेलमा चङ्गा उडाउने पनि एक हो । चङ्गा उडाउन राम्रो चङ्गा, बलियो धागो अनि लट्टाई यसको प्रमुख साधनहरू हुन् । तर यति भएर मात्र चङ्गा राम्ररी उडाउन सकिँदैन । यसको लागि अकल पनि हुनुपर्छ । चङ्गामा पुच्छर हाल्नेदेखि बकुला हाल्ने, राम्रोसित धागो बाँध्ने झ्यार्की राख्ने यसका प्राविधिक पक्ष हो । धागोलाई बलियो बनाउन विविध क्रियाकलाप गर्थ्यो । जसलाई माजा राख्ने भनिन्छ । यहिको स्थानीय भाषामा चङ्गालाई भुतिमा वा भुतिमाली भनिन्छ । यसको लागि अग्लो हावा लाग्ने ठाँउ, चौर, कौसी आदि उपयुक्त हुन्छ । चङ्गा उडाउनु भनेको सबैको वशको विषय हुँदैन । चङ्गा धैर्यता नभएकाहरूले खेल्न नै सक्दैन ।

राम्रो खालको चङ्गा, धागो र लट्टाई जो सित हुन्छ उसले मज्जाले चङ्गा उडाएको हुन्छ । आकाशमा जब यस्ता एक भन्दा धेरै चङ्गाहरू उड्न थाल्छ, सबैको आँखा आकाशतिर हुन्छ । आकाशमा चङ्गाहरू एक आपसमा सर्प बेरे झैं बेर्दै जब कम्जोर धागो चुडिन्छ । यो चङ्गा चेतले दर्शकहरूमा रोमान्चकता पैदा गर्छ । चेत भएको चङ्गा टिप्न अनि धागो समात्नेको जमात हेर्न लायकको हुन्छ ।

काठमाण्डौमा साउनदेखि कार्तिकसम्म चङ्गा उडाउने समय हो । विशेष गरी चङ्गाहरू कागजको हुने गर्छ । त्यसबाहेक कपडाको चङ्गा चीनमा बढी प्रचलनमा छ । अचेल प्लाष्टिकका चङ्गाहरू पनि बजारमा छ्यापछ्याप्ती पाईन्छ । जुन पानी परेको बेलामा पनि उडाउन मिल्छ । नेपालमा आफ्नै शैलीको चङ्गा बन्छ जुन प्रायः नेपाली कागजको हुन्थ्यो । तर त्यसको दाँजोमा हाम्रो छिमेकी देश चीन र भारतमा मेशिनबाट बनेका चङ्गाहरू आयात हुन्छ । चङ्गा थरि थरिको आकारको भएतापनि बढी जसो चन्द्राकारको हुन्छ । जसलाई वानबुलान पनि भनिन्छ । चङ्गा जस्तै विभिन्न मार्काका धागो पनि भारतबाट नै आयात हुन्छ । अचेल चङ्गा उडाउन प्रयोग हुने लट्टाई मात्र स्वदेशमै बनेको छ । बाहिरबाट मगाउन परे पनि चङ्गा उडाउने चलन हाम्रो मौलिक परम्परा जस्तै बन्न पुगेको छ । विशेष गरी एउटा खेलको रूपमा चङ्गा उडाउने गरेबाट यसले धेरै मनोरन्जन लिने दिने गरेको पाईन्छ । संसारमा अहिले पनि चङ्गा उडाउने शौख धेरै ठाँउमा प्रचलित नै छ । मलेशिया, जापानलगायतको देशमा चङ्गा उडाउने चलनमा ह्रास आएतापनि चीन, इन्डोनेशियालगायतको देशमा ब्यापक नै छ । चीनमा चङ्गा झैं ड्रागन उडाउने परम्परा अर्को महत्त्वपूर्ण खेल अत्यधिक लोकप्रिय छ । इण्डोनेशियामा त चङ्गा उडाउने क्लबहरू नै खोलिएको छ । इण्डोनेशियाको सुकन्या नामको चङ्गा ब्यवसायी संसार प्रसिद्ध छ । इण्डोनेशियाको बाली प्रान्तमा हरेक वर्ष चङ्गा उडाउने प्रतियोगिता हुन्छ । केही समय यता अन्तर्राष्ट्रिय स्तरमा चङ्गा उडाउने प्रतियोगिता हुँदै आएको छ जसलाई बुकिङ लेयाङ नाम दिदै आएको छ । यसमा विशेष गरी एशियाली राष्ट्रहरूकै वर्चश्व हुने गर्छ ।

तर अचेल नयाँ पुस्तामा चङ्गाको रहर दिन परदिन कम हुँदै गइरहेको छ । आफ्नै घरको कौसी होस् वा अलि अग्लो ठाँउ होस्, हातमा चङ्गा र लट्टाई लिई चङ्गा उडाउनेहरू अब मुश्किलले भेटिन्छ । यसको पछाडि आधुनिक जीवनशैलीको ठूलो प्रभाव रहेको देखिन्छ । आधुनिक पुस्तामा चङ्गा प्रतिको लगाव कम हुँदै जाँदा हाम्रो एक परम्परागत खेल तथा मनोरन्जनका साधन नै लोप हुने अवस्थामा पुगेको छ । भलै अहिले मनोरन्जनका साधनहरू धेरै होला, तर चङ्गा उडाउँदा या चेत भएका चङ्गा समात्नु जतिको आनन्द नहुन सक्छ । भनिन्छ, चङ्गा उडाउने वा चङ्गा उडाएको हेर्ने मानिस यति लट्ठ परेको हुन्छ कि उनीहरूलाई खाने वा अरु काम वा समयको पत्तै हुँदैनथ्यो । चङ्गा उडाउँदा आफ्नो लट्टाई धागो छउन्जेल उडाउँदै आकाश नै छुने चाहना राखेको हुन्छ । आकाशतिर उडिरहेको चङ्गा ➲➲

# शास्त्रीय एवं सांस्कृतिक पर्व दशैं



डा. विरेन्द्रप्रसाद कायस्थ



नेपाल धार्मिक र संस्कृतिको धनी देश हो । नेपालमा विविध धर्म र संस्कृतिका अनुयायीहरूको बसोवास भएकोले धार्मिक र सांस्कृतिक विविधता हुँदाहुँदै पनि स्थानगत समीपता र भावनात्मक एकताले गर्दा आज नेपालमा मिश्रित संस्कृतिको विकाश भइरहेको देखिन्छ । यसै कारणले होला एक पक्षको धार्मिक र सांस्कृतिक उत्सवहरूमा अर्का पक्षसमेत सहभागी भई हर्ष उल्लासका साथ मनाउने र मनोरञ्जन गर्ने क्रम जारी छ । यो नेपालीहरूको परस्परको मित्रता अनि धार्मिक, सांस्कृतिक, सामाजिक उदारता र सहिष्णुताको परिचायक पक्ष हो । त्यसैले गर्दा के दशैं, के तिहार, के छठ, के होली, के ल्होसार, के क्रिसमस, के इद, त्यस्तो कुनै पर्व छैन जसमा नेपालीहरू नरमाइ बस्छन् । यिनै विविध कारणहरूले गर्दा नेपालमा वर्षभरि नै पर्वैपर्व र चाडैचाड आ–आफ्नै तरिकाबाट मनोरञ्जनात्मक ढंगले मनाइँदै आएको पाइन्छ ।

हुन त विभिन्न देशमा आ–आफ्नै प्रकारका चाडपर्वहरू मनाइन्छ । राष्ट्रवासीको धर्म, परम्परा रहनसहनलाई मध्यनजर गरेर कुनै एउटा पर्वलाई राष्ट्रिय पर्वका रूपमा मुलुकले ग्रहण गरेको हुन्छ । सबै पर्व समान हुँदाहुँदै पनि आफ्नो देशको पहिचान राख्न सक्ने पर्व नै राष्ट्रिय पर्व हो । दसैं अर्थात विजयादशमी नेपालको राष्ट्रिय पर्व हो । यो पर्व आश्विन शुक्ल प्रतिपदादेखि शुरु हुन्छ । यसलाई नवरात्र पनि भन्ने गरिन्छ । एक वर्षमा चारवटा नवरात्रहरू पर्ने गर्दछ । ती हुन्– चैत्रशुक्ल प्रतिपदादेखि, आषाढशुक्ल प्रतिपदादेखि, आश्विन शुक्ल प्रतिपदा र माघ शुक्ल प्रतिपदादेखिका नौ दिन । यी मध्ये चैत्र र आश्विन महिनाको नवरात्र विशेष महत्त्वका साथ मनाइने गरिन्छ । यसमा पनि शारदीय नवरात्रलाई प्राथमिकता दिइएको पाइन्छ । नेपाल तन्त्र प्रधान देश हो । तन्त्रको साधना गर्ने स्थल भएकाले यहाँ साधकहरूले बसोबास गर्ने गर्दछन् ।

नेपाल हिन्दु परम्परा र संस्कृतिको धनी देश हो । काठमाण्डौंमा मात्रै विश्व सम्पदामा पर्ने विभिन्न महत्त्वपूर्ण धर्म स्थलहरू छन् । सामान्यतया, भगवानबाट आर्शिवाद लिनका लागि भक्तालुहरू मन्दिर जाने गर्दछन् । सांस्कृतिक अनि परम्परागत कारणले गर्दा मन्दिर जानु त ठिकै हो, तर वैज्ञानिक दृष्टिकोणले हेर्ने हो भने पनि मन्दिर धाउनु फाईदाजनक देखिन्छ । मन्दिरको निर्माण र संरचना विशेष गरी, पृथ्वीको उत्तरी र दक्षिणी ध्रुवबाट निस्कने चुम्बकीय र विद्युतीय प्रवाह हुने ठाउँमा हुन्छन् । किनभने यहाँ अधिक पोजिटिभ इनर्जी जम्मा भएको हुन्छ ।

हिन्दुहरूको महान चाड दशैंको बेला देशभरिका शक्तिपीठहरूमा बलि दिने प्रचलन छ । बलि तीन प्रकारका छन् ।

---

➲➲ नियाल्न पनि नसक्ने गरी चङ्गा उदाउँदा खानपिन नै बिर्सेको हुन्छ । साथै आकाशमा उडिरहेको अरु चङ्गालाई चेत पार्न भरमग्दुर प्रयास गरिरहेको हुन्छ । एक हिसावले चङ्गा उडाउने वा हेर्ने मानिसमा एक प्रकारको पागलपन हुन्छ । कहिलेकाहीं यो पागलपनले दुर्घटना पनि घट्छ । अकालमा ज्यान जाने, अगांभंग हुने गर्दा चङ्गा उडाउने प्रति यो समाज त्यति उदार छैन । यसकारण चङ्गा उडाउने खेललाई क्रिकेटलाई झैं मूर्खहरूको खेल पनि भनिथ्यो । हिजोको दिन चङ्गा उडाउनेहरू तथा हेर्नेहरूलाई अभिभावकहरूले यसकारण मन पराएको हुँदैनथ्यो ।

आज चङ्गा उडाएको हेर्न वा उडाउनेहरू नहुँदा अबको दिनमा चङ्गा एकादेशको कथा बन्न सक्छ । विशेष गरी नयाँ पिँढीकाले चङ्गा आफ्नो मोबाइलमा मात्र उडाउने दिन आउन सक्छ । हिजोको दिन चङ्गा उडाउँदा वा चेत भएका चङ्गा समात्दाको समयमा शारीरिक एवम् मानसिक आनन्द पाउँथ्यो, त्यो अब कथा बनेको छ । तसर्थ चङ्गाको इतिहास बुझी हाम्रो परम्परा धर्म संस्कृतिमा चङ्गाको भूमिकालाई थाहा पाएर यसको संरक्षण र सम्वर्धन गर्न नयाँ पुस्तालाई चङ्गा उडाउनेतर्फ आर्कषण गर्नु आजको आवश्यकता भएको छ ।

ती हुन् – सात्विका, राजस र तामस । चन्दन, अक्षता, फूल, अर्घ, पञ्चामृत र पायस लगायत १६ सामग्रीले पूजा गर्नै विधिलाई सात्विक भनिन्छ । यसलाई षोडषोपचार पूजा पनि भनिन्छ । पशु तथा पंक्षीको रगत र मासु चढाएर देवदेवीलाई सन्तुष्ट गराउने पूजालाई राजस बलि भनिन्छ । सात्विक र राजस दुबैविधिसहित मदिरा समेत चढाएर गरिने पूजा विधिलाई तामस भनिन्छ । यी कुरा शास्त्रमा नै परिभाषित गरिएकाले पशुबलिशास्त्रसम्मत नै रहेको एकथरी विद्वानहरू तर्क गर्छन् ।



जमरा मधुमेह र क्यान्सर रोगको अचुक औषधी हो । विजयादशमीको लागि राखिएको जमराको रूप रंग बारे शास्त्रमा यस प्रकार चर्चा गरिएको पाइन्छ । नवरात्र आरम्भ भएको तेस्रो दिनमा जमराको अंकुर निस्केमा अति शुभ मानिन्छ । यदि अंकुरित जौ कालो रंग भएमा त्यो वर्ष अकाल मृत्यु हुने वा निर्धनता हुने, र कार्यमा वाधा अड्चन आउने गर्दछ । त्यस्तै जमराको रंग धुवाँ समान भए परिवारमा कलह हुने गर्दछ र जौ नउम्रेको खण्डमा त्यस वर्ष जनहानि हुने गर्दछ र कार्यमा वाधा अड्चन आउने गर्दछ । नीलो रंगको अंकुरले अकाल मृत्युको सम्भावना देखाउँछ भने रक्त वर्णको अंकुरले रोगव्याधी वा शत्रु भएको सम्भावना दर्शाउँछ । हरियो रंगको अंकुर आएमा अति राम्रो मानिन्छ । त्यो धनधान्य



वृद्धिको सूचक हो । त्यस्तै सेतो रंगको अंकुरलाई शुभकारी मान्ने गरिन्छ । जसले साधकको अभिष्ट सिद्धिको संकेत गर्दछ । यदि आधा हरियो आधा पहेंलो रंगको अंकर आएमा त्यस वर्ष पहिले काम बन्ने र पछि गएर काममा हानि हुने गर्छ ।

यस वर्ष नवरात्र आश्विन शुक्ल प्रतिपदा सौर आश्विन १२ गते आईतबारबाट प्रारम्भ हुन्छ । आईतबार आरम्भ हुने नवरात्रमा देवीको सवारी हात्तीमा हुन्छ । यसको फल भने राम्रो हुँदैन– यसले राष्ट्रमा अनिष्टकारी घटना हुने, प्राकृतिक घटनाबाट धनजनको क्षति बढि हुने र राजनीतिक उथलपुथलको घटना हुने सम्भावना हुन्छ । जस्तै– शास्त्रमा लेखिएको छ– *शशिसूर्ये गजारुढा शनि भौमे तुरंगमा । गुरौ शुक्रे च दोलायां, बुध नौके प्रकीर्तिना ॥ गजे जलदा देवी, छत्रभंग तुरंगमे । नौकायां सर्वसिद्धिः स्यात् दोलायां मरणं धवम् ॥*

अर्थात् नवरात्रको आरम्भ आईतबार वा सोमबारबाट भए देवीको सवारी हात्तीमा हुन्छ, शनि वा मंगलबार भए देवीको सवारी घोडामा र बुधबार भए देवीको सवारी डुङ्गामा हुन्छ । त्यस्तै फलको हिसाबले हेर्दा देवीको सवारी घोडामा भए छत्र भंग हुन्छ । अर्थात जसको सत्ता छ त्यो गुम्छ । त्यस्तै देवीको सवारी डोलीमा भएको छ भने पनि फल राम्रो हुँदैन, राष्ट्रमा अनिष्ट हुन्छ तर उनै देवी घटस्थापनाको दिन डुंगामा सवारी भएकी छिन भने राष्ट्रमा सबै राम्रै राम्रो हुन्छ । त्यस्तै देवी सर्वसिद्धि प्रदायक हुन्छ । यो सबै शास्त्रमा लेखिएका प्रसंगहरूको व्याख्यामात्रै हो । यही हुन्छ भनेर ठोकुवा गर्न सकिँदैन र यहाँ त्यो गर्न खोजेको पनि होइन ।

सफाइ अरुको लागि होइन
हामी आफ्नै लागि हो ।



# इतिहासको गर्भभित्र लुकेर रहेको एउटा राज्यः सिम्रौनगढ



डा. बलराम कायस्थ

**विषयप्रवेश**

केही वर्ष अघिसम्म सिम्रौनगढ के हो ? यो कहाँ पर्छ ? यसको इतिहास कस्तो थियो ? भन्ने बारेमा मानिसहरूलाई कमै मात्र जानकारी हुन्थ्यो । किनकि त्यतिखेर नेपालको इतिहास केन्द्र र त्यहाँका शासक वर्गको स्तुतिगानमै सीमित थियो । तर वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पश्चात् भने नेपाली इतिहास लेखनले नयाँ मोड लियो । र अब सबै वर्ग, जाति लगायत क्षेत्रीय इतिहास लेखनको अवधारणा अगाडि आयो । फलस्वरूप स्थानविशेषको इतिहास लेखनले पनि प्राथमिकता पाउन थाल्यो । सम्बद्धनिकाय लगायत विद्वानवर्गले यसतर्फ चासो दिन थाले । जस्तो कि त्रिभुवन विश्वविद्यालयद्वारा वि.सं. २०५३–५४ देखि लागु गरेको परिवर्तित नयाँ पाठ्यक्रममा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण प्रदेश वा राज्यहरूको इतिहास पनि समाविष्ट गरियो । यसक्रममा अन्यत्रको इतिहास जस्तै सिम्रौनगढको इतिहास पनि पाठ्यक्रममा समावेश गरिए । तत्पश्चात् पूर्वमध्यकालीन नेपालको दक्षिणी भेकमा पर्ने कला र संस्कृतिले सम्पन्न यसराज्यको बारे ब्यापक शोधखोजको क्रम देखिन थाल्यो । यसरी पहिले यसको इतिहास, सभ्यता, संस्कृति बेवारिसे जस्तै थियो । धेरै थोरैलाई मात्र यसको जानकारी थियो । यसैले यसलाई यहाँ इतिहासको गर्भभित्र लुकेर रहेको राज्य भन्न खोजिएको हो । तर अब यसबारे गहन रूपमा अध्ययन अनुसन्धानका प्रयासहरू हुन थालेका छन् । जस्तो– २०५३ चैत्रमा इतिहास केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरद्वारा वीरगंजमा आयोजना गरिएको अभिमुखीकरण गोष्ठीमा सहभागी इतिहास शिक्षकहरूलाई गोष्ठीको अन्तीम दिन ऐतिहासिक स्थल सिम्रौनगढको स्थलगत अध्ययन भ्रमण गराइएको थियो । त्यसैगरेर २०५४ मार्गमा ठाकुरराम बहुमुखी क्याम्पस वीरगंजको सक्रियतामा सिम्रौनगढमा नै अधिराज्य भरिका इतिहासका शिक्षकहरूलाई उपस्थित गराई सिम्रौनगढको बारेमा राष्ट्रिय सम्मेलन आयोजना गरिएको थियो । पुरातत्त्व विभागले पनि सिम्रौनगढ क्षेत्रका ऐतिहासिक महत्त्वका स्थलहरूलाई सुरक्षात्मक पर्खालले घेर्ने काम गर्नुका साथै पुरातात्त्विक उत्खननबाट प्राप्त केही सामग्रीहरूलाई संरक्षण गरेको छ । यद्यपि त्यस क्षेत्रमा मानव अतिक्रमण रोक्न सकिएको छैन । यो भारतीय सीमा नजिकपर्दछ ।[१] वास्तवमा वर्तमान भारतको बिहार राज्यको पूर्वी चम्पारण जिल्लामा पर्ने सिम्रौनगढ नजिकै रहेको घोडासन [२] र त्यस अन्तर्गत दक्षिणतर्फ लगभग १५ कि.मी. सम्मको ठाउँ तात्कालीन सिम्रौनगढ क्षेत्र अन्तर्गत पर्दथे । जेहोस अहिले आएर यसबारे थुप्रै लेख रचना र पुस्तकहरू प्रकाशित भइरहेका छन् ।

मध्यकालीन नेपालको केन्द्रीय राज्यको रूपमा रहेको नेपाल उपत्यका, जसलाई नेपाल मण्डल पनि भनिन्थ्यो, को धर्म, कला, संस्कृति, तन्त्र, भाषा, साहित्य, संगीत आदिमा तात्कालीन सिम्रौनगढ राज्यको महत्त्वपूर्ण प्रभाव रहेको देखिन्छ । मल्ल राजाहरूका कुलदेवता अर्थात ईष्टदेवी तुलजा (तलेजु) भवानीको कलशसमेत सिम्रौनगढबाटै ल्याइएको हो भन्ने जन विस्वास आज पनि रहेको छ । सिम्रौनगढको पतन पश्चात् अन्तिम कर्णाटवंशी राजा हरिसिंहदेवको परिवारले समेत यहाँ (भक्तपुरमा) शरण लिएका थिए । मल्ल राजाहरू स्थानीय भाषामा मात्र नभएर मैथिली भाषामा समेत गीत, भजन, कविता, नाटक लेख्न रुचि राख्दथे, यसो हुनुमा सिम्रौनगढको समृद्ध मैथिली भाषा, साहित्यको प्रभाव बुझिन्छ । यतिमात्र नभएर पछिल्ला मल्ल राजाहरू जस्तो प्रताप मल्ल, जगज्योतिर्मल्ल आदिले त आफूलाई सिम्रौनगढ राज्यका संस्थापक कर्णाटवंशी राजा नान्यदेवका सन्तान हौं भनी लेख्ने गर्थे ।[३] प्रसिद्ध मल्ल राजा जयस्थिति मल्लले नेपालमा सामाजिक सुधार गर्दा सिम्रौनगढ क्षेत्रकै सामाजिक संरचना र त्यहींका पण्डितहरूको सल्लाह र सुझाव लिएका थिए । अझ एक कदम अगाडि बढेर भन्ने हो भने जयस्थिति मल्ल आफैं पनि राजल्लदेवीसँग विवाह हुनु पूर्व अर्थात् तात्कालीन डोलाजी प्रथाअनुसार नेपाल उपत्यकाभित्र ल्याइनु अघि तिरहुत क्षेत्रकै बासिन्दा थिए भन्ने देखिन्छन् । किनकि गोपालराज वंशावलीमा 'जयस्थितिमल्ल देवलदेवीले दक्षिणातिरबाट ल्याइएका...' भनिएबाट यो अनुमान गर्न सकिन्छ ।[४] यद्यपि यो अध्ययनकै विषय रहेको छ । यसरी नेपाल उपत्यकाको हिन्दु धर्म र संस्कृतिको विकास तथा विस्तारमा सिम्रौनगढ राज्यको प्रत्यक्ष र परोक्ष दुवैरूपमा उल्लेखनीय योगदान रहेको बुझिन्छ । प्रस्तुत लेखमा सिम्रौनगढ राज्यको स्थापना, त्यहाँ राज्य गर्ने प्रमुख राजाहरू, सिम्रौनगढ राज्यका उपलब्धीहरू अन्तमा त्यसको पतनबारे संक्षेपमा चर्चा गरिएको छ ।

**पृष्ठभूमी**

नेपालको मध्यकालीन क्षेत्रीय इतिहासमा मध्य तराईको भूभागमा वि.सं. ११५४ देखि वि.सं. १३८१ सम्म अर्थात २२७ वर्षसम्म सिम्रौनगढ राज्य अस्तित्वमा रहेको थियो, जुन राज्यलाई ऐतिहासिक प्रमाणहरूमा मिथिला [५], विदेह [६], तिरहुत [७], डोयराज्य [८], सिमानागढ [९] आदि नामले पनि सम्बोधन गरिएको पाईन्छ । सिम्रौनगढ राज्यका संस्थापक शासक कर्णाटवंशी नान्यदेव थिए । उनी दक्षिण भारतका चालुक्यवंशी राजा विक्रमादित्य छैठौंका सेनापति थिए । चालुक्यले उत्तर भारततर्फ विजय अभियान सञ्चालन गर्दा नान्यदेव यसतर्फ आएका थिए । पछिबाट उनी आफैले सिम्रौनगढलाई केन्द्र बनाई मिथिला क्षेत्रमा आफ्नो स्वतन्त्र राज्य स्थापना गरेका थिए ।[१०]

सिम्रौनगढ वर्तमान नेपालको नारायणी अञ्चलको बारा जिल्ला अन्तर्गत पर्दछ अर्थात् सदरमुकाम कलैयादेखि लगभग २२ कि.मी. दक्षिणपूर्वी भेकमा पर्दछ । सिम्रौनगढ सिमरावनगढको अपभ्रंश शब्द हो, जसको अर्थ हुन्छ– सिमल रुखका जंगलले घेरिएको गढ ।[११] वास्तवमा आक्रमण प्रत्याक्रमणको तात्कालीन परिस्थितिमा ठूला वस्ती भएका सम्पूर्ण क्षेत्रहरू सुरक्षाका दृष्टिले गढ वा किल्लाका रूपमा परिणत गरिएका हुन्थे । यस्ता गढ (किल्ला) हरू वनजंगलको बीचमा बनेका हुन्थे । वनभित्र बनेको गढलाई वनगढ वा वनदुर्ग भनिन्थ्यो । जुन ठाउँको वनमा सो गढ बनेको हुन्थ्यो, त्यही नाम विशेष रूपले प्रचलित हुन्थ्यो । यहाँ पनि सिमल वा सिमरको वनमा रहेको गढरूपी वस्ती भएकोले यसलाई सिमरावनगढ भनिएको र यही शब्द पछि अपभ्रंश भई सिम्रौनगढ हुन गएको हो । तात्कालीन समयमा सिम्रौनगढ क्षेत्रलाई तिरहुत नामले पनि जानिन्थ्यो । साथै यसलाई डोय राज्य पनि भनिन्थ्यो । विशेषगरेर नेपाल उपत्यकाका ऐतिहासिक स्रोतसामग्रीहरूमा यस राज्यका बासिन्दालाई होच्याएर डोय भनेर उल्लेख गरिएको पाईन्छ ।[१२] नेपाल उपत्यका, बंगाल, दक्षिण विहारको पाल राज्य तथा कनौज काशी गरी चार राज्यहरूबाट घेरिएको सानो राज्य मिथिलामाथि चारैतिरबाटआक्रमण हुने संभावना प्रबल थियो । अतः नान्यदेवले आफ्नो राज्यको सुरक्षाका लागि राजधानी क्षेत्र सिम्रौनगढलाई चारैतिरबाट सशक्त किल्लाबन्दी गरेका थिए । सिम्रौनगढ वरिपरी ७ वटा सुरक्षात्मक पर्खालहरू रहेका थिए भने राजदरबारको थप सुरक्षाकालागि ११ वटा ठूलाठूला ढोकाहरू, २१ ठाउँमा पानीको नहर र अनेकौं लहरमा रुखहरू लगाइएका थिए । अद्यावधी ती मध्ये दुई स्थानमा सुरक्षात्मक पर्खालका अवशेषहरू र अनेकौं ठाउँहरूमा पानीपोखरीहरू देख्नपाईन्छ ।[१३] राजधानी सिम्रौनगढ भएको हुनाले राजधानीकै नामबाट समग्र यस राज्यको नाम सिम्रौनगढ रहन गएको बुझिन्छ । तात्कालीन समयमा यस राज्यको सीमाना कति थियो भन्ने कुराको स्पष्ट जानकारी कतैबाट मिल्दैन तापनि पूर्वमा कोशी नदी, पश्चिममा गण्डकी नदी, उत्तरमा महाभारत श्रृंखला र दक्षिणमा गंगा नदीसम्म यस राज्यको सीमा फैलिएको थियो भन्ने देखिन्छ ।[१४] तीन शताब्दीसम्म अति सम्पन्न, सक्रिय, विकसित रहेको यो राज्य हिन्दु धर्म, संस्कृति र सभ्यताको मूल थलोको रूपमा विकास हुँदै गएको थियो । यस सभ्यताको प्रभाव छिमेकी राज्य विशेषगरेर नेपाल उपत्यकामा धेरै नै परेको पाईन्छ । वास्तवमा दक्षिण भारतबाट आएका कर्णाटवंशीहरू सभ्य र शिक्षित थिए । राजनीति र धर्मशास्त्रका सम्बन्धमा यिनलाई विशेष ज्ञान थियो । आफ्नो राज्यमा शिक्षादीक्षाको राम्रो प्रबन्ध मिलाए । धार्मिक पण्डित तथा पढेलेखेका व्यक्तिहरूको ठूलो सम्मान र प्रतिष्ठा थियो । विशेष गरेर चण्डेश्वर र जयदेव विद्यापति जस्ता कवि, साहित्यकारहरूको ठूलो हैसियत थियो । उत्तर भारतको प्रख्यात शैक्षिकस्थल नालन्दा र विक्रमशीलाका विद्वानहरूको मुसलमानी आक्रमण पश्चात् मुख्य आश्रय स्थल सिम्रौनगढ बनेको थियो । जसको फलस्वरूप तात्कालीन समयमा यस राज्यले विविध क्षेत्रमा निक्कै उन्नति हासिल गरेको थियो । यसमा पनि विशेषगरेर हिन्दु धर्म संस्कृति, कला वास्तुकला, भाषा साहित्य, संगीतका क्षेत्रमा यिनले ठूलो प्रगति गरे । यसको प्रभाव नेपाल उपत्यकामा पनि पर्न गएको थियो ।

**सिम्रौनगढमा शासन गर्ने प्रमुख कर्णाटवंशी शासकहरू**

नान्यदेवले स्थापना गरेको यस सिम्रौनगढ राज्यमा २२७ वर्षको अवधिमा नान्यदेव पछि क्रमशः गंगादेव, नरसिंहदेव, रामसिंहदेव, शक्तिसिंह, भूपालसिंह र हरिसिंहदेव गरी ७ जना कर्णाटवंशी शासकहरूले शासन चलाए तापनि राज्यसंस्थापक नान्यदेव र अन्तीम कर्णाटवंशी शासक हरिसिंहदेवकै नाम नेपालको मध्यकालीन क्षेत्रीय इतिहासमा विशेष उल्लेखनीय रही आएको छ । सिम्रौनगढको इतिहासबारे प्रकाश पार्ने स्रोतसामग्रीहरू ज्यादै सीमित छन् । जस्तो– चम्पारणको अभिलेख, विजयसेनको देउपाराको अभिलेख, सिम्रौनगढमा प्राप्त रामसिंहदेवको खण्डित अभिलेख मुख्य छन् । यसदेखि बाहेक विभिन्न समयमा लेखिएका हस्तलिखित ग्रन्थका पुष्पिका वाक्यहरू, गोपालराजवंशावली, केशर पुस्तकालयमा रहेको वंशावली र प्रतापमल्लको अभिलेख नै तात्कालीन सिम्रौनगढको इतिहासबारे प्रकाश पार्ने सामग्री हुन् ।

**नान्यदेव**–चालुक्यहरूका सामन्त शासकका रूपमा रहेर काम गर्दा नान्यदेवले नान्यपुरी (हालको बिहार राज्यको चम्पारण) लाई सदरमुकाम कायम गरेका थिए । आफूलाई स्वतन्त्र राजा घोषणा गरेपछि मात्र उनले सिम्रौनगढमा नयाँ

शहर निर्माण गरी राजधानी तुल्याएको हुनुपर्दछ । यसकारण उनले ई.सं. १०९७ भन्दा अघि नै तिरहुतमा स्वतन्त्र राज्य स्थापना गरिसकेको मान्नुपर्ने हुन्छ । राजधानीलाई सिम्रौनगढ भनिएपनि आसपासका क्षेत्र तिरहुत वा मिथिला नामले प्रख्यात थियो ।

नान्यदेव तिरहुतका स्वतन्त्र राजा भएपछि उनले बंगालमाथि आक्रमण गरेका थिए । यस आक्रमणमा नान्यदेव असफल भएको कुरा बंगालका राजा विजयसेनको देउपाराको अभिलेखबाट थाहा हुन्छ । त्यसैगरी ई.सं. ११११ मा नान्यदेवले काठमाडौं उपत्यकामा पनि आक्रमण गरेका थिए । गोपालराज वंशावली अनुसार यस लडाईंमा पनि उनका सैनिकहरू पराजित भए । यसरी नेपाल र बंगाल दुवै छिमेकी राज्यमा उनले असफल आक्रमण गरेको बुझिन्छ । लडाईंमा असफल भएपनि आफ्नो राज्यको राजनैतिक सङ्गठन र प्रशासनिक ब्यबस्थामा उनी सफल देखा पर्दछन् । साथै उनको महत्त्वपूर्ण उपलब्धी भनेको तिरहुतलाई स्वतन्त्र राज्यको रूपमा स्थापना गर्नु र सिम्रौनगढमा भब्य सुरक्षाचक्रब्युह (Labyrinth) सहितको नयाँ राजधानी शहर निर्माण गर्नु नै रहेको देखिन्छ । के.पी. जैसवाल, भगवानलाल ईन्द्रजी तथा बुहलरले उद्धृत गरेको वंशावलीमा नान्यदेवको शासनअवधी ५० वर्ष उल्लेख पाईन्छ । यस आधारमा नान्यदेवले ई.सं. ११४७ सम्म राज्य गरेको अनुमान हुन्छ । यसरी सिम्रौनगढलाई राजधानी कायम गरी एक भव्य सुरक्षागढ बनाई संकटपूर्ण स्थितिहरूमा पनि विचलित नभई सुझबुझको परिचय दिई मृतप्रायः रहेको मिथिला राज्यमा नयाँ जीवनको ज्योति फैलाउने काम एकातर्फ भयो भने अर्कातर्फ पढेलेखेका विद्वानवर्गको समुचित कदर गरी संस्कृत विद्या एवं कलाको उन्नतिद्वारा मिथिलाको प्राचीन गौरवलाई पुनर्जीवित गर्ने काम पनि उनीबाट भएको देखिन्छ ।[१५]

केही इतिहासकारहरूले सिम्रौनगढका संस्थापक नान्यदेवले नेपाल उपत्यकामा आक्रमण गरेर विजयी भई भक्तपुरलाई राजधानी बनाई शासन गरेको उल्लेख गरेका छन् । अझ डेनियल राइटले नान्यदेवले नेपालमा राज्य स्थापना गरी शक सम्वत् चलाए भनी मानेका छन् भने कर्कपेट्रिकले नान्यदेवले नेपाल संवत् चलाएको कुरा उल्लेख गरेका छन् । तर यी भनाईहरू कपोलकल्पित र भ्रमपूर्ण छन् । पछिल्ला समयमा नेपाली भाषामा लेखिएका विभिन्न वंशावलीहरूमा नान्यदेवले नेपाल उपत्यकामा आक्रमण गरेको चर्चा गरिएको [१६] र त्यसैलाई आधार बनाएर उल्लिखित विदेशी विद्वानहरूले नान्यदेवको उपत्यका आक्रमण सम्बन्धी आफ्नो सिद्धान्त प्रतिपादन गरेको देखिन्छ । यसमा पछिल्लाकालका केही मल्ल राजाहरूले आफूलाई कर्णाटवंशी नान्यदेवका सन्तान हौं भनी मानेकाले ती विद्वानहरूलाई आफ्नो तर्क राख्न अझ बल मिलेको देखिन्छ । यसैले तिनले यसकिसिमका भनाई राख्न पुगे । तर वास्तवमा ऐतिहासिक तथ्य भने बेग्लै रहेको देखिन्छ । नेपालमा अहिलेसम्म पाइएका वंशावलीहरूमा सबैभन्दा प्राचीन र भरपर्दो वंशावली गोपालराज वंशावली मानिन्छ । यो जयस्थिति मल्लको पालामा लेखिएको र यसमा प्राचीन समयदेखि ई.सं. १३८८ सम्मका ऐतिहासिक घटना विवरणहरू उल्लेख छन् । गोपालराज वंशावली अनुसार– वि.सं. ११६८, १३०१, १३०२, १३५६ र १३६७ मा गरी अनेकपल्ट तिरहुत क्षेत्रबाट नेपाल उपत्यकामा आक्रमण भएको बुझिन्छ । यी आक्रमणहरू मध्ये नान्यदेवको समयमा वि.सं. ११६८ मा एक पटक मात्र तिरहुते अर्थात् डोयहरूले उपत्यकामा आक्रमण गरेका थिए, तर यस युध्दमा पनि डोयहरूको विजय भने भएको थिएन । गोपालराज वंशावलीमा सो घटनाको वर्णन गर्दा– "ने.सं. २३१ (वि.सं. ११६८) भाद्रकृष्ण सप्तमी...श्री श्री नरमल्लदेव पोहले लड्न आएका डोय (तिरहुते) जतिलाई खड्गले काटे" भनिएको छ ।[१७] यस भनाईबाट नान्यदेवका सैनिकहरू नेपालीहरूबाट पराजित भएर फर्केको बुझिन्छ । तर स्वयम् नान्यदेव भने आएका थिएनन् । तसर्थ नान्यदेवले आक्रमण गरेर विजयी भई नेपाल उपत्यकामा आफ्नो वंशको शासन कायम गरे भन्ने कुरा ऐतिहासिक प्रमाणका दृष्टिले असत्य र झूठो सावित हुन्छ । अर्को कुरा, नेपाल संवत् प्रचलनमा आएको २१८ वर्षपछि देखापरेका नान्यदेवले नेपालमा आक्रमण गरी नेपाल संवत् चलाए भन्नु हास्यास्पद तर्क देखिन्छ । त्यस्तै नान्यदेवले नेपालमा विजय गरी भक्तपुरलाई राजधानी बनाएर शक संवत् चलाए भन्नु त झनै हास्यास्पद देखिन्छ । किनकि शक संवत्को प्रचलन नेपालमा प्राचीनकालदेखि नै थियो । मानदेवको वि.सं. ५२१ को चाँगुनारायण अभिलेखमा नै शक संवत्को प्रयोग गरिएको छ । जसमा शक संवत ३८६ उद्धृत छ ।[१८] यसरी माथि उल्लिखित विद्वानहरूका भनाईहरू ऐतिहासिक प्रमाणका आधारमा असत्य देखिन्छ । प्रतापमल्ल, जगज्योतिर्मल्लले आफूलाई कर्णाट वंशी किन माने त भन्ने सवालमा भने जयस्थितिमल्लले विवाह गरेकी रानी राजल्लदेवी कर्णावंशी राजा हरिसिंहदेवका छोरा जगतसिंहकी छोरी थिइन् । यसैले पछिल्लोकालका मल्लराजाहरूले आफ्नो बुढोमावली कर्णाटवंशी भएकोले आफूलाई कर्णाटवंशी भनी उल्लेख गरेका हुनसक्छ तर यसैको आधारमा मात्र नान्यदेवले नेपालमा विजय गरी राज्य चलाए भन्न मिल्दैन ।

**गंगादेव–** केशर पुस्तकालयमा रहेको वंशावली र प्रतापमल्लको अभिलेखअनुसार नान्यदेव पछि तिरहुतको

राजगद्दीमा गंगादेव बसे । यिनको सही नाम गाङ्गेयदेव थियो भन्ने कुरा ई.सं. ११५४ मा यिनकै राज्यकालमा सारिएको रामायणको एउटा पुस्तकको पुष्पिकावाक्यबाट स्पष्ट हुन्छ । यिनी कहिले गद्दीमा बसे भन्ने कुरा प्रमाणित छैन तापनि यिनको प्रारम्भिक शासनकाल बंगालका बल्लालसेनसँगको कटुतापूर्ण सम्बन्धका कारण कष्टप्रद रहेको भएता पनि पछिल्लो चरण शान्तिपूर्ण रहेको देखिन्छ । यिनको उपलब्धी भनेको राज्यलाई विभिन्न प्रशासनिक ईकाइहरूमा विभाजन गरेर प्रत्येक ईकाईमा राजस्व उठाउन एउटा चौधरी (प्रमुख) नियुक्त गर्नु, स्थानीय विवादहरूको समाधानार्थ पञ्चायतहरूको ब्यवस्था गरेर प्रशासनिक सुधार गर्नु अनि ठाउँठाउँमा पोखरीहरू खनाउने, गढहरू बनाउने कार्य गर्नु रहेको थियो । यिनले आफ्नो राजधानी दरभंगा सारेका थिए तापनि मुख्य राजधानी सिम्रौनगढ नै थियो । यताबाट गंगादेवको शासनकाल आफ्ना बाबु नान्यदेवको भन्दा शान्तिपूर्ण रहेको देखिन्छ । वंशावलीहरूमा यिनले ४०, ४१ वर्ष राज्य गरेको उल्लेख पाईन्छ ।

**नरसिंहदेव**– जसरी गंगादेवको मृत्यु प्रमाणित छैन, त्यसरी नै नरसिंहदेको राज्यारोहणको मिति पनि थाहा छैन । गोपालराज वंशावलीमा यिनलाई ने.सं. ३०३ अर्थात् ई.सं. ११८२ मा डोय ठाकुर अर्थात् डोय राजा भनिएबाट[१९] त्यसबेला यिनी राजा भइसकेका थिए भन्ने कुरा थाहा लाग्दछ । यिनको समयमा विशेष उल्लेखनीय घटनाहरू भएको वर्णन पाईदैन । यिनले ई.सं. ११७४ देखि १२०८ सम्म राज्य गरेको देखिन्छ ।

**रामसिंहदेव**– यिनको राज्यकालमा अर्थात् ई.सं. १२३६ मा प्रसिध्द बौध्द भिक्षु धर्मस्वामीले सिम्रौनगढको भ्रमण गरेका थिए । रामसिंहदेवले उनलाई राजगुरुको रूपमा त्यहाँ रहन आग्रह गरेका थिए । धर्मस्वामीले भ्रमण गर्दा रामसिंहदेव सिम्रौनगढको किल्ला, पर्खालहरू मर्मत गराइरहेका थिए । रामसिंहदेवले दुई पटक नेपाल उपत्यकामा आक्रमण गरेका थिए । तर दुवै आक्रमण असफल रह्यो । पहिलो आक्रमण ई.सं. १२४३ मा गरे । जसको नेतृत्व उनी स्वयंले गरेका थिए । खण्डाधार डाँडामा नेपाली सेनाले उनीहरूलाई रोकेर हराएका थिए । यसको दुई वर्ष पछि ई.सं. १२४५ मंसिरमा पनि रामसिंहदेवले नेपाल उपत्यकामाथि आक्रमण गरेका थिए । तर यस पटक पनि उनको हार भयो । कपन हुँदै भुंथलीसम्म पुगेका डोय सेनालाई नेपाली सेनाले घेरेर धेरैलाई काटे ।

**शक्तिसिंहदेव**– रामसिंहदेव पछि तिरहुतको गद्दीमा शक्तिसिंहदेव बसेको कुरा प्रतापमल्लको अभिलेखमा उल्लेख भएको छ भने केशर पुस्तकालयमा रहेको वंशावलीमा भवसिंहदेव राजा भएको कुरा उल्लेख पाईन्छ । यी मध्ये कुन चाहिं वास्तविक हो भनी छुट्याउन अन्य श्रोतको अभाव छ । मैथिली परम्परामा शक्तिसिंहलाई रामसिंहदेवको उत्तराधिकारी मानिएको छ । यिनले बंगालका सुल्तानसँग मित्रवत् सम्बन्ध स्थापित गरी तिनलाई युध्दमा समेत सहयोग गरेको कुरा थाहा लाग्दछ । यसबाहेक शक्तिसिंहको बारेमा अन्य कुनै जानकारी पाईदैन ।

**भूपालसिंह**– शक्तिसिंहदेव पछि सिम्रौनगढको गद्दीमा भूपालसिंहदेव बसेको कुरा प्रतापमल्लको अभिलेखमा उल्लेख छ । तर यिनको बारेमा पनि विष्तृत जानकारी थाहा पाउन सकिएको छैन ।

**हरिसिंहदेव**–हरिसिंहदेव सिम्रौनगढका अन्तीम कर्णाटवंशी राजा थिए । ऐतिहासिक प्रमाणहरूमा भने यिनलाई हरसिंहदेव भनिएको पाईन्छ ।[२०] वि.सं. १३८१ मा दिल्लीका तुर्क बादशाह गयासुद्दिन तुगलकले सिम्रौनगढ राज्यमा आक्रमण गरेर ध्वस्त बनाए पछि हरिसिंहदेवको पलायन सँगसँगै सिम्रौनगढमा कर्णाटवंशको शासन सदाकालागि समाप्त भयो । यहाँनेर के भन्न सकिन्छ भने नान्यदेव मिथिलाको स्वतन्त्र राज्यका संस्थापक थिए भने हरिसिंहदेव त्यस राज्यको सामाजिक, सांस्कृतिक क्षेत्रहरूको विकासमा योगदान पु-याउने एक योगदानकर्ताको रूपमा विख्यात छन् । यिनी एक विजेता राजाको रूपमा मात्र नभएर लोकहितैषी राजाका रूपमा पनि प्रख्यात थिए । यिनको प्रसिध्दि आफ्नो राज्यमा मात्र नभएर आसपासका राज्यहरूमा समेत फैलिएको थियो । सिम्रौनगढका भत्किएका भग्नावशेषहरूले आजपनि उनको राज्यको सम्झना गरिरहेको छ ।

नेपालका वंशावलीहरूमा नान्यदेवका अतिरिक्त हरिसिंहदेवको पनि उल्लेख पाईन्छ । नान्यदेवले जस्तै हरिसिंहदेवले पनि उपत्यकामा आक्रमण गरेको चर्चा पाईन्छ । केही स्वदेशी तथा विदेशी विद्वानहरूले नान्यदेवको आक्रमणलाई अस्वीकार गर्दै हरिसिंहदेवले मात्र उपत्यकामा आक्रमण गरेर विजय गरे भन्ने छ । वंशावलीमा नान्यदेवको वंशजको क्रममा सातौं पुस्ताका हरिसिंहदेवको छैठौं पुस्तामा जयस्थितिमल्ललाई देखाइएको छ । यसरी जयस्थितिमल्लको सम्बन्ध सोझै हरिसिंहदेवसँग देखाएर नेपालमा हरिसिंहदेवको आक्रमण भएको उल्लेख गरिएको छ । ती इतिहासकारहरूको भनाइअनुसार हरिसिंहदेवको शासनकालमा मुसलमानी आक्रमणबाट सिम्रौनगढ ध्वस्त भएपछि हरिसिंहदेव दलबल सहित त्यहाँबाट भागेर नेपाल आएर भक्तपुरमा राजा आनन्दमल्ललाई पराजित गरेर साथमा ल्याएको श्री तुलजा भवानीलाई ईष्टदेवीको रूपमा स्थापना गरी राज्य चलाई बसे भन्ने देखिन्छ । यताबाट पछिल्ला मल्लराजाहरू हरिसिंहदेवका वंशज हो कि भन्ने लाग्दछ । तर ऐतिहासिक दृष्टिकोणबाट यो भनाई तथ्यसँगत देखिंदैन । यथार्थता अर्कै छ । वास्तवमा

नान्यदेवले वि.सं. ११५४ मा सिम्रौनगढमा राज्य स्थापना गरेदेखि नै उनीहरूको आँखा नेपाल उपत्यकामा परेको थियो । जसको फलस्वरूप त्यतातिरबाट उपत्यकामा बारम्बार आक्रमण भइरहन्थ्यो भन्ने कुरा माथि नै उल्लेख भइसकेको छ । हरिसिंहदेवको समयमा पनि तिरहुतबाट उपत्यकामा आक्रमणहरू भए । यिनका पालाका आक्रमणहरू पहिले हुने गरेका आक्रमण भन्दा निक्कै डरलाग्दा थिए । यसको वर्णन गोपालराज वंशावलीमा विस्तार पूर्वक गरिएको छ ।[२१] त्यसबेला नेपाल उपत्यकामा कमजोर शासनप्रणाली प्रचलित थियो । मध्यकालको पूर्वाध्ददेखि नै यहाँ काकाभतिजा, दाजुभाइहरूको संयुक्त शासन चलेको थियो । २, ३, ४, ५ जना समेत मिलेर शासन गरेको देखिन्छ । यिनीहरूमा स्पष्ट रूपमा अधिकार विभाजन थिएन । यसैले कहिलेकाहिँ यिनमा जो बाठा हुन्थे, तिनले अरुलाई अँठ्याएर शासन अधिकार एकलौटी पार्ने पनि प्रयास गर्दथे । अभयमल्लको शासनकालपछि त दुई बेग्लाबेग्लै वंशका ब्यक्तिहरू पालैपालो गद्दीमा बस्ने विचित्र परम्पराको शुरुवात भयो । यस पद्धति अनुसार एउटा राजवंशका व्यक्ति गद्दीमा छन् भने अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिन्थे । यस किसिमको शासनप्रणालीले गर्दा नै गृहकलह उत्पन्न हुने तथा संघर्ष चल्ने गर्दथ्यो ।[२२] यसरी गृहकलह हुँदा एक पक्षले डोयहरूको सहायता लिन थाल्यो । वि.सं. १३५६ को डोयहरूको आक्रमण यस्तै शासकवर्गको एक पक्षको समर्थनमा भएको थियो । अझ त्यसबेलामा त गद्दीनसिन राजा अनन्तमल्ल आफैले डोयहरूलाई बोलाएर ल्याएका थिए । यसरी स्वयं शासककै षडयन्त्रबाट डोयहरू यहाँ पसेको हुँदा उनीहरूलाई रोकटोक गर्ने कोही भएन । दण्डको रूपमा यहाँका प्रजासँग पैसा उठाएर उनीहरू फर्के । वि.सं. १३६७ मा पनि शासकवर्गका एक शक्तिशाली व्यक्ति जयशक्तिदेवद्वारा डोयहरू यहाँ बोलाइएका थिए । त्यसबेला हरिसिंहदेव सिम्रौनगढको गद्दीमा विराजमान थिए । यसपाली डोयहरूको आगमन उपत्यकावासीलाई निक्कै महंगो साबित भयो । डोयसेनाको नेतृत्व हरिसिंहदेवका मंत्री चण्डेश्वरले गरेका थिए । एकवर्ष भन्दा बढी समयसम्म डोयहरू यहाँ बसेर लड्न आउँदा लागेको खर्च दण्डको रूपमा प्रजासँग उठाउने, भाइभारदारहरूलाई थुन्ने, मन्दिरहरूमा आगो लगाएर ध्वस्त पार्ने, देवीदेवताका गरगहनाहरू लुट्ने कार्यहरू गरे । साथै पशुपतिका २१ वटै ढुकुटी फोडेर सबै सम्पति लगे । फर्कदा पनि बनेपादेखि तराईसम्म बाटोमा भेटिए जति मानिसलाई काट्दै हिंडेका थिए । वि.सं. १३७० को वैशाखतिर डोयहरूले नेपाल उपत्यकामा फेरि आक्रमण गरे । तर सो आक्रमणमा भने उपत्यकाका शक्तिशाली शासक रुद्रमल्लले उनीहरूलाई पराजित गरी धपाई दिए । यसको एक वर्षपछि फेरि डोयहरू नेपाल पसेको देखिन्छ । हरिसिंहदेवका मंत्री चण्डेश्वरले पशुपतिनाथलाई आफ्नै हातले छोएर पूजा गरेको तथा वि.सं. १३७१ मा बागमती किनारमा तुलादान गरेको वर्णन गरेका छन् । यसरी पुजारी बाहेक अरु कसैले पनि छुन नपाउने पशुपतिलाई चण्डेश्वरले आफ्नै हातले छोएर पूजा गरे भन्नु निक्कै महत्त्वपूर्ण मानिन्छ । अर्को कुरा, आफूलाई हिन्दुधर्म संस्कृतिका समर्थक र सम्बर्द्धक मान्ने सिम्रौनगढका शासकवर्ग र त्यहाँका डोय सेनाले उपत्यकामा आक्रमण गर्न आउँदा देवदेवीका मूर्तिहरू तोडफोड गर्ने, मन्दिरहरू लुट्ने, आगो लगाउने काम गर्नु आफैमा एउटा अनौठो कुरा रहेको देखिन्छ ।

यसरी हरिसिंहदेवको समयमा पनि डोयहरूले बेलाबेलामा उपत्यकामा आक्रमण गरेको पाईन्छ । तर आक्रमण गर्न आउँदा केही समयसम्म यहाँ प्रभाव जमाए पनि स्थायी रूपमा यहाँ बसेर शासन गरेको भने देखिंदैन । अतः हरिसिंहदेवले नेपाल उपत्यकामा विजय गरेर राज्य स्थापना गरे भन्ने कुरा तर्कसँगत पाईदैन ।

**सिम्रौनगढको पतन**

तात्कालीन समयमा उत्तर भारतमा मुसलमानहरूको प्रभाव अत्यन्तै बढेको थियो । वि.सं. १३८१ मा दिल्लीका बादशाह गयासुद्दीन तुगलक बंगालतर्फको आफ्नो विजय अभियान सञ्चालन गरेर तिरहुतको बाटो भएर फर्किरहेका थिए । मुसलमानी फौजलाई आफ्नो राज्य क्षेत्रमा आएको देखी दिल्लीका बादशाहले सिम्रौनगढमा आक्रमण गर्न लाग्यो भन्ने भ्रम राजा हरिसिंहदेवलाई पर्न गयो । यसपछि यिनी पनि सारा प्रजा र सेनाहरूलाई बटुलेर गयासुद्दीनका सेनासँग लड्न गढ बाहिर निस्के । दुवैका बीच लडाइँ भयो । तर विशाल मुस्लीम सेनाका अगाडि तिरहुतेहरूको केही लागेन । सिम्रौनगढ ध्वस्त भयो । हरिसिंहदेव सपरिवार नेपालको पहाडतर्फ लागे ।[२३] सुरक्षाका दृष्टिले नेपाल उपत्यकामा पस्नु उनका लागि लाभदायकै थियो । तर यसभन्दा अघि उनका सेनाले मद्दतका लागि उपत्यकामा आउँदा मठमन्दिरहरू लुट्ने, आगो लगाउने जस्ता कार्यहरू गरेर जुन उत्पात मच्चाएका थिए त्यसले गर्दा हरिसिंहदेवले उपत्यकामा आफ्नो प्रतिष्ठा गुमाइसकेका थिए । फेरि अहिले पहिलेको जस्तो उपत्यकाको शासन कमजोर थिएन । रुद्रमल्लको नेतृत्वमा यतिबेला नेपाल उपत्यकाको केन्द्रीय शासन मजबुत बनेको थियो । हरिसिंहदेव सोझै नेपाल उपत्यका पस्न सकेनन् । केहीकाल यताउति घुमेपछि दोलखातिर जानलाग्दा सिन्धुलीको तीनपाटन भन्ने ठाउँमा वि.सं. १३८२ माघ शुक्ल तृतीयाका दिन उनको मृत्यु भयो ।[२४]

यसरी हरिसिंहदेव नेपाल उपत्यकामा पस्न नपाउँदै बाटैमा मरेको हुँदा उनले नेपाल उपत्यकामा आक्रमण गरेर

विजयी भई आफ्नो शासन कायम गरे भन्नु निराधार देखिन्छ। फेरि जयस्थितिमल्ललाई हरिसिंहदेवको छैठौं पुस्ताका शासक भनी वंशावलीकारहरूले जुनकुराको वर्णन गरेका छन् त्यो झन् हास्यास्पद देखिन्छ। किनभने हरिसिंहदेवको मृत्युको केवल २९ वर्षपछि नै जयस्थितिमल्ल ८ वर्षकी कन्या राजल्लदेवी (उपराज) सँग विवाह गर्न योग्य भइसकेका थिए। अतः २९, ३० वर्षको अवधीमा ६, ७ पुस्ताको वर्णन गर्नु तर्कसँगत देखिंदैन। इतिहासकार लुसियानो पेटेकले भने हरिसिंहदेवको मृत्यु भएको ठाउँ टिंपाट (तीनपाटन) लाई देउपाटन मानेर हरिसिंहदेवले उपत्यकामा राज्य कायम गरेको मानेका छन्। हरिसिंहदेव नेपाल आएको भन्ने वंशावलीको वर्णन र पछिल्ला मल्लराजाहरूको भनाई समेतलाई आधार मानेर पेटेकले यस्तो अड्कल लगाएको हुनु पर्छ। तर टिंपाट भनेको देउपाटन नभएर तीनपाटन हो र यो स्थान सिंधुली जिल्लामा पर्दछ। यसैकारण हरिसिंहदेवले नेपाल उपत्यकामा पसेर शासन गरे भन्ने भनाईहरू यथार्थतासँग मेल खांदैनन्। अब यहाँनेर प्रश्न के उठ्दछ भने त्यसोभए प्रतापमल्ल, जगज्योतिर्मल्ल जस्ता पछिल्ला मल्लराजाहरूले आफूहरूलाई किन कर्णाटवंशी माने त ? यसको कारणमा निम्न कुरा आउँछ।

जुनबेला हरिसिंहदेवको मृत्यु भयो त्यसबेला नेपाल उपत्यकामा रुद्रमल्ल र अरिमल्लको संयुक्त शासन चलिरहेको थियो। अरिमल्ल नाम मात्रका शासक थिए भने राज्यको बागडोर रुद्रमल्लको हातमा थियो। यिनै रुद्रमल्लले हरिसिंहदेवको मृत्यु पछि उनकी रानी देवलदेवी र छोरा जगतसिंहलाई आफ्नो दरबारमा शरण दिएका थिए। शरण पाएपछि देवलदेवीले आफ्नो साथमा ल्याएको तलेजु भवानीको कलश दरबारमा स्थापित गरिन्। प्रकारान्तरले नेपालका मल्ल शासकहरू पनि तलेजुका उपासक बने। रुद्रमल्लको मृत्युपछि उनको छोरा नभएकोले छोरी नायकदेवीको हातमा शासनअधिकार आयो। उनलाई उपराज भनिन्थ्यो। यी नायकदेवीको पहिलो विवाह काशीका हरिश्चन्द्रसँग भएको थियो तर उनी भारदारी षडयन्त्रमा परेर मारिएपछि उनको दोश्रो विवाह त्यही दरबारमा शरण लिइरहेका देवलदेवीका छोरा जगतसिंहसँग भयो। सो दम्पतिबाट राजल्लदेवीको जन्म भयो। यिनै राजल्लदेवीसँग जयस्थिति मल्लको विवाह भएको थियो। यसैकारण अब राजल्लदेवी कर्णाटवंशी हरिसिंहदेवकी नातिनी र जयस्थितिमल्ल नातिनी ज्वाँई बन्न गए। जसलेगर्दा जयस्थितिमल्लका सन्तानहरू अर्थात् पछिल्ला मल्लराजाहरू पैतृक वंशबाट कर्णाटवंशी नभए पनि मावलीखलक भने कर्णाटवंशी थिए र नान्यदेव, हरिसिंहदेवहरूको त्यसबेला निक्कै ख्याति फैलिएको हुँदा प्रतापमल्ल लगायतका पछिल्ला मल्लराजाहरूले आफूलाई मावलीपट्टिको साइनोबाट कर्णाटवंशी भनी गर्व गर्ने गरेका हुन् भन्ने देखिन्छ। यसप्रकार हरिसिंहदेवले नेपाल उपत्यकामा विजय गरेर राज्य गरेको नभए पनि उनका परिवारबाट भने तात्कालीन नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा महत्त्वपूर्ण परिवर्तन वा प्रभाव पारेको बुझिन्छ। वास्तवमा शक्तिशाली शासक रुद्रमल्लको अवसान पछि उपत्यकाको राजकाजमा हरिसिंहदेवकी विधवा देवलदेवी प्रभावशाली व्यक्तित्वका रूपमा देखा परेकी थिइन्। आफ्ना पुत्र जगतसिंहसँग पतिविहिन उपराज (रुद्रमल्लकी छोरी) नायकदेवीसँग विवाह गराउनुमा पनि उनको मुख्य हात थियो। राजल्लदेवीलाई जन्म दिएको १० दिनमा नै नायकदेवीको मृत्यु भएपछि देवलदेवी अझै शक्तिशाली बन्न पुगीन्। आफ्नी नातिनी उपराज राजल्लदेवीलाई हुर्काउने काम पनि उनीबाटै भयो। राजल्लदेवी ८ वर्षकी भएपछि देवलदेवीले मधेसतिरबाट तात्कालीन डोलाजी प्रथाअनुसार जयस्थितिमल्ललाई झिकाएर वि.सं. १४११ मा दुवैको विवाह गरिदिइन्। जयस्थितिमल्ललाई अघि बढ्न उनले भरपुर सहयोग गरिन्। यताबाट तात्कालीन समयमा नेपाल उपत्यकामा कर्णाटवंशको प्रभाव अर्थात् यहाँको राजकाजमा देवलदेवीको भूमिका निक्कै महत्त्वपूर्ण रहेको थाहा हुन्छ।

यसप्रकार नेपाल उपत्यकाको कला संस्कृतिमा मात्र नभएर यहाँको राजनीतिमा समेत तात्कालीन समयमा सिम्रौनगढका कर्णाटवंशीहरूको महत्त्वपूर्ण प्रभाव परेको देखिन्छ।

हरिसिंहदेवको पलायन पश्चात् गयासुद्दीन तुगलकले तिरहुतको विशाल राज्य र धनधान्यले सम्पन्न भएको सिम्रौनगढमाथि अधिकार कायम गरे। तत्पश्चात् सिम्रौनगढको सट्टा दरभंगामा सदरमुकाम कायम गरी तुगलकाबाद प्रान्तको रूपमा तिरहुतको प्रशासन चलाउन थालियो। करीब ३० वर्ष सम्म उनले सोझै शासन गरिसकेपछि वि.सं. १४११ मा स्थानीय कामेश्वर ठाकुरलाई नियमित कर तिर्ने गरी उक्त तिरहुत क्षेत्र जिम्मा दिइयो। कामेश्वर ठाकुर पश्चात् यहाँ ओइनवार वंशको शासन कायम भयो। यस वंशले वि.सं. १५८३ सम्म शासन चलाएको देखिन्छ। तात्कालीन समयमा यो तिरहुतभन्दा मिथिला क्षेत्रको रूपमा ज्यादा चर्चित थियो। वि.सं. १५८३ तिर यस वंशको अन्त्य भयो। त्यसपछि यस क्षेत्रलाई विभिन्न जमीदारी क्षेत्रमा विभाजित गरी जमीनदारहरू नियुक्त गरी सोझै कर उठाउन थालियो। तर मुगल साम्राज्यको पतन पछि अंग्रेजहरूको शासनकालमा यो क्षेत्र (सबै भूभाग होइन) सेनहरूको नियन्त्रणमा आयो। पाल्पाका प्रतापी राजा मुकुन्दसेन र उनका उत्तराधिकारीहरूले यस क्षेत्रलाई आफ्नै राज्यमा मिलाए। त्यसपछि एकीकरण अभियान अन्तर्गत विशाल नेपालमा मिलाइयो।

## उपसंहार

यसप्रकार कर्णाटवंशी नान्यदेवद्वारा स्थापित नेपालको दक्षिणी भेकको तिरहुत क्षेत्रमा अवस्थित सिम्रौनगढ राज्यको राजधानी आफ्नो सवा दुई सय वर्षको गौरवमय इतिहासका साथसाथ आकस्मिक रूपले सदाकालाथि धर्तीको गर्भभित्र विलिन हुनपुग्यो । यसको पतनका लागि स्वयं कर्णाटवंशी अन्तीम शासक हरिसिंहदेव नै जिम्मेवार देखिन्छन् । किनभने मुगल बादशाह गयासुद्दीन तुगलकको गतिविधि र उद्देश्यलाई उनले समयमै राम्रोसँग बुझ्न सकेनन् । तिरहुत जित्ने नै उद्देश्यले तिनी यता आएका थिएनन् । दिल्लीका बादशाहको शक्तिको सही अन्दाज नगरेर आफैं जोरी खोज्न पुगेकाले उनको पतन संभव हुन गयो र यसबाट उनको वंशको विनाशसँगसँगै वैभवपूर्ण कला संस्कृतिले सम्पन्न सिम्रौनगढ राज्यसमेत सदाका लागि अस्त हुन गयो । वर्तमान समयमा यो मिथिला प्रदेश भौगोलिक रूपले दुई भागमा विभाजित छ । यसको उत्तरी भाग नेपालमा र दक्षिणी भाग भारतमा पर्दछ । यसरी आज आएर राजनीतिक दृष्टिकोणबाट मिथिला दुई भागमा चिरा परे पनि धर्म, भाषा, संस्कृतिबाट उक्त दुवै क्षेत्र एकै सम्पर्क सूत्रमा बाँधिएको छ । अस्तु !

## पाद टिपोट

१. स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारी ।

२. स्थानीयवासीकाअनुसार घोडासन वा घोडासहन पहिले कर्णाटवंशी राजाहरूको घोडा राख्ने अस्तबल थियो ।

३. पछिल्लोकालका मल्लराजाहरू जगज्योतिर्मल्ल (भक्तपुर) ले वि.सं. १६८५ मा लेखिएको मुदितकुवलयाश्च नामक नाटकको हस्तलिखित ग्रन्थमा र प्रतापमल्ल (कान्तिपुर) ले हनुमानढोका दरबार अगाडिको कृष्ण मन्दिरको अभिलेखमा भगवान रामचन्द्रको सूर्यवंशमा नान्यदेव राजा भए र नान्यदेवदेखि आफ्नो वंशक्रम आरम्भ गरेका छन् अर्थात् आफूलाई कर्णाटवंशी नान्यदेवका सन्तान हौंभनी मानेका छन् ।- डि.आर. रेग्मी, मेडियभल नेपाल भाग ४, कलकत्ताः के.एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ.७४, ८६, ८७ र ११६ ।

४. धनवज्र वज्राचार्य र के.पी. मल्ल (सं.), दि गोपालराज वंशावली, काठमाडौंः नेपाल रिसर्च सेन्टर, ई.सं. १९८५, पत्र संख्या २९-३० ।

५. राजा निमिका पुत्र मिथिले स्थापना गरेको राज्य भएकोले यसलाई मिथिला भनिएको हो ।- मदन कुमार रिमाल, जनकपुरधामको पुरातात्त्विक महत्त्वका स्थल तथा वस्तीहरूः एक अध्ययन (अप्रकाशित एम.ए. थेसिस), वि.सं. २०४४, पृ.११ ।

६. माधव विदेहले स्थापना गरेको राज्य भएकोले यसलाई विदेह भनिएको हो । अर्को थरिको भनाईअनुसार राजा जनक ब्रम्हबादी भएकाले उनी देहलाई भन्दा आत्मालाई बढी महत्त्व दिन्थे । यसैले उनले विदेह भन्ने विशेषण पाए । उनीद्वारा पालित राज्य विदेह कहलायो ।- दिनेशचन्द्र रेग्मी, जनकपुर- परम्परा र इतिहास, मधुपर्क, अंक १२, वि.सं. २०४१, पृ.४६-४७ ।

७. तीन महान अवसरहरूमा यज्ञ भएको देश हुनाले यसले त्रि-हुत वा तिरहुत नाम पाएको हो भनिन्छ । ती तीन अवसरहरू थिए- सीताको जन्म, भगवान रामद्वारा शिवधनुष भाँचिएको समय र सीताको विवाह ।- ऐजन, पृ. ४८ ।

८. नेपाल उपत्यकाका ऐतिहासिक दस्तावेजहरूमा यस राज्यलाई डोयहरूको राज्य भनेर सम्बोधन गरिएको पाईन्छ । - वज्राचार्य र मल्ल, पा.टि.नं. ४, पत्र संख्या ४१ कः४, ६३ खः३ र ४ ।

९. अठारौं शताव्दीको मध्यतिर नेपाल भ्रमण गर्ने क्रिश्चियन पादरी क्याशियानोले भक्तपुरका मानिसहरूबाट यस ठाउँको नाम सिमानागढ भनी सुनेका थिए । (भाषिक भिन्नताका कारणले गर्दा उनले सिमरौनगढको सट्टा सिमानागढ सुनेको हुन सक्छ ।) -लुसियानो पेटेक, मेडियभल हिस्ट्री अफ नेपाल, रोमः इन्स्टिच्युटो इटालिनो..,ई.सं. १९८४, पृ. १३ ।

१०. (क) ऐजन, पृ. १११ ।

(ख) धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ(सं), पांचाली शासन पद्धतिको ऐतिहासिक विवेचना,काठमाडौंः नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., पृ. ११५-११७ ।

११. चन्द्रप्रसाद त्रिपाठी, तिरहुत राज्य र राजधानी सिम्रौनगढ, सिम्रौनगढ राष्ट्रिय सेमिनार (वि.सं. २०५४, मंसीर ४, ५, ६) मा प्रस्तुत कार्यपत्र, पृ. ६ ।

१२. डोय भन्नाले तल्लो जात बुझिन्छ । पूर्वमध्यकालमा तिरहुत क्षेत्रबाट नेपाल उपत्यकामा बारम्बार आक्रमण भइरहने हुनाले उपत्यकावासीले तिनलाई घृणा गरेर वा होच्याएर डोय भन्ने गरेका हुन् । गोपालराज वंशावलीका अनेक पत्रहरूमा डोय शव्दको उल्लेख पाईन्छ ।- वज्राचार्य र मल्ल, पा.टि.नं. ४, पत्र संख्या ४१ कः ४, ६३ खः ३ र ६३ खः ४ ।

१३. स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारीको आधारमा ।

१४. यसको क्षेत्र अहिले भारतको मुजफ्फपुर, दरभंगा, मधुबनी, चम्पारण, उत्तरी मुंगेरलगायत पूर्णिया जिल्लाका केही भूभागका अतिरिक्त नेपालतर्फका रौतहट, सर्लाही, महोत्तरी, सिरहा, सप्तरी र मोरंग जिल्लाका केही भूभाग पर्दछन् ।- आर. पि. शर्मा, मिथिलाका इतिहास, दरभंगाः ई.सं. १९५६, पृ. २ ।

१५. उपेन्द्र ठाकुर, मिथिलाक इतिहास, पटनाः मैथिली अकादमी, मिति अलिखित, पृ. १५६ ।

१६. देवीप्रसाद लंसाल(सं.), भाषा वंशावली भाग २, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ.२६ ।

१७. वज्राचार्य र मल्ल, पा.टि.नं. ४, पत्र संख्या ३३ कः १ ।

१८. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३०, पृ. १० ।

१९. वज्राचार्य र मल्ल, पा.टि.नं. ४, पत्र संख्या ३५ ।

२०. गोपालराज वंशावली, भाषा वंशावली लगायतका श्रोतसामग्रीमा यिनलाई हरसिंहदेव भनिएको छ ।

२१. वज्राचार्य र मल्ल, पा.टि.नं. ४, पत्र संख्या ४०, ४१, ४२, ४३ ।

२२. नेपाल परिचय, काठमाडौंः पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., वि.सं. २०३२, पृ. ७०-७३ ।

२३. धनवज्र वज्राचार्य, इतिहास शंशोधनको प्रमाण प्रमेय, पहिलो भाग, ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९, पृ. २२८ ।

२४. ऐजन ।

# पुनर्निर्मित सिद्धिलक्ष्मी



kglgdf{0fkl5sf] ;l4n Idl dlGb/



गौरीबहादुर कार्की

**वि.सं. १७२९ मा राजा जगतप्रकाश मल्लले बनाउन लगाएको सिद्धिलक्ष्मी मन्दिर भूकम्पले भत्किएको चार वर्षपछि पुनर्निर्माण भएको छ ।**

बेलायती खोजकर्ता इ.ए पावेलले आफ्नो पुस्तक 'द लास्ट होम अफ मिस्ट्री' मा वि.सं. १९८६ मै भनेका थिए, 'आधा विश्व भ्रमण गर्नुभन्दा नेपालको प्राचीन भादगाउँको दरबार परिसर जानु मूल्यवान् हुन्छ ।' यसबाट भक्तपुर दरबार परिसरको महत्त्व बोध हुन्छ ।

युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत सात नेपाली सम्पदामध्ये भक्तपुर दरबार क्षेत्र पनि एक हो । १२ र २९ वैशाख २०७२ मा गएको भूकम्पले यो क्षेत्रका धेरै मन्दिरमा क्षति पुऱ्यायो । त्यतिवेला क्षतिग्रस्त सिद्धिलक्ष्मी मन्दिरको पुनर्निर्माण भर्खरै सकिएको छ ।

भक्तपुर दरबार परिसरमा ढुङ्गाका ग्रन्थकुट अर्थात् शिखर शैलीका तीन मन्दिर छन् । तीमध्ये सिद्धिलक्ष्मी एक हो । यो मन्दिरका ढुङ्गामा बुट्टा कुँदिएका छन् । ढुङ्गैढुङ्गाको भएकाले यसलाई स्थानीय नेवारी भाषामा लोहँ देग अर्थात् ढुङ्गे मन्दिर भनिन्छ । यहाँका मल्लकालीन मूर्ति र कलाकारिताको विदेशी विद्वानले पनि प्रशंसा गरेका छन् ।

सिद्धिलक्ष्मीलाई सिद्धिवत्सला पनि भनिन्छ । वत्सला भनेकी देवी हुन् । लक्ष्मीलाई पनि महिषमर्दिनी देवीकै रूपमा मानिएको छ । नेपाल संवत् ७९२ अर्थात् वि.सं. १७२९ मा राजा जगतप्रकाश मल्लले यो मन्दिर बनाउन लगाएका हुन् । यसको गर्भगृहमा पूर्ण कलश र सुन्दर मूर्ति स्थापना गरिएको छ । दक्षिणाभिमुख यो मन्दिरको माथिल्लो बाह्य खण्डमा चारैतिर मातृका देवीहरूका सुन्दर र कलात्मक मूर्ति छन् ।

यो मन्दिर वि.सं. १८९०, १९६५, १९९० को महाभूकम्पबाट भने जोगिएको थियो । वि.सं. २०४५ र २०६८ को भूकम्पमा पनि खास क्षति भएन । वि.सं. २०७२ सालको भूकम्पमा पनि यो मन्दिर ढलेन तर चर्किएर ढल्कियो ।

मन्दिरमा जमीनको सतहमाथि पाँच तहको पेटी छ ।

पेटीलाई नेवारीमा फः भनिन्छ। धेरैजसो प्राचीन मन्दिरमा पेटीको तह बिजोर–एक, तीन वा पाँच तहको हुन्छ। न्यातपोल मन्दिरमा पनि पाँच तहकै पेटी छ। पेटीमा प्रायः भगवान वा मन्दिरका रक्षक राखिएका हुन्छन्। यो मन्दिरमा पनि खुट्किलामा रक्षक राखिएका छन्। पहिलो पेटीमा सिक्रीले कुकुर डोऱ्याएको महिला र पुरुष, दोस्रोमा घोडा, तेस्रोमा गैंडा, चौथोमा नरसिंह र पाँचौमा ऊँट छ। कुकुर पाल्ने चलन त्यतिवेला पनि रहेछ। हाम्रो धर्मशास्त्रमा कुकुरलाई भैरवको बाहन मानिन्छ। तिहारमा कुकुर पूजा गरिन्छ।

घोडालाई परापूर्वदेखि नै सवारी साधनको रूपमा प्रयोग गरेको देखिन्छ। गैंडालाई पनि पेटीको एक तहमा राखिएबाट जङ्गली जनावरप्रतिको प्रेम बुझ्न सकिन्छ। ऊँटलाई पेटीको माथिल्लो तहमा राखिएकाले मरुभूमिको जनावरबारे पनि त्यतिवेला ज्ञान रहेको देखिन्छ। फोटोग्राफी आविष्कार नै नभएको बेलामा तत्कालीन कलाकारले अरुले भनेको भरमा ऊँटको मूर्ति बनाएका रहेछन्। त्यतिवेलाको समाजमा पशु र मनुष्यको राम्रो मिलन यी प्रस्तर मूर्तिबाट देखिन आउँछ। मन्दिरको चौथो तलाको बाहिरी भागमा चारैतिर प्रस्तरकै उड्ने सिंह छन्। शिलु महादेव र नृत्य वत्सलामा पनि यस्तै सिंह थिए।



kglgd{f0fsf]cj:yfdf

बाहिरी स्वरूप प्रष्ट देखिएको मन्दिरलाई भत्काएर बनाइएकोले पुनर्निर्माण धेरै सजिलो भयो। मन्दिरको पूर्व र दक्षिणतिर तवः सत्तल छ। सत्तलको दक्षिण पश्चिमको केही भाग भत्किएको थियो।

अहिले पुनर्निर्माण सकिने अवस्थामा पुगेको छ। भक्तपुरका वि.सं. १८९० र १९९० का भूकम्पमा भत्केका मन्दिर पनि पुनर्निर्माण गर्न बाँकी छन्। अब ती मन्दिर पनि पुनर्निर्माण र जीर्णोद्धारमा पुरातत्त्व विभाग तथा भक्तपुर नगरपालिकाले पहल गरे हाम्रा सम्पदा ठडिरहने मौका पाउने थिए।

*(साप्ताहिक खबरपत्रिका हिमाल ८–१४ भदौ २०७६ बाट)*



l;l4nIdLsf]dlGb/ M @)&@ ;fnsf]e'sDk cufl8





!(() ;fnsf]e'sDk cufl8





@)&@ ;fnsf]e'sDk kl5




# ख्वप इन्जिनियरिङ:एक अब्वल अभ्यास, छुँदैन बन्द हड्तालले

## अधिकतम साढे ६ लाखदेखि पौने सात लाख रूपैयाँमा इन्जिनियरिङ

प्रशंग २०५४ सालतिरको हो । स्थानीय तहको चुनाव हुने पक्कापक्की भएपछि मुलुकमा एकाएक राजनीतिक सरगर्मी सुरु भयो । मूलधारको राजनीतिमा क्रियाशिल सबैजसो राजनीतिक दलहरू चुनावी घोषणा पत्र निर्माणमा व्यस्त थिए ।

घोषणा पत्र बनाउने क्रममा सबैभन्दा सक्रिय थिए राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने दलहरू । र, यस्तै चटारोमा थियो नेपाल मजदुर किसान पार्टी पनि ।

चुनावी घोषणा पत्रमा धेरैजसो दलको प्राथमिकता उस्तैजस्तो देखिन्थ्यो । उही सडक, पुल, धारा निर्माणदेखि रोजगारीको सिर्जना गर्नेसम्म ।

यी घोषणा चुनाव हार्ने दलले नतिजा आएको भोलिपल्टै बिर्सन्थे भने जितेकाले भाषण गर्दा घोषणा पत्रका कुराहरू दोहोऱ्याइरहन्थे । भाषणमा जति फलाके पनि उनीहरूको कार्यान्वयन पक्ष भने निकै कमजोर हुने गर्थ्यो ।

तर घोषणा पत्र बनाउँदै गर्दा विशेषतः भक्तपुर जिल्लामै बढी क्रियाशील नेपाल मजदुर किसान पार्टीले भने अन्य दलले भन्दा फरक पाटोलाई समायो, 'आफूले चुनाव जितेको खण्डमा आफ्नै व्यवस्थापनमा नगरपालिकाभित्र शैक्षिक संस्था सञ्चालन गर्ने र गरिब तथा जेहेन्दार जनताका छोराछोरीलाइ सस्तो शुल्कमा स्तरीय शिक्षा दिने ।'

***भक्तपुर जिल्ला भित्र रहेको र नगरपालिकाले नै चलाएको हुनाले यी शैक्षिक संस्थामा नगरपालिका र जिल्लाका वासिन्दालाई विशेष आरक्षणको व्यवस्था गरिएको छ । जसअनुसार हरेक शैक्षिक संस्थामा कुल भर्ना क्षमताको ३० प्रतिशत सिट भक्तपुर नगरपालिकाका नागरिकलाई छुट्याइएको छ ।***

यही घोषणापत्र लिएर उक्त पार्टी भक्तपुर नगरपालिकाको चुनावमा होमियो । प्रतिपक्षी दललाई भारी मत अन्तरले हराउँदै नगरपालिकाको मेयरमा निर्वाचित भए, प्रेम सुवाल । चुनावअघि गरेका वाचाअनुसार भक्तपुर नगरपालिकाले मुलुकमै पहिलो पटक स्थानीय तहको व्यवस्थापन

हुनेगरी २०५६ सालमा ख्वप सेकेण्डरी स्कुलको नामबाट शैक्षिक संस्था सञ्चालन सुरु गर्‍यो ।

त्यसपछि २०५८ सालमा नगरपालिकाकै व्यवस्थापनमा ख्वप इन्जिनियरिङ कलेजको नामबाट अर्को शैक्षिक संस्था खुल्यो । यो कलेजले पहिलो चरणमा पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा इन्जिनियरिङका विभिन्न विधाका पढाइहरू सञ्चालन गर्न थाल्यो ।

यी कामले एकातर्फ नेपाल मजदुर किसान पार्टीले चुनावी घोषणा पत्रमा उल्लेख गरेका वाचा पुरा गरेको ठहरियो भने अर्कोतर्फ स्थानीय तहले पनि शैक्षिक संस्थालाई आफ्नै व्यवस्थापनमा सञ्चालन गर्न सक्छ भन्ने उदाहरण नगरपालिकाले पस्क्यो । इन्जिनियरिङ कलेजले अहिले पूर्वाञ्चल विश्वविद्यालयसँगको सम्बन्धनमा सिभिल, आर्किटेक्चर र कम्प्युटर इन्जिनियरिङको पढाई सञ्चालन गरिरहेको छ ।

## नगरपालिकाको शैक्षिक यात्रा र सफलता

भक्तपुर नगरपालिकाकै व्यवस्थापनमा २०६० सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीईभीटी) को सम्बन्धनमा ख्वप पोलिटेक्निकल इन्स्टिच्युटको स्थापना भयो । यसपछि पनि शैक्षिक संस्था खुल्ने क्रम रोकिएन । २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङको नामबाट अर्को पनि इन्जिनियरिङ कलेज सञ्चालनमा आयो ।

यो कलेजले भने त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा इन्जिनिरिङकै सिभिल, इलेक्ट्रिकल र कम्प्युटर इन्जिनियरिङको पढाई सञ्चालन गरिरहेको छ ।

***सामान्यतया निजी कलेजमा इन्जिनियरिङको जुनसुकै विधा पढ्दा न्युनतम नौ लाखदेखि एघार लाख रूपैयाँ शुल्क कलेजलाई बुझाउनुपर्छ । तर यस कलेजमा पढ्नेले अधिकतम साढे ६ लाखदेखि पौने सात लाख रूपैयाँमा सबै विधाको पढाई सम्पन्न गर्छन् ।***

सस्तो शुल्कमा स्तरीय शिक्षा दिने पवित्र उद्देश्य राखेर स्थापित यी संस्थाले अहिले नागरिकलाई शिक्षा मात्र दिइरहेका छैनन्, मुलुककै लागि एक अग्रणी र उदाहरणीय शैक्षिक संस्थाको रूपमा आफ्नो पहिचान पनि बनाउन सफल भएका छन् ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इन्जिनियर सुनिल दुवाल भन्छन्, 'सस्तो शुल्क, उत्कृष्ट नतिजा, सन्तुष्ट विद्यार्थी, अभिभावक, शिक्षक र कर्मचारी नै हाम्रो शैक्षिक यात्रामा सफलताका सुत्रधार हुन् । हामी अब्बल छौँ भन्ने प्रमाण उहाँहरूको सन्तुष्टि नै हो ।'

दुवालले भनेजस्तै ख्वप कलेज इन्जिनियरिङ अध्ययन संस्थान (आइओई) अन्तर्गत सञ्चालित कलेजहरूमध्ये नतिजाको हिसावले पुल्चोक क्याम्पसपछि दोस्रो स्थानमा छ । पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित अर्को कलेज पनि हरेक वर्ष नतिजाको हिसावले प्रथम स्थानमै पर्ने गरेको छ ।

दुवाल भन्छन्, 'नतिजामा कुनै वर्ष अन्य कलेजको तुलनामा एक दुई स्थान तल माथि पर्ला । तर उत्कृष्ट दश भन्दा तल कहिल्यै जानु परेको छैन ।' पढाइ पनि उत्कृष्ट छ ।

## ज्ञान विज्ञानको केन्द्र बन्ने लक्ष्य

**सुनिल दुवाल-प्रिन्सिपल, ख्वप कलेज अफ इन्जिनियरिङ**



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सात वटा शैक्षिक संस्थाहरू मध्ये एक ख्वप कलेज अफ इन्जिनियरिङले स्नातक तहका सिभिल, इलेक्ट्रिकल र कम्प्युटर इन्जिनियरिङका कक्षाहरू सञ्चालन गर्दै आइरहेको छ । कम शुल्कमा गुणस्तरीय शिक्षा दिने र भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने लक्ष्यमा सहयोग गर्ने उद्देश्यका साथ सञ्चालित हाम्रो कलेजमा हाल ६३ जिल्लाबाट जम्मा ६ सय ५६ जना विद्यार्थी अध्ययनरत छन् भने सिभिल इन्जिनियरिङमा ५ सय ७१ र इलेक्ट्रिकल इन्जिनियरिङमा २७९ जना गरी जम्मा ८ सय ५० जनाले इन्जिनियरिङ पास गरिसकेका छन् । यस कलेजले त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानअन्तर्गतका कलेजहरूमा पुल्चोक क्याम्पस पछिको उत्कृष्ट नतिजा हासिल गर्दै आएको छ । २१ औं शताब्दीका चुनौतीहरू सामना गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले सञ्चालित यो कलेजमा हालसम्म धनकुटा र मनाङ जिल्लाबाहेक देशभरका विद्यार्थीहरूले अध्ययन गरिसकेका छन् । भक्तपुर नगरपालिकाले विकास गरेको लिवाली आवास योजनामा अवस्थित यो कलेजले इन्जिनियरिङ विद्यार्थीहरूका लागि यथेष्ट पुर्वाधार भएको मौलिक शैलीका आकर्षक भवनहरूमा शान्त र रमणीयवातावरण प्रदान गरेको छ ।

*नागरिक दैनिक-२०७६ भदौ १५ गते*

मुलुकभरको नतिजासँग तुलना गर्दा उत्कृष्ट दशभित्र सधैं पर्ने गरेको छ ।

## मुलुककै नमूना

सफलताको कथा इन्जिनियरिङ कलेजमा मात्र सिमित छैन । भक्तपुर नगरपालिकाले सञ्चालन गरेका अन्य शैक्षिक संस्थाको प्रगति पनि यस्तै लोभलाग्दो छ । यस नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजबाहेक आफ्नै व्यवस्थापनमा ख्वप कलेज, शारदा क्याम्पस, ख्वप पोलिटेक्निकल इन्स्टिच्युट तथा ख्वप माध्यमिक विद्यालय पनि सञ्चालन गरिरहेको छ ।

***राजधानीका अधिकांश शैक्षिक संस्थाहरूमा बन्द र हड्तालको हल्ला आयो भने पनि पढाई ठप्प हुन्छ । कतिपय स्कुल क्याम्पस प्रशासनले त आफैं सूचना निकालेरै विद्यार्थीलाई पढाई बन्द हुने जानकारी गराउँछन् । तर भक्तपुर नगरपालिकाले व्यवस्थापन गरेका यी शैक्षिक संस्थामा बन्द र हड्तालको असर कहिल्यै पर्दैन ।***

यीमध्ये ख्वप कलेजमा उच्च तहको हरेक विधाको पढाई हुन्छ । शारदा क्याम्पसमा शिक्षा शास्त्र सङ्कायको मात्र पढाई हुन्छ भने ख्वप माध्यमिक विद्यालयमा कक्षा एघार र बाह्रमा विज्ञान, व्यवस्थापन, मानविकी र कानुन विषयको पढाई हुन्छ । त्यसबाहेक पोलिटेक्निकल कलेजमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीईभीटी) को सम्बन्धनमा नर्सिङ र डिप्लोमा इन सिभिल इन्जिनियरिङको पढाई भइरहेको छ ।

स्थानीय तहबाट सञ्चालित भएर स्तरीय नतिजा, उत्कृष्ट व्यवस्थापन लगायतका कारण यी संस्था मुलुकका अन्य स्थानीय सरकारका लागिसमेत नमूना सावित भएका छन् ।

नगरपालिकाको व्यवस्थापनमा सबै संस्थामा ७ हजार भन्दा धेरै विद्यार्थी अध्ययनरत छन् । इन्जिनियरिङ विधामा मात्र दुई हजारको हाराहारीमा विद्यार्थीले पढिरहेका छन् । यहाँबाट उत्पादित इन्जिनियरको रोजगारी दर ९५ प्रतिशत भन्दा बढी रहेको नगरपालिकाको दाबी छ । हरेक शैक्षिक संस्थाको व्यवस्थापन समितिका अध्यक्ष नगरपालिकाका मेयर हुन्छन् ।

***नाफारहित उद्देश्यले खोलिएका कारण संस्थामा विद्यार्थीबाट जति पैसा उठ्छ, त्यो सबै शिक्षक-कर्मचारीको तलब र कलेजको भौतिक संरचना, प्रयोगशाला, पुस्तकालय निर्माणमै खर्च हुन्छ ।***

अन्य नगरपालिका तथा गाउँपालिकाका मेयर तथा अध्यक्षहरू अहिले यी शैक्षिक संस्थाका सफलताका कथाहरू सुन्न

# महत्त्वपूर्ण विषयमा उत्कृष्ट नतिजा

**सुजन माक-कलेज प्रमुख,ख्वप इन्जिनियरिङ कलेज**



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज ऐतिहासिक भक्तपुर नगरको लिवालीमा अवस्थित छ । कम शुल्कमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको यस कलेज पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित छ ।

देश र जनतामा समर्पित दक्ष इन्जिनियरिङ/आर्किटेक्ट तयार गर्ने लक्ष्यसहित यस कलेजमा आर्किटेक्चर तथा सिभिल, कम्प्युटर र इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियरिङगरी चारवटा स्नातक तहका कार्यक्रम सञ्चालित छन् । 'भूकम्प इन्जिनियरिङ' र 'सहरी योजना तथा संरक्षण' जस्ता महत्त्वपूर्ण विषयमा स्नातकोत्तर तहको अध्यापन गराउने नेपालकै पहिलो यस कलेजले पूर्वाञ्चल विश्वविद्यालयले सञ्चालन गर्ने परीक्षामा निरन्तर उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएको छ ।

स्थानीय मौलिक स्वरूपमा निर्माण गरिएका आकर्षक भवनहरूमा सञ्चालित हाम्रो कलेजमा आवश्यक भौतिक पूर्वाधार, अत्याधुनिक प्रयोगशाला, पुग्दो सामग्रीसहितको पुस्तकालय, खेलकुदको बन्दोबस्त छ ।

५३ जना अनुभवी पूर्णकालीन प्राध्यापक, ४९ जना आंशिक शिक्षक र ४४ जना पूर्णकालीन कर्मचारीहरू कार्यरत छन् । हाम्रो कलेजमा देशभरिका विद्यार्थीले अध्ययन गर्ने अवसर पाइसकेका छन् । कलेजबाट एक हजार सात सय ३४ जना विद्यार्थीले स्नातक तह र एक सय ८४ जना विद्यार्थीले स्नातकोत्तर तह उत्तीर्ण गरिसकेका छन् ।

कलेजमा हाल ६८ जिल्लाका करिब नौ सय ५० जना विद्यार्थीहरू अध्ययनरत छन् । हामी कहाँ शैक्षिक सत्र २०७६/०७७ भर्नाका लागि देशभरिका एक हजार ५० विद्यार्थीले आवेदन दिएका छन् ।

*नागरिक दैनिक-२०७६ भदौ १५ गत*

र हेर्न आउने गरेका छन् ।

प्राचार्य दुवालकाअनुसार स्थानीय तहको चुनावपछि अवलोकन भ्रमणमा आउनेको सङ्ख्यामा वृद्धि भएको छ । एक वर्षको अवधिमा दुई दर्जनभन्दा बढी नगरपालिका र गाउँपालिकाका मेयर तथा अध्यक्षले नगरपालिकाको अवलोकन गरिसकेका छन् । अवलोकनमा आउनेहरूको एउटा मात्र उद्देश्य हुन्छ, आफ्नूहरूको क्षेत्रमा पनि यस्तै नविन काम गर्न सकिन्छ कि भन्ने । भ्रमणमा आएकामध्ये सबैजसो शैक्षिक क्षेत्रमा नगरपालिकाले गरेको प्रगतिबाट अचम्म मान्दै फर्कने गरेका छन् ।

पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक भन्छन्, 'भ्रमणमा आउनेमध्ये हाम्रो प्रगतिबाट नलोभिने कोही पनि भेटिंदैन ।'

प्रेम सुवालपछि अहिले सुनिल प्रजापति नगरपालिकाका मेयर छन् । सुनिलले पनि नेमकिपाबाटै चुनाव जितेका हुन् । मेयरमा निर्वाचित हुनुअघि पनि प्रजापति सबै शैक्षिक संस्था व्यवस्थापन समितिका उपाध्यक्ष थिए ।

## कसरी बन्यो अब्बल ?

सामान्यतया निजी कलेजमा इजिनियरिङको जुनसुकै विधा पढ्दा न्युनतम नौ लाखदेखि एघार लाख रूपैयाँ शुल्क कलेजलाई बुझाउनुपर्छ । तर यस कलेजमा पढ्नेले अधिकतम साढे ६ लाखदेखि पौने सात लाख रूपैयाँमा सबै विधाको पढाई सम्पन्न गर्छन् । यस हिसाबले यो संस्थाको हरेक विषयमा विद्यार्थी आकर्षण अत्यन्त उच्च छ ।

नाफरहित उद्देश्यले खोलिएका कारण संस्थामा विद्यार्थीबाट जति पैसा उठ्छ, त्यो सबै शिक्षक-कर्मचारीको तलब र कलेजको भौतिक संरचना, प्रयोगशाला, पुस्तकालय निर्माणमै खर्च हुन्छ । शैक्षिक गतिविधिमै धेरै पैसा खर्च हुने भएपछि विद्यार्थीलाई प्रयोगशालादेखि पुस्तकालयमा समेत कुनै सामग्रीको अभाव हुँदैन । ख्वपका विद्यार्थीबाट उत्कृष्ट नतिजा आउनुको मुख्य कारण यो पनि हो ।

त्यससँगै शिक्षकहरूको लगनशिलता र मिहिनेत अर्को महत्त्वपूर्ण पक्ष भएको माक बताउँछन् । यहाँ काम गर्ने सबै शिक्षक पूर्णकालीन छन् । उनीहरू अन्य निजी कलेजमा जस्तो एक ठाउँमा एक पिरियड पढाएर अर्को कलेजमा दौड्नुपर्ने बाध्यतामा छैनन् । उनीहरूलाई योग्यताअनुसारको सुविधा दिइएको छ । बिहानदेखि बेलुकासम्म उनीहरू कलेजमै बिताउँछन् । फुर्सदको समयमा पनि कलेजको स्तरोन्नतिको विषयमा छलफल गर्छन् ।

हरेक शिक्षक र कर्मचारी कलेज आफ्नै हो भन्ने भावनाबाट प्रेरित छन् । जुन भावनाले अहिले संस्था र व्यक्ति दुवैलाई लाभान्वित तुल्याएको छ । नगरपालिकाका मेयर व्यवस्थापन समितिका अध्यक्ष भएपनि उनले यी शैक्षिक संस्थाबाट कुनै पनि सुविधा लिदैनन् । संस्थामा उनको विशेष रेखदेख हुन्छ ।

विद्यार्थीलाई पढाई सकेपछि रोजगारीमा जान सहज होस् भनेर छुट्टै परामर्श सेवा दिइन्छ । कलेजले जापान, चीन, अमेरिका, इटालीलगायतका मुलुकका विश्वविद्यालयसँग सहकार्य गरेर शैक्षिक आदान-प्रदान गरिरहेको छ । साथै, विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै संलग्न गराइन्छ ।

## छुँदैन बन्द हड्तालले

राजधानीका अधिकांश शैक्षिक संस्थाहरूमा बन्द र हड्तालको हल्ला आयो भने पनि पढाई ठप्प हुन्छ । कतिपय स्कुल क्याम्पस प्रशासनले त आफै सूचना निकालेरै विद्यार्थीलाई पढाई बन्द हुने जानकारी गराउँछन् । तर भक्तपुर नगरपालिकाले व्यवस्थापना गरेका यी शैक्षिक संस्थामा बन्द र हड्तालको असर कहिल्यै पर्दैन ।

सरकारले नै घोषणा गरेका सार्वजनिक विदाबाहेक यहाँ कुनै पनि प्रकारको कार्यक्रमले पढाईलाई प्रभावित पार्दैन । कतिपय अवस्थामा सार्वजनिक विदाका दिन पनि पढाई हुने गरेको छ । जसको सकारात्मक प्रभाव विद्यार्थीको वार्षिक परीक्षाको नतिजामा देखिएको छ ।

## भक्तपुरेलाई विशेष आरक्षण

भक्तपुर जिल्ला भित्र रहेको र नगरपालिकाले नै चलाएको हुनाले यी शैक्षिक संस्थामा नगरपालिका र जिल्लाका वासिन्दालाई विशेष आरक्षणको व्यवस्था गरिएको छ । जसअनुसार हरेक शैक्षिक संस्थामा कुल भर्ना क्षमताको ३० प्रतिशत सिट भक्तपुर नगरपालिकाका नागरिकलाई छुट्टयाइएको छ ।

त्यसबाहेक भक्तपुर जिल्लावासीलाइ २५ प्रतिशत सिट आरक्षण गरिएको छ । दुर्गम भेगका नागरिकलाई ५ प्रतिशत सिट उपलब्ध गराइन्छ भने बाँकी ४० प्रतिशत सिटमा भने खुल्ला प्रतिस्पर्धाको आधारमा भर्ना गरिन्छ । खुल्ला प्रतिस्पर्धामा भर्ना भएकामध्ये यहाँका शैक्षिक संस्थामा ७६ जिल्लाका विद्यार्थीले पढिसकेका छन् ।

'ख्वप इन्जिनियरिङ कलेजमा ७६ जिल्लाका विद्यार्थी छन् । अर्कोमा मनाङ र धनकुटा जिल्लाबाहेकका विद्यार्थी पढ्छन् । हरेक वर्ष केही जिल्ला थपघट भइरहन्छ' प्राचार्य दुवाल भन्छन्, 'अहिले ६५ जिल्लाका विद्यार्थी पढिरहेका छन् ।'

*'इन्जिनियर्स नेपाल' मासिक पत्रिका, भदौ २०, २०७६*



# जनस्वास्थ्य केन्द्रप्रति जनताको अपनत्वका कारण सेवाग्राही बढेको छ

**◆ जनस्वास्थ्यमा डेंगु प्रभावित बिरामीहरूको चाप कस्तो छ ?**

डेंगुको सङ्क्रमण भक्तपुरमा देखिनथालेसँगै जनस्वास्थ्य केन्द्रमा अति व्यस्तता बढेको छ । डेंगुको समस्या आउनुअघि जनस्वास्थ्य केन्द्रमा दैनिक ३ सयदेखि ३ सय ५० जना बिरामी उपचारको लागि आउने गर्थे । अहिले दैनिक ४ सय ५० देखि ५ सयको हाराहारीमा बिरामीको उपचार भइरहेको छ ।

**◆ डेंगुबाट बच्न के गर्नुपर्ला ? डेंगुबाट सङ्क्रमित भएका बिरामीहरूले विशेष केमा ध्यान दिनुपर्छ ?**



8f=/Tg;Gb/ nfl;jf

डेंगु रोगबाट बच्ने सबैभन्दा राम्रो उपाय डेंगु फैलाउने लामखुट्टेको वृद्धि र विकास रोक्नु हो । त्यसको निम्ति डेंगु रोग फैलाउने लामखुट्टेको वृद्धि विकास हुने ठाउँको खोजी कार्य व्यापकरूपमा अगाडि बढाउनुपर्छ र तिनलाई नष्ट गर्नुपर्छ । सङ्क्रमित लामखुट्टेको टोकाइबाट बच्न शरीरको सबैजसो भाग छोपिने लुगा लगाउनुपर्छ । नछोपिने भागमा लामखुट्टे भगाउने क्रिम वा औषधि लगाउनुपर्छ ।

डेंगुबाट सङ्क्रमित भएका बिरामीहरूले झोल पदार्थको सेवन बढाउनुपर्छ । आफूखुसी औषधि प्रयोग नगरी स्वास्थ्यकर्मीको सल्लाहमा औषधि सेवन गर्नुपर्छ । धेरै आत्तिनु हुन्न र आराम गर्नुपर्छ । केही गरी समस्या जटिल बन्दै भएको अनुभव भएमा वा हेरविचार गर्नेले थाहा पाएमा तुरुन्त स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ ।

**◆ डेंगुको प्रकोप आउनुअघि जनस्वास्थ्यमा आउने बिरामीको सङ्ख्या बढ्दो छ । बिरामीको लाइन लामो देखिन्छ । व्यवस्थापन कसरी गर्नुभएको छ ?**

जनस्वास्थ्य सेवा केन्द्रमा आउने बिरामीहरूको लामो लाइन व्यवस्थापनको लागि केही प्रयास भएको छ । हुल घटाउन औषधि पसल अन्यत्र सारिएको छ भने टिकट बुकिङ व्यवस्था गर्ने विषयमा सल्लाह भएको छ ।

**◆ जनस्वास्थ्यमा बिरामी सङ्ख्या बढ्नुको कारण के होला ? अहिलेकै जनशक्ति, मेसिनरी सामान-**

**सुविधाहरू र भौतिक पूर्वाधार पर्याप्त छन् र ?**

जनस्वास्थ्यमा बिरामी सङ्ख्या बढ्नुका केही कारणहरूमध्ये पहिलो बिरामीले जनस्वास्थ्यमा अपनत्व महसुस गर्नु हो । यहाँ आउने बिरामी जनस्वास्थ्य सेवा केन्द्र हाम्रा लागि हामीले नै चुनेका जनप्रतिनिधिको रेखदेखमा सञ्चालनमा भएकोले राम्रो गर्छन् भन्ने उनीहरूको विश्वास छ ।

दोस्रो कारण, स्वास्थ्य केन्द्र सञ्चालन दुवै समय काम गरी खाने जनताको लागि सुविधाजनक देखिएको छ । अर्को कारण भनेको जनस्वास्थ्य केन्द्रका सेवा अन्यत्रभन्दा केही सस्तो पनि भएकोले हो कि भन्ने हाम्रो बुझाइ छ ।

**◆ जनशक्ति, मेसिनरी सामान-सुविधाहरू र भौतिक पूर्वाधार थप्न केही पहल गरिरहनु भएको छ कि ?**

जनशक्ति तथा मेसिनरी सामानहरू केही थप गरिसकेका छौं भने अरु पनि थप्ने क्रममा छ ।

भौतिक पूर्वाधारको हिसाबले अहिले अलि समस्या नै देखिए पनि अब एक दुई महिनापछि ती समस्या समाधान हुने कुरा यहाँमार्फत जनतामाझ पुऱ्याउन चाहन्छु ।

**◆ विशेषज्ञ डाक्टरहरूले जाँच्ने बिरामी सङ्ख्या कति छन् ? बिरामी सङ्ख्या निश्चित गरिंदा कति बिरामीहरू उपचार नपाई फर्किनुपरेको गुनासो छ नि !**

विशेषज्ञ चिकित्सकहरूले सामान्यतः एक घण्टामा दस जना बिरामीको हिसाबले जाँच गर्दा गुणस्तर कायम रहन्छ भन्ने हाम्रो मान्यता हो र सोहीअनुरूप उहाँहरूले बिरामी जाँच गरिरहनुभएको छ ।

**◆ स्वास्थ्य बीमाको कारण पनि बिरामी सङ्ख्या बढेको हो कि ?**

पक्कै पनि जनस्वास्थ्यमा बिरामी सङ्ख्या बढ्नुमा स्वास्थ्य बीमा कार्यक्रमको ठूलो भूमिका छ । तर, महत्त्वपूर्ण कुरा बिरामीले जनस्वास्थ्य सेवा केन्द्रमा अपनत्व महसुस गरेका कारण स्वास्थ्य बीमामा पहिलो बिन्दु जनस्वास्थ्य सेवा केन्द्रलाई नै बनाएको देखिन्छ ।

**◆ डाक्टरहरूले बीमाअन्तर्गत पाइने औषधिभन्दा फरक औषधि सिफारिस गर्ने गरेको र डाक्टरहरूले औषधि कम्पनीका प्रतिनिधि (एमआर) को सल्लाहमा औषधि लेख्ने गरेको सुनिन्छ । त्यस्तो हो र ?**

चिकित्सकहरूले बीमाअन्तर्गत पाइने औषधिका साथै अन्य औषधि पनि सिफारिस गरेका हुन्छन् । त्यो बिरामीको रोग र आवश्यकताअनुसार हुन्छ । अधिकांश लेखिएका औषधि बीमाअन्तर्गतकै हुन्छन् । तर, बीमा सुचीअन्तर्गत नपरेका औषधि बिरामीले किन्नुपर्छ । सेवाको हकमा कुनै सेवा खरिद गर्नुपर्ने हुन्छ । जस्तै दाँत, आँखा तथा छाला रोगसम्बन्धी सेवा धेरैजसो बीमामा नपर्ने पनि छन् ।

चिकित्सकहरूले औषधि व्यवसायीका प्रतिनिधि (मेडिकल रिप्रिजेन्टेटिभ) को सल्लाहमा औषधि लेख्नुपर्छ भन्ने हुन्न । उनीहरूको काम आफ्नो कम्पनीको औषधि राम्रो र गुणस्तरीय छन् भनी प्रचारप्रसार गर्नु हो । तर, राम्रा औषधि लेख्ने स्वविवेक प्रयोग गर्ने काम चिकित्सक तथा स्वास्थ्यकर्मीको हो ।


**◆ कुन र कस्तो बिरामीले बीमाअन्तर्गत कुन कुन औषधि पाउँछन् ?**

औषधिहरू हजारौं हजार थरीका हुन्छन् । तीमध्ये नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमले ११२३ थरी औषधि तथा सेवा बीमाअन्तर्गत उपलब्ध गराएको छ । तीमध्ये कुनै पनि स्वास्थ्य संस्थामा सञ्चालनमा रहेका सेवा सुविधाको आधारमा ती औषधि तथा सेवा प्रवाह हुन्छन् । सर्वसाधारण सबैको सहजताको लागि हामीले ती सेवा तथा सुविधाहरू हाम्रो औषधि पसलमा सूचना टाँस गर्ने तयारी गरेका छौं ।

**◆ स्वास्थ्य बीमाकर्ताहरूले जनस्वास्थ्यमा समन्वय गर्छन् कि गर्दैनन् ?**

स्वास्थ्य बीमाकर्ताहरूले जनस्वास्थ्यसँग गर्ने सहकार्यमा केही शिथिलता आएको महसुस भएको छ । त्यसको लागि समन्वय गराउन हामीले स्वास्थ्य बीमा कार्यालय भक्तपुरलाई अनुरोध गरेका छौं ।

*(भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रका प्रमुख डा.लासिवासँगको अन्तर्वार्ता, अनलाइन मजदुर, ९ असोज २०७६ बाट)*




(बसिबियाँलो (पृष्ठ ५७) को उत्तर -३९

# राजधानीका सम्पदा हेर्दा विदेशी मेयर भए मोहित, भने–यहाँ आउन पाउँदा निकै खुसी लाग्यो

काठमाडौं । इन्द्रजात्रा पर्व अवलोकनका लागि काठमाडौं महानगरपालिकाको निमन्त्रणामा नेपाल आएका विदेशी पाहुनाहरूले चन्द्रागिरी, स्वयम्भू, पाटन र भक्तपुरको भ्रमण गरेका छन् ।

विदेशी पाहुनालाई शुक्रबार (भाद्र २७ गते) काठमाडौंको पुरानो भित्री शहरका विभिन्न स्थानहरूको अवलोकन भ्रमण गराएको महानगरपालिकाले शनिबार चन्द्रागिरी र स्वयम्भू तथा आइतबार पाटन र भक्तपुरको अवलोकन भ्रमण गराइएको छ । नेपालको भ्रमणमा रहेका विदेशी पाहुनाहरूले नेपाल भ्रमणबाट निकै उत्साहित भएको प्रतिक्रिया दिएका छन् ।

चीनको लाञ्जाउ कमिटी अफ द सिपिपिसिसिका उपाध्यक्ष ज्याङ् सिओहाङले नेपाल भ्रमणबाट उत्साहित भएको प्रतिक्रिया दिइन् । 'नेपाल कला, संस्कृति र सम्पदाको धनी देश रहेछ' उनले भनिन्, 'म नेपाल भ्रमणबाट निकै उत्साहित छु । काठमाडौं बसाइ धेरै रमाइलो भयो । इन्द्रजात्रामा नेपाली जनताको उत्साह र नेपाली जनताको सम्पदाप्रतिको सम्मान देखेर म थप प्रभावित भएँ ।'

उपाध्यक्ष ज्याङ् सिओहाङले आफूले यहाँको सस्कृति सम्पदाका बारेमा पहिला पनि सुनेको र यहाँ आउँदा थप प्रभावित भएको बताइन् । उनले पर्यटन वर्ष २०२० लाई लक्षित गरेर काठमाडौं महानगरपालिकाले इन्द्रजात्राको अवसर पारेर विदेशी पाहुना बोलाएर राम्रो गरेको पनि उल्लेख गरिन् । उनले नेपालीले गरेको सम्मानबाट प्रभावित भएको समेत बताइन् ।

त्यसैगरी भारतको नर्थ दिल्ली नगरपालिकाका मेयर सरदार अवतार सिंहले नेपालको प्रकृति र सम्पदाबाट प्रभावित भएको भन्दै आफ्नो देश र नगरका जनतालाई पनि यसबारेमा जानकारी दिने बताए । उनले विज्ञान सङ्ग्राहलयको अवलोकनपछि थप प्रभावित भएको भन्दै नेपाल भ्रमण वर्ष २०२० को सफलताको कामना व्यक्त गरे ।

त्यसैगरी भूटानको थिम्पु नगरका मेयर किन्ले दोर्जीले सम्पदाको संरक्षण गर्ने र विकासको गतीमा अघि बढेको देशका जनता खुशी हुने भन्दै नेपाली जनताको मुहारमा खुशी देखेको बताए ।

आफू पनि बौद्धमार्गी भएकाले नेपालको संस्कृतिबाट थप प्रभावित भएको बताए । मेयर किन्ले दोर्जीले काठमाडौंका पुराना बौद्ध बहाःबहीहरूमा पुग्दा आफूमा आध्यात्मिक भावना उत्पन्न भएको प्रतिक्रिया दिए ।

उनले भने, 'म आफू पनि बौद्धमार्गी भएकाले होला, ती बहालहरूमा पुग्दा मलाई अत्यन्तै आत्मिक महसुस भयो ।'

काठमाडौं महानगरपालिका मेयर शाक्यले विदेशी पाहुनलाई बोलाएर नेपालको संस्कृति, संम्पदा र परम्पराका बारेमा जानकारी गराउन पाउँदा खुशी लागेको प्रतिक्रिया दिए ।

'हामीले विदेशी पाहुनालाई यहाँ बोलाउनुको प्रमुख उद्देश्य भनेको यहाँको पर्यटन क्षेत्रलाई उद्योगका रूपमा विकास गराउनु हो' उनले भने, 'त्योसँगै इन्द्रजात्रालाई हामीले विश्वसामु



eQmk/ sf7df8f}sf k|Vx¿ ;lxt ljb]zL kfxgfx¿ kF=tn]dlGb/df

चिनाउनका लागि पनि यसरी विदेशी पाहुनालाई बोलाएका हौं ।'

उनले काठमाडौंमा हेर्न लाएकका सम्पदा धेरै छन् भन्ने सन्देश दिनका लागि पनि विदेशी पाहुनालाई बोलाएको जानकारी दिए । 'हामी पर्यटन प्रर्वद्धनसँगै यहाँको सम्पदा चिनाउन चाहन्छौं । त्यसैको प्रयास पनि हो, यो ।'

आइतबार भक्तपुरको दरबार स्क्वायर, दतात्रय, तौमढी स्क्वायरको पनि भ्रमण गरेका छन् ।

भ्रमणका क्रममा भक्तपुरको मेयर सुनिल प्रजापतिले उक्त क्षेत्र पर्यटकको लागि निकै नै राम्रो भएको बताए । उक्त क्षेत्रमा विभिन्न देशका पर्यटकहरूको निकै आकर्षण रहेको उनको भनाइ छ ।

मेयर प्रजापतिले २०७२ सालको भूकम्पले भक्तपुरका ११५ वटा सम्पदामा क्षति पुऱ्याएको र अहिले ८७ वटा सम्पदाको पुनर्निर्माण सकिएको बताए । उनले भने, 'हामीले यहाँ घुम्न आउने पर्यटकबाट उठाएको प्रवेश शुल्कले यहाँ क्षति पुगेका सम्पदाको पुनःनिर्माण गर्ने गरेका छौं ।'

*(क्लिकमान्डु २०७६ भदौ २९ गते बाट)*

# काठमाडौंका मेयर शाक्यसहितको टोली विदेशी पाहुना लिएर भक्तपुरमा

काठमाडौं महानगरपालिकाको निमन्त्रणमा आएको विदेशी पाहुना टोलीले भक्तपुरको सम्पदाको अवलोकन भ्रमण गरेको छ । आइतबार उक्त टोलीले भक्तपुरको भ्रमण गरेको हो ।



विश्व सम्पदा सूचीमा पर्ने भक्तपुरको दरबार स्क्वायर क्षेत्र लगायतमा विदेशी पाहुनाहरूले अभिरुचीपूर्वक अवलोकन भ्रमण गरेका हुन् । भारतको उत्तरी दिल्ली नगरपालिकाका प्रमुख सरदार अवतार सिंह त्यसैगरी भुटानको थिम्पु नगरका प्रमुख किन्ले दोर्जीलगायत विभिन्न देशका नगर प्रमुखहरू भक्तपुर भ्रमणमा सहभागी भएका थिए ।

भारतको उत्तरी दिल्ली नगरपालिकाका प्रमुख सरदार अवतार सिंह भक्तपुरको सम्पदा अवलोकनबाट औधी खुशी देखिए । उनले यहाँका सम्पदाबारे आफ्नो नगरवासीलाई बताउने बताए ।

सङ्ग्रहालयको अवलोकनपछि उत्साहित हुँदै उनले नेपाल भ्रमण बिना भ्रमण पूरा नहुने प्रष्ट पारे । नेपाल भ्रमण वर्ष २०२० को सफलताको कामना गर्दै उनले आफ्ना नगरवासीलाई नेपाल भ्रमण गर्नुपर्ने कारणबारे जानकारी गराउने बताए ।

यस्तै भुटानको थिम्पु नगरका प्रमुख किन्ले दोर्जीले पनि भक्तपुरको संस्कृतिबाट आफू प्रभावित भएको बताए । उनले सम्पदा संरक्षण र विकासमा नगरले देखाएको तदारुकता र प्राप्त गरेको प्रगतीप्रति खुलेर प्रसंशा गरेका थिए ।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य, उपप्रमुख हरिप्रभा खड्गीसहितको काठमाडौं महानगरको टोली विदेशी पाहुनाहरू लिएर भक्तपुरको सांस्कृतिक सम्पदाको भ्रमण गर्न आइपुगेका थिए । उनीहरूलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीसहितको टोलीले स्वागत गर्नुको साथै सम्पदा अवलोकन गराएको थियो ।

*(भक्तपुर पोष्ट, २०७६ भदौ ३० बाट)*

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**ब्यासी, भक्तपुर**

BHAKTAPUR MUNICIPALITY

## डेङ्गु रोगबारे सूचना


गर्मी र वर्षाको कारण लामखुट्टेमार्फत डेङ्गु रोग फैलिने हुँदा विशेष ध्यान दिनुहुन सम्पूर्ण नगरवासीमा अनुरोध गरिन्छ ।

### डेङ्गु रोगसम्बन्धी सामान्य जानकारी

- डेङ्गु लामखुट्टेको टोकाइबाट सर्ने घातक रोग हो ।
- डेङ्गु भाइरसबाट सङ्क्रमित एडिस प्रजातिको पोथी लामखुट्टेको टोकाइबाट यो रोग सर्छ ।
- एक्कासि उच्च ज्वरो आउनु यसको पहिलो लक्षण हो ।
- डेङ्गुको रोगीको आँखा रातो हुने र दुख्ने, टाउको, पेट, जोर्नी र मांसपेसी दुख्ने, आलस्य हुने, वाकवाकी र वान्ता हुने र रगतमा पानीको मात्रा कम भई रक्तचाप कम हुने आदि लक्षण देखिन्छ ।
- डेङ्गु रोगबाट सानासाना बालबालिका बढी प्रभावित हुन्छन् ।

### ध्यान दिनुपर्ने कुराहरू

- आफ्नो घर वरिपरि सफा राखौं ।
- आफ्नो घर वपरिपरि पानी जम्ने गमला, फूलदानी, खाली बट्टालगायतका भाँडाकुँडा घर आँगनमा नराखौं ।
- आफू बसेको घर वरिपरि पानी जन्म नदिऔं ।
- डेङ्गु रोगबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिन उपयुक्त उपाय अपनाऔं ।



**Henry Ambrose Oldfield's**

# SKETCHES FROM NIPAL 41

The Government of Nipal remained in the hands of Bahadur Sah as Regent until 1795, when his nephew Ran Bahadur, who during his minority was purposely kept in a state of profligacy and ignorance, suspecting a design on the part of his uncle to keep him in per- petual pupilage, if not actually to usurp the crown, suddenly threw him into prison, and in prison he died a few days afterwards, it is supposed by his nephew's hand. Ran Bahadur ascended the throne, and assumed the management of the State, at the age of twenty, in 1795. He had two wives. His first and senior, the Maharani, was a daughter of the Gulmi Rajah. She was a virtuous and high-minded princess, but unfortu- nately was childless. She was soon neglected by the King, and her bed deserted. His second wife was the daughter not of a Rajput, but of a Parbattiah Chatri, and she bore him one son only, Ranudat Sah, who was the legitimate heir to the throne.* In addition to these two Ranis, Ran Bahadur had an amour with a girl, the daughter of a Brahman, but to whom he was not, and by the laws of caste could not be, married; by her he had a son in 1795, necessarily illegitimate, but whom he afterwards adopted as his heir, in exclusion of his legitimate son by his junior wife.

Ran Bahadur remained on the throne, ruling with great tyranny and guilty often of the most violent and atrocious acts, until 1800, when, as he was decidedly insane, he was compelled to abdicate, by his all- powerful and able minister Damudar Pandi, backed by the whole of the priesthood, who were bitterly hostile to the King, in consequence of various outrages which he had perpetrated against their sacred body and religion, on the occasion of his Brahman paramour having poisoned herself, after recovering from an attack of smallpox, when she found that she had lost her beauty, and with it her influence over the King.** Having adopted his illegitimate son, Garwan Jodh Bikram Sah, Ban Bahadur abdicated in his favour and retired to Benares. The bastard prince, then aged between four and five, was placed on the throne, and all ranks swore allegiance to him. To reconcile the younger Rani to the supersession of her own son, Ranudat Sah, who was considered by many to be the only legitimate heir to the throne, she herself was appointed Regent, and her child, the young prince, aged six, was nominated Chautara, or head adviser to the Crown. Chautara Sher Bahadur Sah (illegiti- mate son of Partab Singh, by a Niwar woman, and consequently half-brother to Ran Bahadur) was also appointed guardian and Regent for this juvenile minister (the Rani and Sher Bahadur being joint- Regents). Damudar Pandi and Bim Sah Chautara were the leading ministers. The Maharani, or senior, but childless, Rani, accompanied Ran Bahadur to Benares and remained with him there for some time, but she was so insulted and maltreated by him that she soon became anxious to return to Nipal, not only to escape from the tyranny of her husband, but that she might establish her lawful

(* His legitimacy is questionable, in conse- quence of his mother not being a Rajput, and the royal family can marry only Rajput's. In this view, both Ban Bahadur's children — Banudat Sah, as well as Garwan Jodh Bahrain bah — were illegitimate; and it was in conse- quence of fearing that, after his death, both of them might be set aside in favour of Palmadan Sah's child (who, as Prithi Narayan's own nephew, was unquestionably the legitimate heir to the throne), that Ban Bahadur destroyed the eye-sight of this young child by pouring the milky juice of the cactus into his eyes.)

(* *On this occasion Ban Bahadur vented his rage on the temples and images of Devi, or Parvati, in several parts of the valley. Some temples to the goddess in the neighbourhood of Sam-bhunath, one or two near, but not in, Pashupatinath, and the large temple to Devi, known as Talleju, adjoining the Darbar in Kathmandu, were desecrated and defiled by him in every conceiv- able way. The shrines were covered with human excrement and all sorts of filth, and worship in these temples forbidden. No one dared oppose the violence of the King, and the shrines and temples remained defiled and unworshipped till after his abdica- tion, when they were purified and reopened for general worship.

The story about his battering down the temples at Pashupati with artillery, Ac., as given by Smith, is mere fiction. The temple at Pashpatinath is devoted to Siva; the King's fury was wreaked solely upon lose in honor of Devi.)

right of being Regent for the young Rajah, in place of the younger Rani who had usurped that office. The ex-Rajah in retiring was accompanied by young Bhim Sen, who at that time occupied almost a menial appointment about the royal person, and several chiefs and followers of the Thappa party. The Rajah was very well treated by the British Government, who appointed Captain Knox as his Political Agent, and advanced considerable sums of money at different times to defray the expenses of himself and his attendants.

The presence of the ex-Rajah in our territories made the Nipalese once more willing to enter into terms of alliance with the British Government. They were apprehensive that, without the restraint of a treaty on our part, we might seize the first occasion to employ our power in reinstating Rajah Ran Baha- dur on the throne. A "Treaty of Commerce and Alliance" was accordingly formed in 1801, and by the terms of it the Darbar agreed to receive a permanent British Resident at Kathmandu. In this treaty, as in that of 1792, political considerations were made sub- ordinate to those of commerce. The chief points insisted on were — first, the encouragement and protec- tion of the trade through Nipal, between India and Tibet; secondly, the repayment by the Darbar of the gums of money which the British Government had advanced to Ran Bahadur, when at Benares; and thirdly, an arrangement for the settlement of boundary disputes, and the surrender of Dacoits, Thugs, and other fugitives whom we were unable to secure in conse- quence of their having hitherto always found an asylum in the territories of Nipal. In accordance with this treaty Captain Knox was appointed as British Resident at the Court of Nipal. Considerable delay occurred between the time of Knox's leaving Patna and his arrival at Nipal, in consequence of the constant quarrels and jealousies which arose among the deputies who were sent to meet him and escort him to the capital. At last, through the efforts of Damudar Pandi, these obstacles were removed, and Captain Knox arrived at Kathmandu in April 1802. He was accompanied by Dr. Buchanan Hamilton and two other officers.

Lachman Sah, son of Bim Sah Chautaria, and Karbir Pandi, son of Damudar Pandi, with a third Sardar, a son of a Nipal chief, were sent to Patna, to remain there as hostages for the proper- treatment of the British mission, and as pledges of the sincerity of the Nipalese government. While at Patna all their expenses were defrayed by the British Government, and they were treated with every mark of respect and consideration. At the time when Knox was despatched to Nipal by Lord Wellesley, the Nipalese had not com- pleted the conquest of Kamaon or the more westerly hills; the possessions of Nipal then were very nearly the same as they are now, except that at present she holds Doti, which at that time was an independent state. Knox was accredited to the junior Rani as Regent, and on his arrival, Damudar Pandi was the First Minister of State. He was a man of talent, firmness, and moderation; these qualities, added to the reputation of personal courage and gallantry as a soldier, gave him great influence, not only over the Rani, but in the councils of the State. His col- leagues — Bim Sah Chautaria, who was Governor of Kamaon in the war of 1814—15, and Gajraj Misr — were able and moderate men. These three ministers were all openly in favour of the British alliance; yet their characters for honesty stood so high that they were never suspected, even by the Nipalese, of any political corruption. Captain Knox wished to take all three ministers into the pay of the British; but they set too high a value on their own, as wgll as their country's, independence to be induced to consentto the proposal.

For some months after his arrival, all Knox's efforts to obtain the signing of the treaty were unsuccessful. He was treated with courtesy, but not with confi- dence or cordiality, by the Darbar, who showed itself on that, as it always has on every other, occasion to be averse to actual treaties, or intimate connections with the British, looking on such relations as the first step to the loss of national independence. At last, however, news arrived that the senior Maharani had left the ex-king at Benares, and was actually on the frontier. This brought matters to a crisis; for, as the Maharani was known to have a strong party, among the Thappas, in her favour at the capital, the Regent Rani was fearful that the British might espouse her cause if any slight were shown to Captain Knox; she, therefore, at length formally received and ratified the treaty of alliance which Knox had brought to Nipal.

**(To be continued)**

# नेपालको संविधान २०७२ (४८)

भाग – ३४

## परिभाषा र व्याख्या

**३०६. परिभाषा र व्याख्या :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा,–

(क) "अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका,विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

(ख) "कानून" भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ ।

(ग) "धारा" भन्नाले यस संविधानको धारा सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेत सम्झनु पर्छ ।

(ङ) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले यस संविधान बमोजिम संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको क्षेत्र र स्वरूप सम्झनु पर्छ ।

(छ) "पारिश्रमिक" भन्नाले तलब, भत्ता र अन्य कुनै किसिमको पारिश्रमिक तथा सुविधा समेत सम्झनु पर्छ ।

(ज) "राज्यशक्ति" भन्नाले राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी अधिकार सम्झनु पर्छ र सो शब्दले अवशिष्ट अधिकार समेतलाई जनाउँछ ।

(झ) "विधेयक" भन्नाले संघीय संसद वा प्रदेश सभामा पेश भएको संविधान संशोधन वा ऐनको मस्यौदा सम्झनु पर्छ ।

(ञ) "संघ" भन्नाले संघीय संरचनाको सबैभन्दा माथिल्लो इकाइको रूपमा रहने संघीय तह सम्झनु पर्छ ।

(ट) "संघीय इकाइ" भन्नाले संघ, प्रदेश र स्थानीय तह सम्झनु पर्छ ।

(ठ) "संवैधानिक निकाय" भन्नाले यस संविधान बमोजिम गठन गरिएका अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग सम्झनु पर्छ ।

(ड) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

(ढ) "स्थानीय तह" भन्नाले यस संविधान बमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ ।

(२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही कानूनको व्याख्या सम्बन्धी कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ ।

भाग – ३५

## संक्षिप्त नाम, प्रारम्भ र खारेजी

**३०७. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस संविधानलाई "नेपालको संविधान" भनिनेछ ।

(२) यो संविधान संवत् दुई हजार बहत्तर साल असोज महीनाको तीन गतेदेखि प्रारम्भ हुनेछ ।

**३०८. खारेजी :** नेपालको अन्तरिम संविधान, २०६३ खारेज गरिएको छ ।

(समाप्तः)

तपाईंको भान्छा

# यस्ता छन् जौका फाइदा

जौ अति नै पोषणयुक्त अन्न हो । यसलाई टुसा उमारेर, पकाएर, उसिनेर, भुटेर खान सकिन्छ । चिसो भएको बेला तातो तरकारी र दालको झोलमा जौको पिठो हालेर खानाले राम्रो पोषण दिन्छ । यसले खानेकुराको स्वाद त बढाउँछ नै, रेशादार पदार्थ र तत्व तामा, म्याग्नेसियम र फस्फोरसजस्ता सूक्ष्म पोषण पनि पर्याप्त मात्रामा पाइन्छ । जौले शरीरको आन्द्रा स्वस्थ राख्नमा ठूलो भूमिका खेल्छ । यसमा रहेको रेशादार पदार्थले आन्द्रामा रहेको 'असल किटाणु' लाई रक्षा गर्छ साथै आन्द्राको क्यान्सर हुनबाट बचाउन पनि मद्दत गर्छ । जौमा रहेको पानीले अघुलनशील रेशादार पदार्थले शरीरमा खराब कोलेस्टेरोल (बोसो) घटाउन मद्दत गर्छ । अमेरिकन जर्नल अफ क्लिनीकल न्यूट्रिसनमा निस्किएको एक अनुसन्धानात्मक लेखमा जौमा रहेको रेशादार पदार्थको उपयोगिता देखाइएको छ । २५ जना व्यक्तिहरू (रजोनिवृत्ती भइसकेका महिला र केही पुरुष) हरूको भोजनमा जौको प्रयोग गरेपछि उनीहरूको रगतमा रहेको नराम्रो खालको बोसो घट्न गएको तथ्य पत्ता लाग्यो । साथै जौको प्रयोग मुटुको रोग भएका व्यक्तिहरूको लागि पनि लाभदायक हुने कुरा पनि अमेरिकामा प्रकाशित एउटा अनुसन्धानले देखाएको छ ।

रेशादार पदार्थ बाहेक जौमा भिटामिन 'बी' को पनि पर्याप्त मात्रामा पाइन्छ, जसले शरीर स्वस्थ पार्न ठूलो भूमिका खेल्छ । रजोनिवृत्ती भइसकेका महिलाहरूको लागि विभिन्न समस्या रोक्न जौ एउटा राम्रो भोजन मानिन्छ ।

मुटुको धमनीहरूमा पाइने बोसोको उपस्थितिमा घटाउन पनि जौले भूमिका खेल्छ । जौ र अन्य अन्नहरू (जो सकेसम्म प्राकृतिक रूपमा प्रयोग गरिन्छन्) जस्तो नफलेको चामल, आटा, कोदो, मकै आदि अन्नहरू म्याग्नेसियम पाइने उत्तम स्रोत हुन् । यसले शरीरमा चिनीको मात्रालाई उचित ठाउँमा राख्न मद्दत गर्छ र मधुमेहका बिरामीहरूलाई पनि सहायता पुऱ्याउँदछ । केवल रेशादार पदार्थमात्र होइन विभिन्न किसिमका अन्य सूक्ष्म पोषण भएको कारणले जौ एउटा उत्तम भोजन हो । तर अन्यमा जस्तै जौमा रहेको पौष्टिक तत्वहरू नष्ट नहोस् भनेर ध्यान पुऱ्याउनु पर्छ । जौको मैदा बनाए त्यसमा रहेका पौष्टिक तत्वहरू त सबै नष्ट हुन्छ जबकी च्याख्ला वा आटा बनाएर खाँदा प्रायः पौष्टिक तत्वहरू नष्ट हुन पाउँदैन ।


- डा.अरूणा उप्रेती

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७६ भदौ महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अपांग | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | ३५५ | २०८ | ६२ | २२ | १५ | २९ | ९ | १४ | १३ | ८ | ० | ० | ० | २ | ५ | १ | ६ | १ | ५ | ११ | ० |
| २ | रजनी सुवाल जरेजू | ४०० | १३२ | ४२ | २३ | २१ | १४ | १२ | १० | १ | ७ | ० | ० | ० | ० | १ | ३ | ३ | ० | १ | ३ | ३ |
| ३ | अनु गोसाई | ५८६ | १३७ | ६२ | २२ | ० | ३४ | ९ | ० | ६० | ८ | १ | २ | ० | ० | २ | ४ | ० | ३ | १० | ४१ | ४ |
| ४ | विमला कुम्पाख | ४१० | १३० | ५० | २९ | २२ | २५ | ८ | ९ | ५ | ५ | ० | ० | ० | ० | २ | १ | ० | २ | ४ | १३ | २ |
| ५ | मञ्जु छुकां | ३०४ | ५२ | २८ | १६ | ० | ० | १० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ९ | २ |
| ६ | सृजना बोहजू | २७५ | ४४ | २५ | ११ | १३ | ० | ४ | ० | ८ | ३ | ३ | ० | ० | ५ | ४ | ० | ० | ८ | ० | ६५ | ५ |
| ७ | सुमित्रा राजचल | ८३३ | १७२ | ५३ | ४४ | ३५ | ५० | ० | ० | १९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २७ | ० |
| ८ | सरिता गोसाई | १८० | ३० | १२ | ५ | ७ | ४ | ० | ० | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ७ | १ |
| ९ | सविना दुवाल | १३० | ५८ | ३० | १० | १६ | ४ | ६ | १० | २ | १ | ० | ० | ० | ० | २ | १ | ८ | ० | ० | ५ | ३ |
| १० | मोनिका पही | ३०० | ३७ | २३ | ८ | ० | ० | ५ | १५ | ० | ० | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | १५ | २ |

संकलन - कमल केशरी राजचल

# आ.व. २०७६/७७ भाद्र महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३१४ | ३६२ | ३२३ | २०५ | २६३ | २५८ | ३७१ | २०६ | २१० | २०० | २०३ | २०७ | १५६ | २१४ | १६२ | १६७ |
| ■ सार्क तथा चिनियाँ | २५५ | ३३३ | २८३ | ३१९ | १९० | २६२ | ३७६ | १४२ | १३८ | २५९ | १८१ | १३७ | २१४ | २३३ | १५८ | १३६ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १२४ | १७४ | १६६ | १२४ | २७३ | २०९ | २६७ | २२४ | २६२ | ३०१ | २८० | ३४१ | २९० | २८१ | २३२ |
| ■ सार्क तथा चिनियाँ | १४३ | १६३ | ८९ | १२३ | ३८१ | ७७ | २१८ | १६५ | २८१ | २७७ | ४४१ | ३०७ | २०३ | २२२ | १५७ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ भाद्र | ७,३६९ | ६,८६३ | १४,२३२ |
| २०७५ भाद्र | ८,०९४ | ७,६१४ | १५,७०८ |
| प्रगति | –७२५ (–८.९६%) | –७५१ (–९.८६%) | –१,४७६ (–९.४०%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादककाे पृष्ठ

# भक्तपुर नपाले गर्न नहुने काम के गऱ्यो ?

नेपालको संविधानअनुसार र सङ्घीयताको मर्मअनुसार आजको देश तीन तहका सरकारहरूले चलाउँछ – केन्द्र, प्रदेश र स्थानीय तह। तिनीहरूको कार्य क्षेत्र, अधिकार र कर्तव्य कानुनमा व्यवस्था गरिएका छन्। सबैले आ–आफ्नो दायित्व इमानदारी र प्रतिबद्धतापूर्वक निर्वाह गरेमात्र देश अगाडि बढ्छ र जनताले परिवर्तनको अनुभूति गर्नेछन्। तर जनताले परिवर्तनको अनुभूति गर्न पाइरहेका छैनन् र देश अगाडि बढेको दृष्टिगोचर भइरहेको छैन। यस्तो विडम्वनापूर्ण अवस्थामा देशका केही स्थानीय सरकारले आफ्नो क्रियाकलापलाई देश र जनतामा केन्द्रित गरी उदाहरणीय रूपमा अगाडि बढाइरहेका छन्। यसमा भक्तपुर नगरपालिकाको नाम अग्रपङ्क्तिमा आउँछभन्दा अतिशयोक्ति हुँदैन।

भक्तपुर नपाले एक स्वायत्त स्थानीय तह र स्थानीय सरकारको दायित्वलाई कर्तव्यबोध गरेर आफ्नो गतिविधिलाई अगाडि बढाइरहेको छ। तर त्यो गतिविधि केहीलाई अरुचिकर भएको संकेत विभिन्न पत्रपत्रिकामा आएका समाचारले दिएको छ।

भक्तपुर नपाले सल्लाघारीस्थित १०८ रोपनी जग्गाको संरक्षण गर्दा र भक्तपुर क्यान्सर अस्पतालको बेथितिलाई नियमन गर्दा कतिपयलाई इर्ष्या र डाहा भएको छ।

हिजो १०८ रोपनी जग्गा झन्डै बेवारिसे अवस्थामा थियो। त्यसको संरक्षण गर्नुपर्ने आवाज पटकपटक उठे पनि कतैबाट पहल भएको थिएन। त्यसैले 'जनताको सम्पत्ति' को संरक्षणको लागि स्थानीय सरकारले झन्डै १ करोड खर्चेर संरक्षण गऱ्यो। त्यसपछि इर्ष्या र डाहा प्रकट हुनथाल्यो।

त्यस्तै भक्तपुर क्यान्सर अस्पताल जनताको सेवा गर्ने थलोभन्दा भ्रष्टाचारको कारण बेथितिले डुब्नै लागेको थियो। जनताको सेवामा अवरोध नपुगोस्, संस्था नडुबोस् र कार्यरत कर्मचारीहरूको मनोबल नगिरोस् र सेवाभावमा कमी नआओस् भनेर व्यवस्थापनको जिम्मा भक्तपुर नपाले लिएको हो। यहाँ पनि केहीले निको नमानेको देखियो।

नेपालभाषामा एउटा उखान छ – 'थः वांसा तुति स्या, मेपुं वांसा प्वाः स्या' अर्थात आफू गए गोडा दुख्छ, अरु गए पेट दुख्छ।

यसरी सल्लाघारीको जग्गा र क्यान्सर अस्पतालको सन्दर्भमा भक्तपुर नपाले गर्न नहुने काम के गऱ्यो, देश र जनताको हितमा काम गर्नु के गलत हो ? यसले पर्यटक सेवा शुल्कको बन्दोवस्त गर्दाको घटना स्मरण हुन्छ। भक्तपुर नपाले पर्यटक सेवा शुल्कको व्यवस्था गर्दा शुरुमा केहीले यस्तै विरोध गरेको थियो। तर त्यही काम आज सबैको लागि उदाहरणीय र अनुकरणीय भएको छ। जग्गा संरक्षण र क्यान्सर अस्पतालको सन्दर्भमा पनि भोलि त्यस्तै हुने निश्चित छ।

सांसद प्रेम सुवाल च्याम्हासिंह द्वार शिलान्यास समारोहमा बोल्नुहुँदै

(२०७६ भदौ २१)




निर्माण सम्पन्न जेंला पुखु र उद्घाटन गर्नुहुँदै प्रमुख सुनिल प्रजापति (इन्सेट)

(२०७६ भदौ २१)



# हालै शिलान्यास गरिएको च्याम्हासिंह ध्वाकाको प्रारुप




चित्र-सम्पदा शाखा भ.न.पा.